पुष्करलालद्वारा प्रतिष्ठापित

# नेपाल समाचारपत्र

Pioneer Private Publication House · Established in Mangsir 15, 2041

newsofnepal.com

राष्ट्रिय दैनिक

शुक्रबार, असार १२, २०८३ | Thursday, June 26, 2026 | नेसं ११४६, तछलाथ्व १२ | वर्ष ३१, अंक १४५ | पृष्ठ ८ | मूल्य रू १०/–

ई IMAGE HD

# रास्वपामा मतगणना ढिलाइ

## खुला केन्द्रीय सदस्यमा स्वर्णिम पहिलो, पदाधिकारी निर्वाचनको कार्यतालिका धकेलियो




यदुप्रसाद भट्ट, काठमाडौं

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशनअन्तर्गत केन्द्रीय सदस्य पदको मतपरिणाम सार्वजनिक भएको छ। कुल ९९ सदस्यीय केन्द्रीय समिति गठनका लागि विभिन्न समावेशी समूह र प्रदेशबाट निर्वाचित हुने व्यवस्था गरिएको छ।

महाधिवेशनमा ३७९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। निर्वाचन समितिका अनुसार खुला तथा समावेशी समूहबाट ६४ जना र सात प्रदेशबाट पाँच/पाँच जनाका दरले ३५ जना निर्वाचित हुनेछन्। खुलातर्फ ३५ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन्। समावेशी समूहअन्तर्गत खस-आर्यतर्फ १० जना निर्वाचित हुनेछन्, जसमा ५ पुरुष र ५ महिला रहने व्यवस्था छ।

(क्रमशः पृष्ठ ५ मा)

### खुलामा कसको मत कति ?

१. डा. स्वर्णिम वाग्ले २६०७
२. सोविता गौतम २५९४
३. शिशिर खनाल २४९५
४. सागर ढकाल २३३३
५. तोसिमा कार्की २२५७
६. रञ्जु दर्शना २२४९
७. मनिष झा २२३७
८. हरि ढकाल २२१९
९. कविन्द्र बुर्लाकोटी २१८४
१०. विपिन आचार्य २१२६
११. रमेश प्रसाईं २१२३
१२. बिराजभक्त श्रेष्ठ २०९४
१३. निशा डाँगी २०८९
१४. इन्दिरा रानामगर २०४७
१५. गणेश पराजुली २०४५
१६. जगदीश खरेल (ललितपुर) २०४४
१७. पुकार बम २०३०
१८. यज्ञमणि न्यौपाने १९६९
१९. प्रमोद न्यौपाने १८९२
२०. सस्मित पोखरेल १८३३
२१. राजुनाथ पाण्डे १८१२
२२. रीमा विश्वकर्मा १८१०
२३. असीम साह १७२८
२४. खगेन्द्र सुनार १७०८
२५. राजीव खत्री १७०१
२६. समीक्षा बाँस्कोटा १६९९
२७. गणेश कार्की १६९३
२८. जगदीश खरेल (दोलखा) १५१३
२९. लिमा अधिकारी १५०४
३०. टीका संग्रौला १४९०
३१. शंकर श्रेष्ठ १४८४
३२. क्रान्तिशिखा धिताल १४७९
३३. आशिका तामाङ १४३०
३४. सुदीप ढकाल १४२९
३५. अनुष्का श्रेष्ठ १३५३

## पदाधिकारी निर्वाचनको कार्यतालिका धकेलियो

गीताञ्जली अधिकारी
चितवन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनअन्तर्गत केन्द्रीय सदस्य पदका लागि भएको निर्वाचनको अन्तिम मतपरिणाम अझै सार्वजनिक हुन नसक्दा पदाधिकारी निर्वाचनको कार्यतालिका धकेलिएको छ।

महाधिवेशनको निर्वाचन कार्यतालिकाअनुसार केन्द्रीय सदस्यको निर्वाचन सम्पन्न भएपछि पदाधिकारी पदका लागि उम्मेदवारी दर्ता, दाबी-विरोध तथा मतदान प्रक्रिया अघि बढाउने तयारी थियो। तर केन्द्रीय सदस्यहरूको अन्तिम परिणाम सार्वजनिक हुन बाँकी रहेकाले पदाधिकारी निर्वाचनको प्रक्रियासमेत प्रभावित भएको हो।

निर्वाचन समितिका अनुसार हालसम्म चितवनस्थित महाधिवेशनस्थलमा प्रतिनिधिहरूले विद्युतीय मतदान मेसिनमार्फत दिएको मतको परिणाम क्रमशः सार्वजनिक भइरहेको छ। विभिन्न प्रदेश र खुलातर्फका उम्मेदवारहरूले प्राप्त गरेको मत घोषणा गर्ने काम जारी रहे पनि प्रवास समितिबाट आएको मत अझै समावेश गरिएको छैन।

रास्वपाले देशभरका प्रदेश तथा प्रवासबाट सहभागी प्रतिनिधिहरूको मतलाई एकीकृत गरी अन्तिम नतिजा सार्वजनिक गर्ने तयारी गरेको जनाएको छ। त्यसैले हाल सार्वजनिक भइरहेका परिणामलाई प्रारम्भिक परिणामका रूपमा हेरिएको छ। प्रवासतर्फको मत जोडिएपछि मात्रै केन्द्रीय सदस्यहरूको आधिकारिक तथा अन्तिम मतपरिणाम सार्वजनिक गरिने सो पार्टीले जनाएको छ।

महाधिवेशनमा विद्युतीय मतदान प्रणाली प्रयोग गरिएकाले मतगणना छिटो हुने अपेक्षा गरिएको थियो। यद्यपि प्रवासतर्फको मत समायोजन र प्राविधिक प्रक्रियाका कारण अन्तिम परिणाम सार्वजनिक हुन केही समय लागेको निर्वाचन समितिको भनाइ छ।

(क्रमशः पृष्ठ ५ मा)

■ मनसुनजन्य विपद् घटनामा सावधानी

# १५ दिन खाद्यान्न अभाव नहुने व्यवस्था मिलाउन निर्देशन

ईश्वरराज ढकाल, काठमाडौं

मनसुन प्रतिकार्य कमाण्ड पोष्टको पहिलो बैठकले १५ दिनका लागि खाद्यान्न अभाव हुन नदिन निर्देशन दिएको छ। बुधवार बसेको बैठकले 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८३ को प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरेको हो।

यो वर्ष बढी खडेरी लागे पनि आकस्मिक बाढीपहिरो आउनसक्ने भएपछि सरकारले नयाँ रणनीति अपनाएको हो। उक्त कार्ययोजनाअनुरूप मासिक रूपमा प्राधिकरणमा प्रतिवेदन गर्न सम्बद्ध सबै निकायलाई निर्देशन दिएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाको अध्यक्षतामा बसेको बैठकले सम्भावित जोखिम रहेका क्षेत्र, खोलानाला, नदी र पानीको बहाव उच्च हुन सक्ने राष्ट्रिय राजमार्ग, स्थानीय सडक सञ्जालमा विपद्को गाम्भीर्यताबमोजिम आवश्यकताअनुसार सवारीसाधन सञ्चालनमा रोक लगाउन ७७ वटै जिल्ला सुरक्षा समितिलाई निर्देशन दिन गृह मन्त्रालयलाई अनुरोध गर्ने निर्णय पनि गरेको छ।

बैठकले अवरोध भएका राजमार्ग र सडक तत्काल सञ्चालन गर्न आवश्यक पर्ने हेभी इक्युपमेन्ट चालकसहित चौबिसै घण्टा तयारीमा राख्न सडक विभाग, सातवटै प्रदेश र ७ सय ५३ वटै स्थानीय सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ।

खोज, उद्धार तथा राहतमा प्रयोग हुने न्यूनतम सामग्रीहरू तयारी अवस्थामा राख्न स्थानीय सरकारलाई अनुरोध गर्ने, समयमै अन्तरदेशीय विपद्सम्बन्धी पूर्वसूचना प्राप्त गर्न कूटनीतिक पहलका लागि परराष्ट्र मन्त्रालयलाई अनुरोध गर्नेलगायतका निर्णय गरेको छ।

बैठकले जल तथा मौसम विज्ञान विभागको मौसम तथा बाढी पूर्वानुमान महाशाखा मनसुन अवधिभर सातैदिन चौबिसै घण्टा सञ्चालन गर्ने प्रबन्ध मिलाउन विभागलाई अनुरोध गर्ने, भारत सरकारको प्रतिबद्धताअनुसार आउन बाँकी बेलिब्रिजका लागि आवश्यक पहल गर्न परराष्ट्र मन्त्रालयलगायत सम्बन्धित निकायमा अनुरोध गर्ने, खोज तथा उद्धार सामग्रीको अभाव हुन नदिन निजी क्षेत्र, संघ, संस्था, नागरिक समाजलगायतसँग सहकार्य गरी ड्रोन एसोसियसन, नेपाल एसोसियसन अफ ऱ्याफिटङ् एजेन्सीलगायतलाई अनुरोध गर्ने निर्णय गरेको छ।

मौसम विज्ञान विभागका अनुसार यो वर्ष नेपालमा औसत समयभन्दा ६ दिन ढिलो गरी प्रवेश गरेको यस वर्षको मनसुनी प्रणाली देशको पूर्वी तथा मध्य भूभागमा विस्तार भएको छ। केही दिनमा देशभर मनसुन फैलिएसँगै भारी वर्षाको सम्भावना छ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाका अनुसार कोशी प्रदेशबाट ढिलो गरी शुक्रबार नेपाल भित्रिएको मनसुन चार प्रदेशमा विस्तार भएको हो। महाशाखाका अनुसार हाल मनसुन कोशी प्रदेशको सम्पूर्ण भूभाग, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेशका केही भूभाग तथा लुम्बिनी प्रदेशको पूर्वी क्षेत्रसम्म फैलिएको छ। यद्यपि मनसुनी प्रणाली अझै कमजोर अवस्थामै रहेकाले देशका बाँकी क्षेत्रमा विस्तार हुन केही दिन लाग्ने सम्भावना रहेको छ।

मौसमविद्हरूले यो वर्षको पहिलो ठूलो वर्षा सम्भवतः आइतवारबाट हुने सम्भावना रहेको जनाएका छन्। त्रिभुवन विश्वविद्यालय जल तथा मौसम विभागका प्राध्यापक दीपक अर्यालले आउँदो हप्ता ठूलो वर्षा हुने सम्भावना रहेको जानकारी दिनुभयो। मनसुनको प्रभाव विस्तार भएसँगै पूर्वी तथा मध्य नेपालका विभिन्न स्थानमा वर्षा हुने क्रम सुरु भएको छ।

महाशाखाले मनसुनी प्रणालीको निरन्तर अनुगमन भइरहेको जनाएको छ। मौसमसम्बन्धी अद्यावधिक जानकारी तथा आगामी तीन दिनको मौसम बुलेटिन नियमित रूपमा हेर्न र आवश्यक सतर्कता अपनाउन सर्वसाधारणलाई पटक पटक आग्रह गरिरहेको छ।

मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको छ। विभागका अनुसार यसवर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेस प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुनेछ।

(क्रमशः पृष्ठ ५ मा)

# बजेटमा स्थानीय तहको अनुशासन, २९ तह कारबाहीको घेरामा

- देशभर ७४९ स्थानीय तहले समयमै बजेट पेश गर्दा ४ गाउँपालिका र १५ नगरपालिका चुके
- समयसीमा उल्लंघन गर्ने स्थानीय तहको समानीकरण अनुदानमा अंक कटौती हुने

सुनील महर्जन, काठमाडौं

स्थानीय सरकारको दोस्रो कार्यकाल अन्त्यतिर पुग्दा ७ सय ५३ स्थानीय तहमध्ये ७ सय ४९ गाउँपालिकाले बजेट निर्माणमा अनुशासन देखाएका छन् भने केहीले अझै नेतृत्व र प्रशासनिक व्यवस्थापनको कमजोरी देखाएको पाइएको छ।

देशभरका ४ वटा स्थानीय तहले मात्र तोकिएको समयमा बजेट पेश गर्न नसकेको हो। स्थानीय तहको पहिलो र दोस्रो कार्यकालको विगत चार वर्षको तुलनामा बजेट पेश नगर्ने स्थानीय तहको संख्या यो नै सबैभन्दा कम हो। स्थानीय तहको दोस्रो कार्यकालका जनप्रतिनिधिको यो पाँचौं अर्थात् अन्तिम नीति तथा कार्यक्रम र बजेट हो।

स्थानीय तह सरकार सञ्चालन ऐन २०७४ दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको अनुमानित बजेट असार १० गतेभित्रमा कार्यपालिकाबाट स्वीकृति गराई नगरसभामा पेश गर्नुपर्ने प्रावधान रहेको छ। त्यसैगरी अन्तर-सरकार वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) मा अनुसार गाउँ कार्यपालिका र नगर कार्यपालिकाले स्थानीय तहले प्रत्येक वर्ष असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा/नगरसभामा पेस गर्नुपर्ने व्यवस्था छ। त्यसरी पेश गरेको बजेट असार मसान्तसम्ममा नगरसभा र गाउँसभाबाट पारित गर्नुपर्ने छ। श्रावण १ गतेबाट बजेट कार्यान्वयन सुरु हुन्छ।

(क्रमशः पृष्ठ ५ मा)

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- ☑ सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- ☑ सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- ☑ सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ☑ ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- ☑ अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- ☑ जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भेनेजुएलामा विनाशकारी दोहोरो भूकम्प

## मृतकको संख्या १६४ पुग्यो, भग्नावशेषमा जीवितको खोजी जारी

काराकास, (एजेन्सी)

दक्षिण अमेरिकी राष्ट्र भेनेजुएला यतिबेला एक शताब्दीभन्दा बढी अवधिपछिको सबैभन्दा ठूलो प्राकृतिक विपत्तिसँग जुधिरहेको छ। बुधवार साँझ ७.२ र ७.५ म्याग्निच्युडका दुई शक्तिशाली भूकम्प लगातार आएपछि मृत्यु हुनेको संख्या कम्तीमा १६४ पुगेको छ भने ९७१ भन्दा बढी व्यक्ति घाइते भएका छन्। उद्धारकर्मीहरू भत्किएका भवनका भग्नावशेषमा पुरिएकाहरूको खोजीमा रातदिन खटिएका छन्। अधिकारीहरूले मृतकको संख्या अझै बढ्न सक्ने बताएका छन्।

कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजका अनुसार राजधानी काराकास, ला ग्वाइरा, काराबोबो, अरागुआ र मिरान्डा प्रदेशमा व्यापक क्षति पुगेको छ। विशेषगरी ला ग्वाइरा क्षेत्रमा सयौं भवन पूर्णरूपमा ध्वस्त भएका छन् भने हजारौं परिवार विस्थापित भएका छन्। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले सार्वजनिक गरेको विवरणअनुसार भूकम्पका कारण हजारौं मानिस अझै सम्पर्कविहीन छन्।

अमेरिकी भूगर्भ सर्वेक्षणका अनुसार दुवै भूकम्प ३९ सेकेन्डको अन्तरमा आएका थिए। भूकम्पको केन्द्रबिन्दु काराकासबाट करिब १६० किलोमिटर पश्चिमतर्फ मोरोन क्षेत्र आसपास रहेको थियो। विज्ञहरूले यसलाई सन् १९०० यताकै सबैभन्दा शक्तिशाली भूकम्पमध्ये एक बताएका छन्।

काराकासका विभिन्न क्षेत्रमा उद्धार टोलीहरूले भारी उपकरण, खोजी कुकुर तथा अत्याधुनिक स्क्यानिङ उपकरण प्रयोग गरेर जीवित व्यक्तिको खोजी गरिरहेका छन्। सामाजिक सञ्जाल र स्थानीय टेलिभिजनमा प्रसारित दृश्यहरूमा उद्धारकर्मीहरू भत्किएका बहुउद्देश्यसीय भवनका अवशेष हटाउँदै मानिसहरूलाई निकाल्ने प्रयास गरिरहेको देखिन्छ।

धेरै परिवारजन अस्पताल, राहत शिविर र दुर्घटनास्थलमा आफ्ना आफन्तको खोजीमा भौतारिरहेका छन्।

(क्रमशः पृष्ठ ५ मा)

**विज्ञापन रकम भुक्तानी बारे अत्यन्त जरुरी सूचना**

यस **कामना न्यूज पब्लिकेसन्स् प्रा. लि.** द्वारा प्रकाशित लोकप्रिय राष्ट्रिय दैनिक नेपाल समाचारपत्र, कामना र newsofnepal.com मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरुले विज्ञापन प्रकाशित गरेबापतको बाँकी बक्यौता रकम यही **मिति २०८३ असार २५ गतेसम्म** भुक्तानी गर्नुहुन सूचित गरिन्छ । हिसाब मिलान गर्न बाँकी रहेका विज्ञापनदाताहरुले यही **असार २०** गतेसम्म यस संस्थाको लेखा शाखामा उपस्थित भई आ-आफ्नो हरहिसाब मिलान गर्नुहुन सूचित गरिन्छ । यदि तोकिएको मितिभित्र भुक्तानी नभएमा र हिसाब मिलान नगरिएमा यस संस्थाबाट दिइँदै आएको सुविधा दिन बाध्य नहुने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.**
सम्पर्क : ०१-५३१९६२२

# अभिवादन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

**महालक्ष्मी न.पा. ५, ललितपुर**
**फोन नं. ०१-५७०९०५५/०१-५९००९६९**
**Email: abhibadancoop@gmail.com**

## कर्जा चुक्ता भुक्तानी गर्न आउने साथै धितोमा रहेको सम्पत्ति लिलाम विक्रि सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति २०८३ साल असार १२ गते शुक्रबार**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न प्रयोजनको लागी लिनु भएको कर्जाको यस सहकारी संग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, व्याज, अतिरिक्त व्याज र अन्य दस्तुर आदि तिरी बुझाई नसकेकाले सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उलंघन गर्नु भएकोले सहकारीको सम्पुर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गरेको र सो गर्दा समेत सहकारीको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपशीलमा उल्लेखित ऋणीको नाममा कर्जा चुक्ता गर्न आउनु अन्यथा कानुन बमोजिम लिलाम विक्रिको निमित्त यो **३५ दिने सूचना प्रकाशित** गरिएको छ। ऋणी विना नगरकोटीको हकमा यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र यस सहकारीमा सम्पर्क राखी लिएको कर्जाको साँवा, व्याज, अतिरिक्त व्याज र अन्य दस्तुर समेत चुक्ता गर्नुहोला। अन्यथा यस सहकारी ऐन २०७४, सहकारी ऐन २०७५ संस्थाको विनियम, संस्थाको ऋण लगानी तथा असुली निति तथा प्रचलित नियम कानुन बमोजिम सम्बन्धीत ऋणीको चल अचल सम्पत्ती रोक्का राखी, चल अचल सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अबस्थामा गोप्य सिल्बन्दी बोलपत्रबाट लिलाम बिकी गरी संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने सुचित गरिन्छ। ऋणी सोनि विष्टको हकमा मिति २०८३ साल बैशाख १८ गते शुक्रबारका दिन नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना फोटो सहितको तीन पुस्ते विवरण र नाम प्रकाशित गर्दा समेत तिर्नू पर्ने कर्जाको रकम चूक्ता गर्ने तर्फ कूनै चासो पहल नगर्नू भएकोले छिटो भन्दा छिटो कर्जा चूक्ता गर्नू हून तपशिलमा उल्लेखित गरिएका ऋणी तथा जमानी एवं सम्बन्धित सबैका लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको जानकारी गराईन्छ। यो सूचनाको समेत वेवास्था गरी चासो नदेखाई बसेमा धितो सूरक्षण बापत तपाईले यस सहकारी संस्थाको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन, नियमावली, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति र अन्य सम्बद्ध ऐन, कानुनले दिएको अधिकार प्रयोग गरी धितो रहेको सम्पत्ति (जग्गा) लिलामी मार्फत बेचबिखन गरिने व्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। साथै धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम बिकीबाट संस्थाको सम्पूर्ण बाँकी बक्यौता असुल उपर नभएमा असुल हुन बाँकी रकमको हदसम्म कानुन बमोजिम ऋणीको अन्य जायजेथा र जमानीकर्ताको घरघराना तथा जायजेथा बाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत यसै सूचना द्धारा सुचित गरिन्छ।

**तपशिल**

| ऋणीको ठेगाना नाम तिनपुस्ते विवरण | ऋणीको फोटो | व्यक्तिगत जमानत दिनेको ठेगाना नाम तिनपुस्ते विवरण | धन जमानी दिनेको फोटो |
|---|---|---|---|
| १) बागमती अञ्चल ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं. ९ मा बसोबास गर्ने श्री लंक बहादुर नगरकोटीको बुहारी श्री राज कुमार नगरकोटीको श्रीमती (ना.प्र.न २८-०१-७१-०५४४५, ललितपुर) वर्ष ३२ को **विना नगरकोटी** | | बागमती अञ्चल ललितपुर जिल्ला बडिखेल गा.वि.स. वडा नं. ७ मा बसोबास गर्ने कृष्ण बहादुर नगरकोटीको नाती श्री लंक बहादुर नगरकोटीको छोरा (ना.प्र.न २५५०, ललितपुर) वर्ष ३८ को **राज कुमार नगरकोटी** | |
| **धितोको विवरण:** मालपोत कार्यालय ललितपुरमा विना नगरकोटीका नाममा जग्गा दर्ता कायम रहेको ललितपुर जिल्ला बडीखेल गा.वि.स.वडा नं. ५ नक्सा सिट नं.५'घ'को कित्ता नं. ८८ क्षेत्रफल १-५-०-०को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत। | | | |
| २) बागमती अञ्चल काठमाडौं जिल्ला मच्छेगाउँ वडा नं. ५ मा बसोबास गर्ने श्री कृष्ण बहादुर बिष्टको बुहारी श्री निरन्जन बिष्टको श्रीमती (ना.प्र.न १०५१/८५४४७, काठमाडौं) वर्ष ४५ को **सोनि बिष्ट** | | बागमती अञ्चल काठमाडौं जिल्ला मच्छेगाउँ वडा नं. १ मा बसोबास गर्ने भैरव बहादुर बिष्टको नाती कृष्ण बहादुर बिष्टको छोरा (ना.प्र.न ५१२६/५६०/२९६१, काठमाडौं) वर्ष ५६ को **निरन्जन बिष्ट** | |
| **धितोको विवरण:** मालपोत कार्यालय काठमाडौंमा सोनि बिष्टका नाममा जग्गा दर्ता कायम रहेको काठमाडौं जिल्ला मच्छेगाउँ गा.वि.स.वडा नं. ५ नक्सा सिट नं.५'ग'को कित्ता नं. ४६२ क्षेत्रफल ०-३-०-० र को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत र मालपोत कार्यालय काठमाडौंमा महालक्ष्मी गुठीका नाममा जग्गा दर्ता कायम रहेको काठमाडौं जिल्ला फर्पिङ भिमसेनस्थान गा.वि.स.वडा नं. ७ नक्सा सिट नं.७'च'को कित्ता नं. १ क्षेत्रफल १-१५-०-० को जग्गा तथा सो ले चर्चेको लिगलगापातमा मोही सोनि बिष्टको हकहिस्सा मात्र। | | | |



रिलायबल सामूहिक लगानी कोष
Reliable Mutual Fund
अन्तर्गत संचालित

# रिलायबल समृद्धि योजना

**धितोपत्र सम्बन्धि ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम**
**(नेपाल धितोपत्र बोर्डबाट २०८१/११/१९ मा योजना संचालन अनुमति प्राप्त)**
**२०८२/०१/१९ देखि २०९२/०१/१८ सम्म अवधि भएको १० वर्षे योजना**

## २०८३ जेठ मसान्तको अपरिष्कृत वित्तीय विवरण

**खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण**

| क्र.स. | विवरण | यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.) | गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.) |
|---|---|---|---|
| **क. धितोपत्रमा तथा अन्य लगानी** | | | |
| सुचीकृत धितोपत्रमा लगानी | | | |
| क्र.स. | विवरण | मूल्य (रु.) | मूल्य (रु.) |
| १ | शेयर | १,११६,४९८,६८९.६० | १,११४,१२४,१७५.६० |
| २ | ऋणपत्र/बन्ड | ३२,९६३,१६०.०० | ३२,९६३,१६०.०० |
| सुचीकृत नभएको धितोपत्रमा लगानी | | | |
| १ | शेयर | ४,९४४,८००.०० | ४,४२१,१६४.०० |
| २ | बैंक मुद्दती निक्षेप | १००,०००,०००.०० | १००,०००,०००.०० |
| ३ | ऋणपत्र/बन्ड | - | - |
| | **जम्मा (क)** | **१,२५४,४०६,६४९.६०** | **१,२५१,५०८,४९९.६०** |
| **ख. चालु सम्पत्ति** | | | |
| १ | बैंक मौज्दात | ११४,१५८,६२५.६१ | ५७,०५६,५७३.५५ |
| २ | अन्य सम्पत्ति | २,६०५,०३४.९३ | ५५,३७०,६७४.७४ |
| | **जम्मा (ख)** | **११६,७६३,६६०.५४** | **११२,४२७,२४८.२९** |
| **ग. चालु दायित्व** | | | |
| क्र.स. | विवरण | मूल्य (रु.) | मूल्य (रु.) |
| १ | अन्य दायित्व | | |
| २ | भुक्तानी दिनुपर्ने शुल्क | ४,६५५,६३६.१४ | ३,१२९,६७४.८५ |
| | **जम्मा (ग)** | **४,६५५,६३६.१४** | **३,१२९,६७४.८५** |
| | **कुल सम्पत्ति (क+ख-ग)** | **१,३६६,५१४,६७४.००** | **१,३६०,८०६,०७३.०४** |
| १ | योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | ३,९३४,७९९.१४ | १,९६४,७८०.२७ |
| २ | कोष सुपरिवेक्षक शुल्क | २३१,४५८.७७ | ११५,५७५.३१ |
| | **खुद सम्पत्ति** | **१,३६२,३४८,४१६.०९** | **१,३५८,७२५,७१७.४६** |
| | **जम्मा इकाई** | **१२०,०००,०००.००** | **१२०,०००,०००.००** |
| | **प्रति इकाई खुद सम्पत्ति मूल्य** | **११.३५** | **११.३२** |

**२०८३ जेठ मसान्तको आय व्यय विवरण**

| क्र.स. | विवरण | यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.) | गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.) |
|---|---|---|---|
| **क. आय** | | | |
| १ | प्राप्त भई सकेको आम्दानी | १२८,३९४,२०६.१३ | १०२,३९०,३८२.९७ |
| २ | प्राप्त भई नसकेको आम्दानी/(नोक्सानी) | २२,४१०,१३६.८५ | ४२,६३७,०१९.३४ |
| | **जम्मा आम्दानी** | **१५०,८०४,३४२.९८** | **१४५,०२७,४०२.३१** |
| **ख. व्यय** | | | |
| १ | पूर्व संचालन खर्च | - | - |
| २ | वार्षिक नियमित खर्च | ६८१,३४७.३६ | ६२१,३१७.७० |
| ३ | लेखापरीक्षण शुल्क | ५१,५४५.०७ | ४६,७४६.५८ |
| ४ | योजना व्यवस्थापक शुल्क | १७,७६९,०९२.७७ | १६,०३०,८४०.८३ |
| ५ | डिपोजिटरी शुल्क | २,३४६,८४२.९४ | २,११५,०७६.०१ |
| ६ | कोष सुपरिवेक्षक शुल्क | १,०३४,८५८.७२ | ९१८,९७५.२६ |
| ७ | अन्य खर्च | १९,७२७.९६ | १६,२१६.३६ |
| | **जम्मा खर्च** | **२१,९०३,४१४.८२** | **१९,७४९,१७२.७४** |
| | **कुल आय/(व्यय)** | **१२८,९००,९२८.१६** | **१२५,२७८,२२९.५७** |

**नोटः**

१. सुचीकृत तथा सुचीकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८३ जेठ मसान्तसम्म गरेको लगानीको परल मुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शूल्क समेत रु.१,०५९,७७५,७२७।०० रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.reliablecapital.com.np मार्फत सार्वजनिक गरिएको छ।
४. हकप्रद शेयर र बोनस शेयरको हकमा शेयर दाखिल खारेज बन्द मितिको दिन गणना गरी प्राप्त हुने हकप्रद/बोनस शेयरलाई खुद सम्पत्तिमा समावेश गरिएको छ। सो हकप्रद/बोनस शेयर को मूल्याङ्कन प्रत्येक मसान्तमा कायम भएको अन्तिम मूल्यको आधारमा गरिएको छ।
५. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

**सुचिकृत धितोपत्र (शेयर) मा भएको लगानी विवरण**

| क्र.सं. | धितोपत्र | संख्या | जम्मा मूल्य (रु.) |
|---|---|---|---|
| **वाणिज्य बैंक समूह** | | | |
| १ | नेपाल बैंक लिमिटेड | ७९,७६७ | २१,४७३,२७६.४० |
| २ | कृषि विकास बैंक लिमिटेड | ८१,९८६ | २५,४०७,४६१.४० |
| ३ | एभरेष्ट बैंक लिमिटेड | २७,६६४ | १९,३६२,०३३.६० |
| ४ | ग्लोवल आई.एम.ई. बैंक लिमिटेड | ७८,१२० | १८,७४८,८००.०० |
| ५ | सानिमा बैंक लिमिटेड | ६१,४५१ | २२,२३९,११६.९० |
| ६ | स्टान्डर्ड चार्टड बैंक लिमिटेड | २९,४५९ | १९,१२१,८३६.९० |
| ७ | नविल बैंक लिमिटेड | ५५,५४६ | २९,६०६,०१८.०० |
| ८ | सिद्धार्थ बैंक लिमिटेड | ६३,०२४ | २५,१४६,५७६.०० |
| ९ | एनएमबि बैंक लिमिटेड | ४६,०६५ | ११,३०४,३५१.०० |
| १० | प्रभु बैंक लिमिटेड | १९,२१८ | ३,७३४,०५७.४० |
| ११ | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड प्रमोटर शेयर | ५,८४१ | ८४६,९४५.०० |
| १२ | माछापुच्छ्रे बैंक लिमिटेड | ८,११७ | २,००८,९५७.५० |
| १३ | नेपाल एसबिआई बैंक लिमिटेड | ८३,७८२ | ३३,१३५,७८१.०० |
| **विकास बैंक समूह** | | | |
| १ | गरिमा विकास बैंक लिमिटेड | ५४,३९१ | २२,२३५,०४०.८० |
| २ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ५७,९२८ | २१,७२३,०००.०० |
| ३ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | १९,२६७ | ७,८९९,४७०.०० |
| ४ | शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड | २२,०५४ | ९,०११,२६४.४० |
| ५ | सालपा विकास बैंक लिमिटेड | ४,५३६ | ५,०६३,०८३.२० |
| **फाइनान्स समूह** | | | |
| १ | आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड | ८,०९४ | ५,०७१,७००.४० |
| **होटल्स् तथा पर्यटन समूह** | | | |
| १ | ओरेन्टल होटल लिमिटेड | ३४,५६४ | २४,२६३,९२८.०० |
| २ | सोल्टी होटल लिमिटेड | ३२,२८७ | १६,३०४,९३५.०० |
| ३ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १६,०५४ | १२,५२२,१२०.०० |
| ४ | चन्द्रागिरी हिल्स लिमिटेड | १६,२५३ | १२,७९४,३६१.६० |
| ५ | बन्दीपुर केवलकार एंड टुरिजम लिमिटेड | ३,५८० | २,९१९,४९०.०० |
| ६ | होटेल फरेष्ट इन लिमिटेड | १०,५२६ | ८,८६२,८९२.०० |
| **जलविद्युत समूह** | | | |
| १ | चिलिमे हाइड्रोपावर कम्पनी लिमिटेड | ६०,४३९ | २९,२१६,२१२.६० |
| २ | विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २७,३०९ | १२,५४०,२९२.८० |
| ३ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | २३,६६९ | १४,१७७,७३१.०० |
| ४ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ४६,२७८ | २१,१९५,३२४.०० |
| ५ | अरुण भ्याली हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ६०,४७७ | १६,९३३,५६०.०० |
| ६ | रु रु जलविद्युत परियोजना लिमिटेड | १६,५४४ | १०,७५०,२९१.२० |
| ७ | ग्रीन भेन्चर्स लिमिटेड | २६,१९७ | १२,८१०,३३३.०० |
| ८ | सोलु हाइड्रोपावर लिमिटेड | २६,३१७ | १६,८६९,१९७.०० |
| ९ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | २,६३२ | २,२०५,६१६.०० |
| १० | रिज लाइन इनर्जी लिमिटेड | ३,७४२ | ३,४५०,१२४.०० |
| ११ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ४,०७९ | ३,८७४,२३४.२० |
| १२ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,८१५ | २,१२३,५५०.०० |
| १३ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ३०,९४७ | १५,७५२,०२३.०० |
| १४ | शिखर पावर डेभलपमेण्ट लिमिटेड | ५,५५० | ४,१७९,१५०.०० |
| १५ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | २,०६२ | २,१९८,०९२.०० |
| १६ | एपोलो हाइड्रोपावर लिमिटेड | २,३५० | १,०७०,६६०.०० |
| **जीवन बिमा समूह** | | | |
| १ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६२,३७७ | ४७,४३७,७०८.५० |
| २ | नेसनल लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड | ३२,२२३ | १८,७४४,११९.१० |
| ३ | आई.एम.ई लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३०,२३३ | १३,०४५,५३९.५० |
| ४ | सूर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ६८,६६३ | २९,५९३,७५३.०० |
| ५ | सिटिजन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३०,९९२ | १४,१०१,३६०.०० |
| ६ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३४४ | १५५,४८८.०० |
| ७ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | १८,४९८ | १४,९९२,६२९.०० |
| ८ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १,००० | १,२७८,०००.०० |
| ९ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २७,१५९ | १२,१४५,५०४.८० |
| **निर्जीवन बिमा समूह** | | | |
| १ | निको इन्स्योरेन्स कम्पनी लिमिटेड | १२,१२८ | ७,८७२,२८४.८० |
| २ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | १३,१८७ | ८,३६०,५५८.०० |
| ३ | प्रभु इन्स्योरेन्स कम्पनी लिमिटेड | ३२,८५६ | २३,३२७,७६०.०० |
| ४ | सिद्धार्थ प्रमियर इन्स्योरेन्स लिमिटेड | ५९,४३२ | ४३,३८५,३६०.०० |
| ५ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ४,९२४ | २,४१७,१९१.६० |
| ६ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ९,२४७ | ५,८८१,०९२.०० |
| ७ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड प्रमोटर | १,४७६ | ४८३,९८०.४० |
| ८ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | ६९ | १,०३८,४४३.१० |
| **लघुवित्त समूह** | | | |
| १ | साना किसान विकास लघुवित्त वित्तिय संस्था लिमिटेड | ४३,६९८ | ३३,४२८,९७०.०० |
| २ | छिमेक लघुवित्त वित्तिय संस्था लिमिटेड | ४०,७०२ | ३७,०८३,५९२.२० |
| ३ | फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लिमिटेड | २१,३९१ | १६,२५७,१६०.०० |
| ४ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १७,४१९ | १४,८७५,८२६.०० |
| ५ | जीवन विकास लघुवित्त वित्तिय संस्था लिमिटेड | १३,२२५ | १६,८६१,८७५.०० |
| ६ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | १२,६०० | ९,६८९,४००.०० |
| ७ | स्वस्तिक लघुवित्त वित्तिय संस्था लिमिटेड | २,४१९ | ५,५१२,९०१.०० |
| ८ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | २,०६१ | १,७२०,९३५.०० |
| **उत्पादन तथा प्रशोधन समूह** | | | |
| १ | शिवम् सिमेन्ट्स लिमिटेड | ६२,९८७ | ४१,५०२,१३४.३० |
| २ | सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड | १,३०५ | ५७०,२८५.०० |
| ३ | हिमालयन डिष्टिलरी लिमिटेड | २३,५३८ | २७,१९३,४५१.४० |
| ४ | श्रीनगर एग्रीटेक इन्डष्ट्रिज लिमिटेड | ४,३५० | ४,५२४,०००.०० |
| ५ | एसवाई प्यानल नेपाल लिमिटेड | ४,६४१ | ६,५२०,६०५.०० |
| ६ | रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड | ३,६१३ | १२,७१०,१७२.७० |
| ७ | सोपान फर्मा लिमिटेड | १०,७२५ | ५,७०२,४८२.५० |
| ८ | पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड | १४,०६२ | १०,४६२,१२८.०० |
| **लगानी समूह** | | | |
| १ | सिटिजन इन्भेष्टमेन्ट ट्रस्ट | २१,७६३ | ३७,८८९,३८३.०० |
| २ | नेपाल इनफ्राइस्ट्रक्चर बैंक लिमिटेड | ४९,१३७ | १२,७७५,६२०.०० |
| ३ | हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर | ४४,४७४ | ८,९२१,४८४.४० |
| **अन्य समूह** | | | |
| १ | पियोर इनर्जी लिमिटेड | १२,२२५ | ११,१८४,६५२.५० |
| **सामूहिक लगानी कोष समूह** | | | |
| १ | एनआइबीएल समृद्धि फन्ड - २ | ३५,८५० | ३२३,७२५.५० |
| २ | एनएमबि सुलभ इन्भेष्टमेन्ट फन्ड - २ | २२०,०५० | २,३५४,५३५.०० |
| ३ | ग्लोवल आई.एम.ई. ब्यालेन्स्ड फण्ड-१ | १५५,६०० | १,७१४,७१२.०० |
| ४ | सिटिजन्स सन्तुलित योजना | २५०,००० | २,३०५,०००.०० |
| | **कुल** | **२,७३२,६२४** | **१,११६,४९८,६८९.६०** |

**कोष प्रवर्द्धक:**
Reliable Life Insurance Ltd. ...Reliable Forever
प्रधान कार्यालयः ज्ञानेश्वर, काठमाडौं
फोनः ०१-४५२३६१८, ४५२३६३०
Email: info@reliablelife.com.np
Web: www.reliablelife.com.np

**योजना व्यवस्थापक तथा डिपोजिटरी:**
ReliableCapital Investment & Merchant Limited
बालुवाटार-०४, काठमाडौं
फोनः ०१-५९१९४१०
Email: info@reliablecapital.com.np
Url: www.reliablecapital.com.np


छैन एन्टिरेबिज भ्याक्सिन

# संघको एकाधिकारको छायाँमा प्रदेशका स्वास्थ्य संस्था

रोशन पराजुली, हेटौंडा

वागमती प्रदेशका सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा रेबिजविरुद्ध खोप अभाव भएपछि उपचार सेवा प्रभावित बनेको छ। हेटौंडास्थित प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमै खोपको मौज्दात सकिएपछि प्रदेशका अस्पताल र १३ जिल्लाका प्राथमिक स्वास्थ्य केन्द्रमा खोप उपलब्ध हुन सकेको छैन।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका अनुसार पछिल्ला दुई/तीन महिनादेखि रेबिज खोपको अभाव देखिएको छ। प्रदेशभरिका स्वास्थ्य संस्थाबाट निरन्तर माग आइरहे पनि केन्द्रमा स्टक नभएकाले वितरण गर्न नसकिएको हो। चालू आर्थिक वर्षमा संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट वागमती प्रदेशका लागि १५ हजार भाइल एन्टिरेबिज भ्याक्सिन प्राप्त भएको थियो। गत वर्ष मौज्दात रहेको करिब चारदेखि पाँच सय भाइल खोपसमेत थपेर माघसम्म वितरण गरिएको भए पनि त्यसयता नयाँ आपूर्ति हुन नसकेको केन्द्रले जनाएको छ। प्रदेशभर मासिक करिब १० हजार भाइल खोप आवश्यक पर्ने भए पनि मागअनुसार आपूर्ति हुन नसक्दा समस्या गम्भीर बन्दै गएको छ।

खोप खरिद गर्ने अधिकार संघीय सरकारसँग मात्र भए पनि समयमै आपूर्ति गर्ने प्रयास स्वरूप अस्पतालहरूले आफ्नै स्रोतबाट वैकल्पिक उपाय खोजिरहेका छन्। खोप अभावबीच हेटौंडा अस्पतालले आफ्नै स्रोतबाट करिब १० लाख बराबर रेबिज खोप खरिद गरेर सेवा सञ्चालन गरेको थियो। हाल पुनः करिब १० लाख बराबरका २ सय भाइल खोप खरिद प्रक्रिया अघि बढाइएको अस्पतालका प्रवक्ता उत्सव चौलागाईंको भनाइ छ।

रेबिजविरुद्ध खोपको माग उच्च रहने भएकाले मौज्दात छिट्टै सकिने गरेको स्वास्थ्यकर्मीहरू बताउँछन्। सरकारी स्वास्थ्य संस्थामा खोप नपाएपछि बिरामीहरू निजी अस्पताल तथा क्लिनिकमा जान बाध्य भएका छन्। निजी स्वास्थ्य संस्थामा एकपटक खोप लगाउँदा करिब ७ सयसम्म खर्च लाग्ने गरेको छ भने पूर्ण उपचारका लागि तीनदेखि पाँच डोजसम्म खोप लगाउनुपर्ने हुन्छ।

यस्तै, वागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले रेबिज खोपको अभाव तत्काल अन्त्य गर्न प्रदेश सरकारले टेन्डर आह्वान गर्ने तयारी गरेको बताउनुभएको छ। उहाँले संघीय सरकारको आपूर्तिमा निर्भर रहँदा खोप अभावको अवस्था सिर्जना भएको दाबी गर्नुभयो। रेबिज विश्वकै सबभन्दा घातक संक्रामक रोगमध्ये एक हो। संक्रमित जनावरले टोकेपछि समयमै खोप नलगाइए रोग लागेपछि ज्यान बचाउने सम्भावना अत्यन्त न्यून हुन्छ।

रेबिज एक भाइरल रोग हो, जुन संक्रमित कुकुर, बिरालो, स्याल, बाँदरलगायत जनावरको टोकाइ वा र्‍यालको सम्पर्कबाट मानिसमा सर्छ। रेबिजको लक्षण देखिन थालेपछि उपचार प्रभावकारी नहुने भएकाले यसलाई लगभग शतप्रतिशत घातक रोग मानिन्छ।

रेबिज संक्रमण भएका व्यक्तिमा शुरुमा ज्वरो आउने, टोकेको ठाउँमा पोल्ने वा झम्झमाउने, त्यसपछि पानी र हावादेखि डराउने, उत्तेजित हुने तथा स्नायु प्रणालीमा असर पर्ने लक्षण देखिन्छन्। नेपालमा हरेक वर्ष रेबिजका कारण दर्जनौं मानिसको मृत्यु हुने गरेको छ।

## रेबिजबाट एकको मृत्यु

रेबिज संक्रमणका कारण काठमाडौंमा एक जनाको मृत्यु भएको छ। टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा उपचाररत २७ वर्षीय एक पुरुषको रेबिजका कारण मृत्यु भएको हो।

मृतकलाई करिब एक महिनाअघि कुकुरले टोकेको भए पनि समयमै रेबिजविरुद्ध खोप नलगाइएका कारण संक्रमण गम्भीर बनेको चिकित्सकहरूले बताएका छन्। अस्पतालका अनुसार शिक्षणपेशामा आबद्ध ती पुरुषलाई कुकुरले टोकेपछि प्रारम्भिक उपचार गरिए पनि रेबिजविरुद्ध आवश्यक खोप नलगाइएकाले पछि संक्रमण फैलिएर स्वास्थ्य अवस्था जटिल बनेपछि उनलाई अस्पताल भर्ना गरिएको थियो। अस्पतालमा भर्ना भएको चार दिनपछि उनको मृत्यु भएको अस्पतालले जनाएको छ।

# पाँच सवारीसाधन नियन्त्रणमा

नेपाल समाचारपत्र, सर्लाही

सीमावर्ती क्षेत्रबाट भारततर्फ अवैध रूपमा निकासी गर्न लागिएको खरबुजाको बीउसहित पाँच वटा सवारीसाधनलाई सशस्त्र प्रहरीले बुधबार राति नियन्त्रणमा लिएको छ।



रौतहटको राजदेवी नगरपालिका-६ र ७ स्थित वागमती नदीपारि तथा सर्लाहीको बलरा नगरपालिका-२ अन्तर्गत पर्ने हथियौल बाँध नजिकको महनपुर सीमा क्षेत्रमा उक्त कारबाही गरिएको हो।

विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म मुख्यालय सिमरा, सीमा सुरक्षा गुल्म मुख्यालय मलंगवा तथा नम्बर १० गण मुख्यालय सर्लाहीबाट खटिएको ८० सदस्यीय संयुक्त टोलीले राति करिब १० बजे छापा मारेको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी नायव उपरीक्षक विष्णुदत्त अवस्थी, नायव उपरीक्षक विष्णु अधिकारी तथा प्रहरी निरीक्षक कृष्ण गुरुङको नेतृत्वमा खटिएको टोलीले नेपालबाट भारततर्फ लैजान लागिएको २ सय बोरा खरबुजाको बिउ नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नम्बर १० गणका प्रमुख प्रहरी उपरीक्षक अमरबहादुर खत्रीले बताउनुभयो। तस्करीमा प्रयोग गरिएका चार वटा भारतीय नम्बर प्लेटका बोलेरो र एउटा नेपाली नम्बर प्लेटको मिनी ट्रकसमेत नियन्त्रणमा लिइएको उहाँको कथन छ। प्रहरी टोली पुगेपछि चालक तथा अन्य संलग्न व्यक्तिहरू सवारीसाधन छाडेर फरार भएका थिए।

बरामद गरिएको खरबुजाको बीउ र पाँचवटै सवारीसाधनको अनुमानित मूल्य करिब १ करोड रुपियाँ रहेको छ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Triveni Byapar Co. Pvt. Ltd**. कम्पनीले INDIA बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

| SR No. | Description | SIZE | Brand | Model | Capacity | Origin | Unit | Per Unit Prices | MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LED TV | 65 INCH | SAMSUNG | UA65U8400HULXL | N/A | INDIA | PCS | 149,990 | 149,990 |
| 2 | AIR CONDITIONER | 1 TON | PANASONIC | CS/CU-KZ12ZKYW-8 | N/A | INDIA | PCS | 121,000 | 121,000 |
| 3 | AIR CONDITIONER | 2 TON | PANASONIC | CS/CU-KZ24ZKYW-8 | N/A | INDIA | PCS | 167,320 | 167,320 |
| 4 | AIR CONDITIONER | 1.5 TON | PANASONIC | CS/CU-KZ18ZKYW-8 | N/A | INDIA | PCS | 141,176 | 141,176 |

**विक्रेता फर्मको नाम** : *Triveni Byapar Co. Pvt. Ltd.*
**ठेगाना** : *Putalisadak, Kathmandu*
**प्यान नं.** : 300058143
**फोन नं.** : 01-4242317

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **S.D.P.L. TRADE PVT. LTD** कम्पनीले INDIA बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

| SR No. | Description | SIZE | Brand | Model | Origin | Unit | Per Unit Prices | MRP |
|---|---|---|---|---|---|---|---|---|
| 1. | VITRIFIED TILES | 600*600 | VITRIFIED | IVORY | INDIA | BOX | 1800 | 1800 |
| 2. | One Piece Toilet | L620 W370 H750 | BATHCO | HONEY | INDIA | Nos | 16,100 | 16,100 |
| 3. | One Piece Toilet | L675 W370 H755 | BATHCO | LUNAR | INDIA | Nos | 16,100 | 16,100 |
| 4. | One Piece Toilet | L640 W370 H740 | BATHCO | HILTON | INDIA | Nos | 17,550 | 17,550 |
| 5. | One Piece Toilet | L675 W370 H755 | BATHCO | TOPIC | INDIA | Nos | 17,100 | 17,100 |
| 6. | WASH BASIN | L320 W400 H145 | BATHCO | JACE | INDIA | Nos | 1,710 | 1,710 |
| 7. | WASH BASIN | L425 W550 H125 | BATHCO | VISION | INDIA | Nos | 3,130 | 3,130 |
| 8. | WASH BASIN | L462 W626 H175 | BATHCO | GRAVITY | INDIA | Nos | 3,300 | 3,300 |
| 9. | WASH BASIN | L412 W550 H175 | BATHCO | LENZ | INDIA | Nos | 2,625 | 2,625 |
| 10. | WASH BASIN | L355 W465 H160 | BATHCO | REX | INDIA | Nos | 2,400 | 2,400 |
| 11. | FULL PEDESTAL | L162 W187 H700 | BATHCO | BPD-04 | INDIA | PCS | 2,430 | 2,430 |
| 12. | FULL PEDESTAL | L150 W175 H700 | BATHCO | BPD-05 | INDIA | Nos | 2,570 | 2,570 |
| 13. | FULL PEDESTAL | L1187 W175 H650 | BATHCO | BPD-02 | INDIA | Nos | 2,320 | 2,320 |

**विक्रेता फर्मको नाम** : S.D.P.L. TRADE PVT. LTD.
**ठेगाना** : Putalisadak, Kathmandu
Pan no. : 602430201
Phone No. : 01-4242317

# गौँथली : पुरानो विरासत र नयाँ पुस्ताको संवेदनशील कथा

नेपाली फिल्म क्षेत्रमा पछिल्लो समय नयाँ पुस्ताका कलाकारको प्रभाव बढ्दो छ। यही क्रममा अभिनेता अरुण क्षेत्री र अभिनेत्री सिम्रन खड्का गौँथली नामक फिल्ममा पहिलोपटक एकसाथ अनस्क्रिन जोडीका रूपमा देखिन लागेछन्। आगामी साउन १ गते प्रदर्शनमा आउने फिल्मले दर्शकमाझ उत्सुकता बढाइरहेको छ।

महापुरुष फिल्मबाट दर्शकको मन जितेका अरुण र प्रेमगन्ज, चित्रा तथा बेहुली फ्रम मेघौलीबाट अभिनय क्षमता प्रमाणित गरिसकेकी सिम्रनलाई निर्देशक डा. कपिल रिजालले श्रीमान् श्रीमतीको भूमिकामा प्रस्तुत गरेका छन्। दुवै कलाकारका प्रशंसकका लागि यो नयाँ सहकार्य विशेष आकर्षण बनेको छ। केही समयअघि सार्वजनिक फिल्मको स्याड सङ् आँखाभरि आँसुले पनि सकारात्मक प्रतिक्रिया पाइरहेको छ। थानेश्वर गौतम र शान्तिश्री परियारको स्वर रहेको गीतमा संगीत थानेश्वर स्वयंको छ भने शब्द डा. भोला रिजालले लेखेका हुन्। गीत सार्वजनिक कार्यक्रममा अरुण र सिम्रन बेहुला-बेहुलीको भेषमा उपस्थित हुँदा उपस्थित निम्तालुहरू अचम्मित बनेका थिए।



गीतअघि सार्वजनिक गरिएको टिजरले पनि फिल्मप्रति चासो बढाएको थियो। टिजरमा देखिएको कथावस्तु, कलाकारहरूको अभिनय तथा प्रस्तुतिलाई दर्शकले रुचाएका छन्। निर्देशक कपिल रिजालका अनुसार फिल्मले शारीरिक समस्याले व्यक्तिको जीवन, सम्बन्ध र मनोविज्ञानमा पार्ने प्रभावलाई संवेदनशील ढंगले प्रस्तुत गरेको छ।

'गौँथली केवल एउटा शीर्षक मात्र होइन, घर, परिवार, सम्बन्ध र आत्मीयताको प्रतीक पनि हो' डा. रिजालको भनाइ छ 'फिल्मले पारिवारिक सम्बन्धभित्र लुकेका भावनात्मक पक्षलाई केन्द्रमा राखेर कथा अघि बढाउँछ।' फिल्ममा अरुण र सिम्रनसँगै ख्यातिप्राप्त कलाकार मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, सन्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना, राजेन्द्र नेपाली, बाल कलाकार अंशु ओली, प्रिन्स नेपालीलगायतको अभिनय रहेको छ।

डा. भोला रिजालको कथामा आधारित फिल्मको पटकथा तथा संवाद लेखनमा निर्देशक कपिलसँगै निश्चल कुँवर, निरज नेपाल र गिरिराज घिमिरेको सहकार्य रहेको छ। फिल्म हरि हुमागाईंले छायाँकन गरेका हुन् भने सम्पादन मिलन श्रेष्ठले गरेका छन्। संगीतमा शम्भुजीत बाँसकोटा, थानेश्वर गौतम र प्रशान्त सिवाकोटी छन् भने पार्श्व संगीत एलिस कार्कीको रहेको छ।

गौँथली नाम नेपाली फिल्म इतिहाससँग जोडिएको छ। दुई दशकअघि डा. भोला रिजालले यही नाममा निर्माण गरेको फिल्म नेपालको पहिलो म्युजिकल फिल्म हो। प्रदर्शनका क्रममा उक्त फिल्मले ५१ दिनको सफल यात्रा तय गरेको थियो। अब त्यही नामलाई नयाँ पुस्तासामु पुनः प्रस्तुत गर्ने जिम्मेवारी डा. भोला रिजालका पुत्र तथा निर्देशक डा. कपिल रिजालले लिएका छन्। लन्डनमा बसेर गिल्ट, साइलेन्स र कर्माजस्ता अंग्रेजी भाषाका सर्ट फिल्म तथा नेपाल र लन्डनमा गरी एक दर्जन म्युजिक भिडियो निर्देशन गरिसकेका कपिलको यो दोस्रो फिचर फिल्म हो। यसअघि उनले ह्यारीकी प्यारी निर्देशन गरेका थिए। पुरानो विरासत र नयाँ पुस्ताको संवेदनशील कथालाई जोडेर तयार भएको गौँथलीले दर्शकको मन जित्ने विश्वास निर्माण टिमले लिएको छ।

# मदिराको लतविरुद्ध राजु शाहको आवाज

आज शुक्रवार रिलिज हुने फिल्म जाँडको राजधानीमा आयोजित एक समारोहबीच ट्रेलर सार्वजनिक गरिएको छ।

ट्रेलरले मद्यपानको दुष्प्रभाव, पारिवारिक विखण्डन र समाजमा विद्यमान लैंगिक विभेदलाई मुख्य विषयवस्तुका रूपमा उठाएको छ। निर्देशक राजु शाहको निर्देशनमा बनेको फिल्मको ट्रेलरमा मद्यपानका कारण परिवारमा उत्पन्न हुने तनाव, कलह र त्यसले समाजमा पार्ने नकारात्मक प्रभावलाई यथार्थपरक ढंगले प्रस्तुत गरिएको छ। ट्रेलरले मदिरा सेवन गर्ने व्यक्तिको व्यवहारले परिवारमा सिर्जना गर्ने समस्या, पत्नी र छोरीमाथि पर्ने असर तथा समाजले त्यस्ता व्यक्तिलाई हेर्ने दृष्टिकोणलाई चित्रण गरेको छ। फिल्मले मद्यपानको लतले पारिवारिक सम्बन्धमा ल्याउने दरारसँगै वंश धान्न छोरा नै चाहिन्छ भन्ने परम्परागत सोचमाथि प्रश्न उठाएको छ। छोराप्रतिको मोह र छोरीप्रति गरिने विभेदका कारण परिवार र समाजमा देखिने समस्यालाई कथाको केन्द्रमा राखिएको निर्माण पक्षले जनाएको छ।



सुकुलढोका मिडिया प्रालिको ब्यानरमा राजेन्द्र भट्टको निर्माणमा बनेको फिल्ममा सानबी खतिवडा, पदम गुरुङ, कमला दाहाल, रमेश उप्रेती, मञ्जु श्रेष्ठ, सुवास गजुरेल, रमेश अधिकारी, लक्ष्मी तिमिल्सेना, स्मारिका खनाल, किरणप्रताप केसीलगायतका कलाकारले अभिनय गरेका छन्। फिल्मको लेखन सुनिलप्रसाद श्रेष्ठ, राजु शाह र राजेन्द्र भट्टले संयुक्त रूपमा गरेका छन् भने गीत श्रीपुरुष ढकाल, संगीत र स्वर रोशन बालुवा, द्वन्द्व निर्देशन योगेन्द्र श्रेष्ठ तथा छायाँकन र सम्पादन दीपेन बस्न्यातको रहेको छ।


## वार्षिक साधारण सभा तथा कार्यकारिणी समितिको निर्वाचन सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८३/०३/१२ गते**

ठमेल पर्यटन विकास परिषद्को ३०औं, र ३१औ वार्षिक साधारण सभा तथा नयाँ कार्यकारिणी समितिको निर्वाचन निम्न मिति, समय र स्थानमा हुने बारेको पत्राचार सबै सदस्य महानुभावहरुलाई गरी सकिएको छ । यदि कसैले प्राप्त नगर्नु भएको भए यसै सूचनाको आधारमा सभामा सहभागी भई दिनु हुन हार्दिक अनुरोध छ । वार्षिक साधारण सभा तथा निर्वाचन सम्बन्धी अन्य विस्तृत जानकारीको लागि परिषद्को सचिवालय ठमेलमा सम्पर्क गर्नु हुन समेत सम्बन्धित सबैलाई यसै सूचना द्वारा सूचित गरिन्छ ।

**सभाको बिषयहरु :**

१. अध्यक्षज्यूबाट स्वागत मन्तव्य ।
२. महासचिवज्यूबाट वार्षिक कार्य प्रगति विवरण प्रस्तुत गर्ने ।
३. कोषाध्यक्षज्यूबाट आ.व. २०८०/०८१, र २०८१/०८२ को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत गर्ने ।
४. लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने ।
५. नयाँ कार्यकारिणी समितिको निर्वाचन ।
६. विविध ।

**मिति, समय, र स्थान :**

**मिति :** २०८३ साल आषाढ २७ गते शनिबार । (11 July, 2026)
**समय :** विहान ठिक ७:३० वजे ।
**स्थान :** नयाँबजार मल्टी भेन्यू, प्रा.लि., नयाँबजार काठमाण्डौ ।

**बद्री प्रसाद तिमल्सिना**
**महासचिव**
ESTD 1990
**ठमेल पर्यटन विकास परिषद्**
**फोन नं. ४७००७५०**


# कलाकर्मीलाई सांस्कृतिक संस्थानको सम्मान र पुरस्कार



सांस्कृतिक संस्थानले ५४ औं वार्षिकोत्सवको अवसरमा संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणमा योगदान पुर्‍याएका विभिन्न व्यक्तित्वलाई *राष्ट्रिय सम्मान तथा पुरस्कार* प्रदान गरेको छ।

संस्थानले राष्ट्रिय नाचघरमा आयोजना गरेको विशेष कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेल 'गनेस' ले सम्मान तथा पुरस्कार प्रदान गरेका हुन्। लोकसंस्कृति क्षेत्रमा लामो समयदेखि योगदान पुर्‍याउँदै आएकी बमकुमारी बुढालाई नगद ५५ हजार ५ सय ५५ रुपियाँसहित .यस वर्षको *सांस्कृतिक संस्थान राष्ट्रिय दीर्घ साधना सम्मान तथा पुरस्कार* प्रदान गरिएको छ। त्यसैगरी, सम्राट सापकोटालाई *राष्ट्रिय नाट्य सम्मान तथा पुरस्कार*, पुरुषोत्तम न्यौपानेलाई *राष्ट्रिय गायन सम्मान तथा पुरस्कार*, जीवन आलेलाई *राष्ट्रिय वादन सम्मान तथा पुरस्कार* र वेद गुरुङलाई *राष्ट्रिय नृत्य सम्मान तथा पुरस्कार* प्रदान गरिएको छ। कलाकर्मीहरुलाई जनही २५ हजार ५ सय ५५ रुपियाँसहित सम्मानति गरिएको हो। संस्थानले वर्षको उत्कृष्ट *कर्मचारी सम्मान तथा पुरस्कार* रेखाकुमारी कटुवाल श्रेष्ठलाई प्रदान गरेको छ।

संस्थानले हरेक वर्ष आफ्नो वार्षिकोत्सवका अवसरमा कला, संस्कृति, संगीत, नृत्य तथा नाट्य क्षेत्रका विशिष्ट व्यक्तित्वलाई सम्मान गर्दै आएको छ।


## गछिया कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. को खारेजी (लिक्विडेशन) को लागि हकदावी गर्न आउने सम्बन्धी सूचना

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७२/१२/१६ मा दर्ता भएको दर्ता नं. १४७२००/०७२/०७३ को **गछिया कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** को मिति २०८३/०३/१० गतेको विशेष साधारण सभाले गरेको निर्णय अनुसार यस कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजानुपर्ने भएकोले यस कम्पनीले कोही कसैलाई तिर्नु व्यहोर्नु पर्ने ऋण, धन दायित्व एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदी भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर : पूर्ण प्रसाद पराजुली**, दामासाही व्यवसायी इजाजत पत्र नं.-३८३
का.जि.का.म.न.पा. वडा नं.-२९, अनामनगर, मोबाइल नं. ९८५१०२६३३२



## नेपाल चलचित्र संघको जरुरी सूचना

यस संघको ५२ औं वार्षिक साधारण सभा तथा कार्य समितिको निर्वाचन तपसील बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण सदस्य महानुभावहरुलाई साधारण सभामा उपस्थित भई निर्वाचनमा सक्रिय सहभागिताको लागि हार्दिक अनुरोध गर्दछु । साथै आ. व. २०८३/८४ को नवीकरण गर्न बाँकी सदस्यहरुले मिति २०८३ साल श्रावण ९ गतेभित्र सदस्यता नवीकरण गरी सहभागी हुन समेत अनुरोध छ ।

**कार्यक्रम**
**मितिः २०८३ साल श्रावण १६ गते शनिबार ।**
**समयः बिहानः १०:३० बजे ।**
**स्थानः होटल पाम इन्टरनेशनल प्रा. लि.**
**मिलनचोक, बुटवल, रुपन्देही ।**

**महासचिव**
**नेपाल चलचित्र संघ**
**विशालनगर, काठमाण्डौ**
**फोन नं. ०१४५३६७४५**



## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

नाम थाह नभएकोको नाति, लुनकरण दुगडको छोरा, कमला दुगडको श्रीमती, बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २ बस्ने **हुकमचन्द दुगड**ले यस दरबारमार्ग शाखामा बचत खाता नं. १७७१५२४१४१०७६३ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०८/१७ मा निज खातावाला हुकमचन्द दुगडको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने **कमला दुगड**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **हुकमचन्द दुगड**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस **बैंकको दरबारमार्ग शाखा**मा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

**नेपाल एसबिआई बैंक लिमिटेड**
**NEPAL SBI BANK LTD.**
**दरबारमार्ग शाखाः कमलादी, काठमाडौं, फोनः ०१-४५४४३०३**



## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०८३/०३/१२ गते**
**सूचना नं : १४०-०८२/०८३**

यस संघबाट तपशिलमा उल्लेखित ऋणी संस्थाले उपयोग गरेको राष्ट्रिय युवा परिषद् अन्तर्गतको कर्जा रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सुचना गर्दा समेत ऋणी संस्था, एवं जमानीकर्ताले तिर्न बुझाउन पर्ने कर्जाको साँवाको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखि कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनीक सूचना प्रकाशित गरि एको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संघलाई बुझाउनु पर्ने कर्जाको साँवा बुझाउनु हुन सम्बन्धित ऋणी संस्था तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सुचित गरिन्छ। सो म्याद भित्र वक्यौता भएको सम्पुर्ण कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋणी संस्थाको संचालक समितका तपशिल बमोजिमका सदस्यहरुको नाममा रहेको चलअचल जायजेथा, श्रीसम्पत्तिबाट सो ऋणको साँवा, व्याज एवं हर्जाना लगायतका चल अचल सम्पत्ति तथा अन्य जायजेथा समेतबाट सहकारी ऐन, नियमावली तथा प्रचलीत कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य व्यवस्था गरी असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारी र धनजमानीकर्ता तथा व्यक्तीगत जमानीकर्ताहरुलाई कालो सुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपशिल**

**ऋणी सस्थाको नाम : संजिवनी बचत तथा ऋण सहकारी सस्थां लि., याङवरक-२, फलैचा पाँचथर**

**सञ्चालक समितिका पदाधिकारीहरुको सामुहिक जमानी पत्र विवरण**

| | |
|---|---|
| १. अध्यक्ष : लाल बहादुर बेघा (ना.प्र.नं.:९३/१९)<br>ठेगाना : याङवरक-२, फलैचा, पाँचथर | बाबुको नाम : खड्ग बेघा<br>बाजेको नाम : टेक बहादुर बेघा |
| २. उपाध्यक्ष : चन्द्र वीर माङमु<br>ठेगाना : याङवरक-२, फलैचा, पाँचथर | बाबुको नाम : कृष्ण बहादुर माङमु<br>बाजेको नाम : चङखध्वज बेघा |
| ३. सचिव : दिपक प्याकुरेल<br>ठेगाना : याङवरक-२, फलैचा, पाँचथर | बाबुको नाम : हर्क बहादुर प्याकुरेल<br>बाजेको नाम : गर्जमान प्याकुरेल |
| ४.कोषाध्यक्ष : मिलन बेघा<br>ठेगाना : याङवरक-२, फलैचा, पाँचथर | बाबु/पतिको नाम : डिल्ली प्रसाद बेघा<br>बाजे/ससुराको नाम : पञ्जनसि बेघा |
| ५.सदस्य : ममता बेघा<br>ठेगाना : याङवरक-२, फलैचा, पाँचथर | बाबु/पतिको नाम : मकर ध्वज बेघा<br>बाजे/ससुराको नाम : सुख वीर बेघा |
| ६. सदस्य : सृजना खरेल<br>ठेगाना : याङवरक-२, फलैचा, पाँचथर | बाबु/पतिको नाम : बलराम खरेल<br>बाजे/ससुराको नाम : रुद्र प्रसाद खरेल |
| ७. सदस्य : श्री प्रसाद बेघा<br>ठेगाना : याङवरक-२, फलैचा, पाँचथर | बाबुको नाम : वृख बहादुर बेघा<br>बाजेको नाम : चङखलाल बेघा |
| ८. सदस्य : खगेन्द्र शंखर | ठेगाना : याङवरक-२, फलैचा, पाँचथर |
| ९. सदस्य : पूर्णध्वज माङमु<br>ठेगाना : याङवरक-२, फलैचा, पाँचथर | बाबुको नाम : खड्ग माङमु<br>बाजेको नाम : गड्डुर सिंह माङमु |
| १०. व्यवस्थापक : कृष्ण बहादुर बेघा | ठेगाना : याङवरक-२, फलैचा, पाँचथर |

**ऋणी सस्थाको नाम : पञ्चकन्या बचत तथा ऋण सहकारी सस्थां लि., विदुर २, नुवाकोट**

**सञ्चालक समितिका पदाधिकारीहरुको सामुहिक जमानी पत्र विवरण**

| | |
|---|---|
| १. अध्यक्ष : रमेश श्रेष्ठ<br>ठेगाना : विदुर ९ कोलोनी, नुवाकोट | बाबुको नाम : दिलबहादुर श्रेष्ठ<br>बाजेको नाम : जेठा श्रेष्ठ |
| २. उपाध्यक्ष : हरिप्रसाद रिमाल<br>ठेगाना : विदुर ८ राइसिंग, नुवाकोट | बाबुको नाम : दाताराम रिमाल<br>बाजेको नाम : लक्ष्मी प्रसाद रिमाल |
| ३. सचिव : विनय प्रसाद लामिछाने<br>ठेगाना : विदुर ९ कोलोनी, नुवाकोट | बाबुको नाम : माधव प्रसाद लामिछाने<br>बाजेको नाम : देव प्रसाद लामिछाने |
| ४. कोषाध्यक्ष : तेज प्रसाद रिमाल<br>ठेगाना : विदुर ९ कोलोनी, नुवाकोट | बाबुको नाम : रामहरि प्रसाद रिमाल<br>बाजेको नाम : बद्रीनाथ रिमाल |
| ५. सदस्य : श्याम कुमार के.सी<br>ठेगाना : विदुर ८ थुम्का नुवाकोट | बाबुको नाम : यदुबहादुर के.सी<br>बाजेको नाम : बलभद्र के.सी |
| ६. सदस्य : नारायणमान श्रेष्ठ<br>ठेगाना : विदुर ८ हात्तिगौंडा, नुवाकोट | बाबुको नाम : भद्रबहादुर श्रेष्ठ<br>बाजेको नाम : जवरे श्रेष्ठ |
| ७. सदस्य : कौशिमाया तामाङ<br>ठेगाना : देउराली ४, नुवाकोट | बाबुको नाम : सोमहादुर तामाङ<br>बाजेको नाम : चन्द्रे तामाङ |

**नेफस्कून**
**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.**
केन्द्रीय कार्यालय, मिनभवन, काठमाडौं, फोन नं. ०१-४७९१९६३, ४७९०२०१, इमेलः nefscun@nefscun.org.np



## समृद्धि फाइनान्स कम्पनी लिमिटेड
**Samriddhi Finance Company Limited**
Samriddhi Finance — Partnership for Prosperity
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**मूख्य कार्यालयः हेटौंडा, मकवानपुर, फोन नं.:** ०५७-५२५१००, ०५७-५२३२२९
**इमेलः** info@sfcl.com.np, **वेबसाइटः** www.sfcl.com.np

### समृद्धि फाइनान्स कम्पनी लिमिटेडको नाममा रहेको गैह्र बैंकिङ सम्पत्ति लिलाम बिक्रिका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको ७ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८३/०३/१२**

यस वित्तीय संस्थाको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुदाँ ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्यमा खरिद गरिलिने हो सोही मूल्य खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थामा ७ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ४:०० (चार) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धीत निकायको प्रतिनिधिहरुलाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धीत बोलपत्रदाता र आधिकारिक प्रतिनिधिहरु को अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्न छैन । लिलामी बिक्री कारबाही प्रक्रिया यस वित्तिय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरुले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दै दस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| क्र.स | जिल्ला | न.पा/गा.पा/गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मोरङ | दुलारी | वडा नं. ३ हाल सुन्दरहरैंचा न.पा. वडा नं. ७ | ३८३५ | ०-३-७-० (बि.क.धु) | जग्गा |

**लिलाम बोलपत्र सम्बन्धी शर्तहरुः**

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको शाखा कार्यालयबाट रु. १,०००।०० (रु. एक हजार मात्र) तिरि (पछि फिर्ता नहुने गरि) प्राप्त गर्न सकिनेछ । फोटोकपि गरिएको फारम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तिय संस्थाले लिन सक्नेछ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको शाखा कार्यालयमा कार्यालय समयभित्र प्राप्त भई सक्नुपर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको शाखा कार्यालयमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिमा नै वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. माथि उल्लेखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नु परेमा लिलाम बोलपत्र पेश गर्न अगावै समृद्धि फाइनान्सको शाखा कार्यालय स्थित वा कर्जा असूलि विभागमा सम्पर्क राखि निरिक्षण गर्न सकिनेछ ।
५. बोलपत्रमा आफूले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक र अक्षरमा स्पष्ट रुपमा लेखि आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम समेत जम्मा गरेको भौचर शिलबन्दी बोलपत्र भित्र संलग्न राखी पेश गर्नु पर्नेछ । यस्तो धरौटी रकममा ब्याज उपलब्ध गराइने छैन ।
६. म्याद नाघी वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएको जानकारी पाई सम्झौता गरेको मितिले ७ दिन भित्र बोलपत्रदाताले आफूले कबोल गरेको सम्पूर्ण रकम नगद जम्मा भुक्तानी गर्नु पर्नेछ ।
८. अन्य शर्तहरु लिलाम बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरु यसै सूचनाको अभिन्न अंग मानिनेछ ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३/०३/१८ दिनको ३:०० बजे ।**
**लिलाम शिलबन्दी बोलपत्र खोलिने मिति : २०८३/०३/१८ दिनको ४:०० बजे (विहीबार) ।**
**बोलपत्र खोलिने स्थान : संस्थाको शाखा कार्यालय, इटहरी ।**
**सम्पर्क फोन नं.: ०१-५३१८८३८, ०१-५३१२०९९, ०२५-५९०२६९**

## सम्पादकीय

# राष्ट्रिय चलचित्र पुरस्कारभन्दा ठूलो यसको गरिमा

चलचित्र विकास बोर्डले हरेक वर्षझैँ यस वर्ष पनि सिनेमाका विभिन्न ९ विधामा राष्ट्रिय पुरस्कार प्रदान गरेको छ । राष्ट्रपति भवनमा विशेष समारोह आयोजना गरी राष्ट्रपतिबाट प्रदान गरिने यो पुरस्कार नेपाली सिनेमा क्षेत्रका लागि सबैभन्दा प्रतिष्ठित पुरस्कारमध्ये एक हो । कुनै पनि कलाकार, प्राविधिक वा सिनेकर्मीका लागि राष्ट्रको तर्फबाट प्रदान गरिने राष्ट्रिय पुरस्कार र सम्मान विशेष महत्वको विषय हो । यसले सम्बन्धित व्यक्तिको योगदानको कदर गर्नुका साथै समग्र क्षेत्रलाई पनि प्रोत्साहन प्रदान गर्दछ । तर दुर्भाग्यवश, राष्ट्रिय चलचित्र पुरस्कारको घोषणा र वितरणसँगै हरेक वर्षजस्तै यसपटक पनि विभिन्न खाले विवाद, असन्तुष्टि र प्रश्न उठेका छन् ।

सरकारी वा निजीस्तरका पुरस्कार र सम्मानको विषयमा विवाद हुनु नेपालमा नयाँ विषय होइन । निजी र सरकारी तवरमा प्रदान गरिने हरेकजसो पुरस्कार र सम्मान विवादमा पर्ने गर्छन् । निजी र सरकारी पुरस्कार र सम्मानलाई लिएर केही न केही विषयमा विवाद उत्पन्न गर्ने पनि गरिन्छ । राज्यले प्रदान गर्ने राष्ट्रिय पुरस्कार होस् वा निजी क्षेत्रबाट प्रदान गरिने पुरस्कार र सम्मानको निर्णय सार्वजनिक भएपछि वा पुरस्कार र सम्मान प्रदान गरिएपछि समर्थन तथा विरोध दुवै सुनिने गरेका छन् । आफू वा आफ्नो निकट पक्ष पुरस्कारको सूचीमा पर्दा निर्णय सही र उचित मान्ने तथा नपर्दा आलोचना गर्ने प्रवृत्ति सधैँ व्यापकरूपमा देखिन्छ । यस वर्षको राष्ट्रिय चलचित्र पुरस्कार पनि त्यसबाट अछुतो रहन सकेन । कतिपय पुरस्कार र सम्मानलाई लिएर प्रश्न उठे वा उठाइए ।

यसपटकको मुख्य विवाद पुरस्कारको नतिजासँगै सम्मान र समारोहको व्यवस्थापन तथा सहभागितालाई लिएर देखिएको छ । नेपाली सिनेमा क्षेत्रमा दशकौँदेखि सक्रिय रहँदै आएका तथा महत्वपूर्ण योगदान पुर्‍याएका सिनेकर्मीहरूले निम्तोसमेत नपाएको गुनासो सार्वजनिक रूपमै गरेका छन् । केही चर्चित कलाकार र सिनेकर्मीले सामाजिक सञ्जालमार्फत राष्ट्रिय चलचित्र पुरस्कार समारोहमा सहभागी हुनका लागि के मापदण्ड पूरा गर्नुपर्छ भन्ने प्रश्नसमेत उठाएका छन् । कतिपयले सिनेमा क्षेत्रमा कुनै सम्बन्ध नभएकाहरू समारोहमा देखिँदा हामी कसरी छुट्यौँ भन्ने सवाल कडारुपमा उठाएका छन् । यसले निम्तो वितरण र सहभागिता व्यवस्थापनमा पारदर्शिता तथा समावेशिताको आवश्यकता रहेको संकेत गर्छ ।

राष्ट्रिय दैनिकका फोटोपत्रकारलाई समेत प्रवेशबाट वञ्चित गरिएको विषय थप गम्भीर विषय बनेको छ । राष्ट्रिय पुरस्कार तथा सम्मान समारोह केवल एउटा औपचारिक कार्यक्रम मात्र होइन, त्यो राज्यले कुनै क्षेत्रप्रतिको सम्मान र दृष्टिकोण प्रस्तुत गर्ने महत्वपूर्ण विशेष मञ्च पनि हो । त्यसैले यस्ता समारोह सकेसम्म खुला, व्यवस्थित, समावेशी र प्रतिष्ठित हुनुपर्छ । सीमित व्यक्तिलाई खुसी पार्ने वा पहुँचका आधारमा सहभागी गराउने प्रवृत्तिले यस्ता कार्यक्रमको गरिमा बढाउँदैन, बरु प्रश्नको घेरामा पार्छ । यसको अर्थ उठेका सबै प्रश्न सही हुन्छन् वा सबै आलोचना न्यायोचित हुन्छन् भन्ने पनि होइन । राष्ट्रिय पुरस्कार र सम्मानजस्तो विषयमा प्रतिक्रिया जनाउँदा पनि जिम्मेवारीबोध आवश्यक हुन्छ । केवल चर्चा कमाउने वा विवाद सिर्जना गर्ने उद्देश्यले गरिने टिप्पणीले सम्बन्धित क्षेत्रको प्रतिष्ठालाई नै क्षति पुर्‍याउन सक्छ । आलोचना आवश्यक छ तर त्यो सुधारको उद्देश्यले हुनुपर्छ, अवमूल्यनका लागि होइन ।

राष्ट्रिय चलचित्र पुरस्कार र सम्मान राष्ट्रको प्रतिष्ठासँग जोडिएको विषय हो । त्यसैले पुरस्कार र सम्मान छनोट प्रक्रिया मात्र होइन, समारोहको व्यवस्थापन, सहभागिता र प्रस्तुति पनि त्यत्तिकै मर्यादित र विवादरहित हुन आवश्यक छ । राज्यले यस्ता कार्यक्रमलाई अझ व्यवस्थित, पारदर्शी र गरिमामय बनाउनेतर्फ ध्यान दिनुपर्छ । साथै, सम्बन्धित क्षेत्रका व्यक्तिहरूले पनि आफ्नो क्षेत्रको प्रतिष्ठा जोगाउने संस्कार विकास गर्नुपर्छ । किनभने राष्ट्रिय सम्मानको गरिमा जोगिनु भनेको अन्ततः नेपाली फिल्म उद्योगकै गरिमा जोगिनु हो ।

**लेखकहरूलाई अनुरोध**

१३०० शब्दका उत्कृष्ट लेख-रचना एवम् पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ ।

email : lekh_rachana@yahoo.com, samacharpatrac@gmail.com

# लोकतान्त्रिक शासन र व्यावसायिक प्रशासन



**श्यामप्रसाद मैनाली**

यतिखेर सचेत नागरिकहरूका बीच चर्चा हुने गरेका विषयहरू धेरै प्रकारका छन्। वर्तमान सरकारले निजामती सेवामा गैरलोकतान्त्रिक हस्तक्षेप अत्यन्त ज्यादा गरेको छ। कर्मचारीहरूलाई निराश र कुण्ठित बनाइराखेको छ। अब ५५ वर्ष उमेर र ३० वर्ष सेवा अवधिमध्ये जुन पहिला हुन्छ, त्यसैबाट अवकाश दिने व्यवस्था मिलाउँदै छ। निजामती दरबन्दीहरू अत्यन्त ठूलो सङ्ख्यामा घटाइँदै छ। कर्मचारीहरूलाई सधैँ परचक्रीको व्यवहार सरकारले गर्दै छ। योग्यता प्रणालीमा अब्बल देखिँदै आएका होनहार कर्मचारीलाई मानवोचित व्यवहारसम्म पनि गरिएको छैन। उनीहरूसँग गरिने व्यवहार अत्यन्त जङ्गली प्रकृतिको छ। कानुनले नचिनेका मानिसहरूको आदेश र निर्देशनमा काम गर्नुपर्दा निजामती संयन्त्र अलमलमा परिराखेको छ। कर्मचारीलाई अभिप्रेरित गरिने पक्ष अत्यन्त कमजोर छ। अपराधीको नजरबाट सरकारले आफ्नै संयन्त्रलाई हेरिराखेको छ। उनीहरूका कमी-कमजोरी खोजी-खोजी निरुत्साहित बनाउने कामले निरन्तरता पाएको छ। ९ बजेदेखि ५ बजेको समयसम्म कर्मक्षेत्रमा खटिँदा सामना गर्नुपर्ने कठिनाइहरू, अपमानहरू, उपेक्षापूर्ण व्यवहारहरू सामान्य बन्दै गएका छन्। ३० र ५५ को व्यवस्था एकपटकका लागि मात्र गरेर रिक्त हुन आउने सचिवलगायतका ठूलो सङ्ख्याका उच्च पदहरूमा अवकाश प्राप्त सैन्य सेवाका जनरलहरूबाट पूर्ति गरिने व्यवस्था मिलाइँदै छ। यसको सीधा अर्थ निजामती प्रशासन सैनिकलाई सुम्पनु हो। बिस्तारै शासन सञ्चालनको जिम्मा सैनिकहरूलाई प्रदान गर्नु हो। निजामती सेवामा सैनिकीकरणको पूर्वअभ्यास हो। कर्मचारीतन्त्रको तेजोबध गर्ने क्रममा कानुनी प्रक्रिया अवलम्बन नै नगरी जिम्मेवारीमा रहेका मानिसहरूलाई बोलाउने, गिरफ्तार गराउने, हत्कडी लगाउने, अपमानजनक व्यवहार गर्नेजस्ता काम सरकारका दैनिकीजस्तै भएका छन्।

सरकारसँग अधिकार रहन्छ, शक्ति सम्पन्न हुन्छ। कार्यकारिणी अधिकारको दुरुपयोग हुन सक्छ। तसर्थ संवैधानिक निकायहरूले कार्यकारिणी निकायको अधिकारलाई सन्तुलन गरिराखेका हुन्छन्। शक्तिको सन्तुलन गर्ने क्रममा संविधानले नै यस्ता निकायहरूलाई स्वतन्त्र अधिकार प्रदान गरेको हुन्छ। यसमा रहेका जिम्मेवार पदाधिकारीहरू सरकारको नियन्त्रणमा हुँदैनन्। संसद्को गरिमालाई सम्मान गर्छन् र संसद्प्रति उत्तरदायी हुन्छन्। तर अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्तलगायत अन्य आयुक्तहरूलाई प्रधानमन्त्री कार्यालयबाट बोलावट हुन्छ, कुनै विषयमा छलफल गर्ने एजेन्डा दिइन्छ। प्रधानमन्त्री कार्यालयका मातहतको सामान्य कर्मचारीसरह अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सबै पदाधिकारीहरू लुरुलुरु प्रधानमन्त्री कार्यालय पुग्छन्। प्रधानमन्त्री कार्यालयमा प्रधानमन्त्रीसँग छलफल पनि हुँदैन। उनका सल्लाहकारहरूबाट अपमानित हुन्छन्। अमुक व्यक्तिलाई शीघ्र थुनामा राख्न, पुर्जी जारी गर्न दबाब दिन्छन्। आयोगका पदाधिकारीहरू लाचार बनेर पुर्जी जारी गर्छन्। यसले हालसम्म कायम भएको लोकतान्त्रिक शासन प्रणालीलाई नै तहसनहस गरेको छ। मानवअधिकारको हदैसम्म उल्लङ्घन भएको छ। जिम्मेवारीमा रहेकाहरूले अमानवीय व्यवहार भोगेका छन्। यस्तै प्रकृतिका चर्चा-परिचर्चाहरू अहिले व्याप्त छन्। तसर्थ यसले समग्र सरकारी काम कारबाहीमा सुधार गर्न कसरी सक्छ ? निजामती कर्मचारीहरूलाई उनीहरूको व्यावसायिकताको विकास गर्दै काम गर्न सरकारले सहजीकरण गर्नुपर्ने हो/होइन ? पुरस्कार र दण्ड दुवै प्रकारको व्यवस्था गर्दै आफ्ना स्थायी संयन्त्रलाई प्रभावकारी ढंगले परिचालन गर्नुपर्ने हो/होइन ? सार्वजनिक सेवा प्रभावकारी हिसाबले प्रदान गर्न यही रवैयाले उपलब्धि प्राप्त गर्न सकिन्छ/सकिँदैन ? यस्ता हर्कतहरूबाट लोकतान्त्रिक शासनको सुदृढीकरणमा प्रश्नचिह्न लाग्ने त होइन ? यसको बारेमा विश्लेषण गर्नुपर्ने अवस्था छ। प्रस्तुत आलेखलाई यसैमा केन्द्रित गरिएको छ।

### नागरिक सर्वोच्चताको प्रश्न :

हुँदै गरेका टीका-टिप्पणी र विश्लेषणहरूको आधारमा अघि बढ्दा विशेष गरी निजामती प्रशासन यसका मूल्य-मान्यताबाट विमुख हुने अवस्था आउने हो कि भन्ने सन्दर्भ बढी जटिल देखिँदै गएको छ। निजामती प्रशासनमा काम गर्ने कर्मचारीको सरकारसँग भएको सम्झौतालाई आधार मान्नुपर्दछ। यो सम्झौता भनेको कर्मचारीले सेवा प्रवेश गर्दाको अवस्थामा विद्यमान कानुनी प्रावधानलाई स्वीकार गरेर सेवा प्रवेश गरेका हुन्छन्। त्यसमा उल्लेख भएका सेवाका सर्तहरूमा सम्झौता गर्ने गरी सरकारले ऐन बनाउँदा कर्मचारीहरूप्रति अन्याय हुन जान्छ। विधिशास्त्रको मान्यताले पनि यसलाई स्वीकार गर्दैन, किनकि भूतप्रभावी कानुन बनाउन मिल्दैन। यसको प्रभावबाट कोही पनि प्रताडित हुन मिल्दैन। यो कानुनी सिद्धान्त हो। यसभन्दा अघि बढ्दा सञ्चारमाध्यम र सामाजिक सञ्जालका समाचारहरूलाई आधार मान्ने हो भने, ३० वर्ष र ५५ वर्षको आधारमा ठूलो सङ्ख्यामा विशिष्ट श्रेणीका अधिकृतहरूले अवकाश प्राप्त गर्दछन्। ती पदहरूमा अवकाश भएका सैन्य जनरलहरूलाई करारमा सचिवको जिम्मेवारी दिने उचाइमा सरकार रहेको छ। यसबाट समग्र निजामती सेवामा कस्तो प्रभाव पर्ला ? यसको बारेमा पनि गम्भीरतापूर्वक सोच्नुपर्ने अवस्था छ।

सेना र निजामती सेवा बिल्कुल पृथक पेसागत समूह हुन्। यी दुईका बीच मौलिक भिन्नता छन्। सेना विशेष गरी तर्क-वितर्कभन्दा पनि आदेशको निरपेक्षरुपमा पालना गर्ने मान्यताबाट अघि बढ्छ। मर्यादाक्रम, डिकोरम, कमान्ड प्रणालीमा विश्वास राख्छ। आफूभन्दा उपल्लो तहको आदेशलाई हुबहु पालना गर्नुपर्छ भन्ने मान्यतामा अडिग हुन्छ। सेनाको मौलिक विशेषता भनेकै यही हो। तर यसको विपरीत निजामती सेवामा कार्यरत कर्मचारीहरू आफ्ना तर्क, विश्लेषण, कानुनी प्रावधान, यसले पार्ने प्रभावका बारेमा राजनीतिक नेतृत्वलाई खुलेर विश्वस्त बनाउन तर्क राख्न पाउने वर्ग हो। उपल्लो तहबाट आएको अनुपयुक्त आदेश एवं निर्देशन यदि प्रत्युत्पादक सिद्ध हुन्छ भने त्यसको बारेमा खुलेर बहस गर्न सक्छन्। औपचारिक रुपमा नै आफ्नो भिन्न मत जाहेर गर्न पाउँछन्। यो स्वतन्त्रता निजामती कर्मचारीमा छ, हुनु पनि पर्दछ। यस्तो भिन्न व्यावसायिक मूल्य र मान्यता भएको नेतृत्व तहमा सैन्य अधिकृतहरूलाई जिम्मेवारीमा राखिँदा समग्र निजामती सेवालाई परिचालन गर्ने तौरतरिकामा नै पृथकता आउँछ। यसबाट पर्न जाने प्रभावका बारेमा चिन्तन अनिवार्य छ। नीतिगत विश्लेषण गर्दै सार्वजनिक उत्तरदायित्व बहन गर्नुपर्ने अहं दायित्व निजामती कर्मचारीहरूमा हुन्छ। प्रशासनिक उत्तरदायित्व, जिम्मेवारी र निरन्तरता दिने काम निजामती कर्मचारीले गर्छन्। यो मूल्य-मान्यताका आधारमा परिचालित सम्पूर्ण निजामती सेवा सैन्य अधिकृतको हिसाबले परिचालन गरिँदा खलबलिन पुग्छ। यसबाट प्राप्त हुने नतिजा र प्रभाव विस्तार भविष्यमा देखिँदै जानेछन्। निजामती सेवामा सैनिक अधिकारीहरूलाई जिम्मेवारी दिने सन्दर्भ लोकतान्त्रिक मूल्य-मान्यता विपरीत हुन्छ। लोकतन्त्रले फौजी शक्तिमाथि सधैँ नागरिकहरूको नियन्त्रण अत्यावश्यक मान्छ। नागरिक नियन्त्रणको प्रत्याभूति निर्वाचित प्रतिनिधि र निर्वाचित प्रतिनिधिहरूले निजामती कर्मचारीहरूमार्फत निर्वाह गरिराखेका हुन्छन्। सैनिक बल अथवा सशस्त्र फौजीहरूलाई नागरिक प्रशासनको मातहतमा नराखी स्वतन्त्ररुपले छाडिदिँदा यसबाट प्राप्त हुने परिणामहरू अत्यन्त गम्भीर हुन सक्छन्। विश्व परिवेशमा यस प्रकारको अनुभव पटक-पटक हुँदै आएको छ। सुशासन कायम गर्ने प्रस्ट एजेन्डासहित सरकार अघि बढेको छ। सैन्यशक्तिमार्फत निजामती प्रशासनलाई नियन्त्रणमा लिएर प्रभावकारी परिचालन गर्ने सोच सरकारको हुन सक्छ। सैन्यशक्ति परिचालन गरेर देशको प्रशासन सुधार हुने पक्षमा प्रशासनविद्हरू कहिल्यै विश्वस्त हुन सकेका छैनन् र हुँदैनन्। विश्व परिवेशमा कहीँ कतै पनि यस प्रकारको प्रशासनिक सुधारको कल्पना गरिँदैन। यसलाई लोकतन्त्रमा ह्रासोन्मुख परिस्थिति सिर्जना गर्न हुँदै गएको सैन्यकरण भनिन्छ।


सचिव पद आफैँमा निजामती सेवाको सर्वोच्च पेसागत गन्तव्य हो। बाहिरबाट सचिव बनाएर निजामती प्रशासनलाई सञ्चालन गरिँदा धेरै प्रकारका नकारात्मक प्रभाव सिर्जना हुन्छन्। कर्मचारीहरूको मनोबल कमजोर बन्छ। संस्थागत स्मृतिमा असहज परिस्थिति सिर्जना हुन्छ। निजामती सेवाभित्र राजनीतीकरण अत्यधिक हुने सम्भावना प्रबल हुन्छ। कर्मचारीहरूको मनोबल मात्र होइन, अभिप्रेरित नहुने र यसको प्रत्यक्ष प्रभाव कार्यसम्पादनमा पर्ने प्रबल सम्भावना रहन्छ। समग्र निजामती संयन्त्र नै निस्प्रभावी बन्छ। आधुनिक सार्वजनिक प्रशासनमा उपयुक्त व्यक्ति, उपयुक्त प्रणालीअन्तर्गत रहेर उपयुक्त प्रक्रिया अवलम्बन गर्दै आफ्नो वृत्तिशृङ्खलामा अघि बढ्ने अवस्था बन्नुपर्दछ भनिन्छ। यी सबै पद्धति, प्रक्रिया र प्रणाली उल्लंघन भई अनुपयुक्त व्यक्तिका हातमा निजामती सेवाको जिम्मेवारी पुग्ने प्रबल सम्भावना रहन्छ। निजामती सेवाभित्र विशेष प्रकृतिका कार्यसम्पादन गर्ने प्रयोजनका लागि अपवादमा केही जनशक्ति करारबाट लिने व्यवस्था भएकै छ। यसलाई अन्यथा लिइँदैन। विद्वान् म्याक्स वेबरले कर्मचारीतन्त्रका आधारहरूमा योग्यता, पदानुक्रम, तटस्थता र वृत्तिविकास हुनुपर्छ भनेर जोड दिएका छन्। नेतृत्व तहमै बाहिरबाट प्रवेश गराउँदा अल्पकालीन व्यवस्थापन सम्भव हुन सक्छ। तर पेसागत चरित्र उत्प्रेरणा संस्थागत स्थायित्वमा प्रश्न जटिलरुपमा उठ्छ। सेनामा निर्वाचित प्रतिनिधिका साथै नागरिक नेतृत्व र प्रशासनको नियन्त्रण हुनै पर्दछ। सेना राष्ट्रिय सुरक्षा, सार्वभौमिकता, भौगोलिक अखण्डताको संरक्षणमा सीमित हुनुपर्छ। सेना सरकारकै अधीनमा रहनुपर्छ। निजामती सेवाको नियन्त्रणमा सेना रहनुपर्ने अर्को कारण उत्तरदायित्व र पारदर्शिता पनि हो। निजामती प्रशासन कानुन, नीति, संसदीय निगरानी र सार्वजनिक परीक्षणको दायरामा सञ्चालित हुन्छ। तर सैनिक संगठन आदेश, अनुशासन र गोपनीयताबाट परिचालित हुन्छ। प्रशासनिक, राजनीतिक प्रक्रिया र निर्वाचनमा सैनिकको प्रभाव बढ्दा सार्वजनिक उत्तरदायित्व असहमतिलाई सुरक्षा चुनौतीको तर्क दिई नागरिक अधिकारलाई संकुचित बनाउँदै जाने प्रवृत्ति देखिन्छ। व्यावसायिक सैनिक संस्था नागरिक नियन्त्रणमा राख्दा मात्र यसको प्रभावकारिता देख्न सकिन्छ भन्ने धारणा सामुएल ह्यान्डरगनले राखेका छन्। दीर्घकालीन राजनीतिक अस्थिरताको अवस्था सहजै बन्छ। नियन्त्रणमा रहँदा लोकतन्त्र संस्थागत विकास हुन्छ, स्थायित्व बलियो भएको सर्वत्र देख्न सकिन्छ।

> बाहिरबाट सचिव बनाएर निजामती प्रशासनलाई सञ्चालन गरिँदा धेरै प्रकारका नकारात्मक प्रभाव सिर्जना हुन्छन्। कर्मचारीहरूको मनोबल कमजोर बन्छ। संस्थागत स्मृतिमा असहज परिस्थिति सिर्जना हुन्छ। निजामती सेवाभित्र राजनीतीकरण अत्यधिक हुने सम्भावना प्रबल हुन्छ। कर्मचारीहरूको मनोबल मात्र होइन, अभिप्रेरित नहुने र यसको प्रत्यक्ष प्रभाव कार्यसम्पादनमा पर्ने प्रबल सम्भावना रहन्छ। समग्र निजामती संयन्त्र नै निस्प्रभावी बन्छ।

लोकतन्त्र र नागरिक सर्वोचताको विकल्प यो अवस्थाको सफल उदाहरण युकेमा स्पष्ट देख्न सकिन्छ। जर्मनमा संसद्को सेना भनिन्छ, यसलाई अर्को अर्थमा भन्दा जनताको सेना हो। जर्मनलगायत अन्य लोकतान्त्रिक मुलुक अस्ट्रेलियामा करियर सिभिल सर्भेन्ट वृत्ति प्रणालीमा आधारित कर्मचारीतन्त्रबाट निजामती प्रशासन सञ्चालित गरिएका छन्। तर अर्को कोणबाट हेर्दा दक्षिण-पूर्वी एसियामै पाकिस्तानमा यस प्रकारको अभ्यास बेलाबखत देखिने गरेको छ। बंगलादेशमा पनि छिटपुट यस्ता जिम्मेवारी दिइआएको पाइन्छ। जुन देशमा लोकतन्त्रको नाउँमा सैन्य प्रभाव अत्यन्त ज्यादा छ, त्यस ठाउँमा यो सम्भावना बढी देखिएको छ।

विश्व परिवेशको अध्ययन गर्दा लोकतान्त्रिक मुलुकहरूमा सेना निजामती प्रशासनकै मातहतमा हुन्छ। सेनासम्बन्धी उच्चस्तरीय निर्णयहरू निजामती प्रशासनले लिन्छ, निजामती प्रशासनमार्फत राजनीतिक नेतृत्वले निर्णय गर्ने गरिएको छ। शासनको लोकतान्त्रीकरण र निजामती सेवाको व्यवसायीकरण हुँदा मात्र मुलुकले उपयुक्त प्रतिफल प्राप्त गर्दछ। विश्वका सम्पूर्ण लोकतान्त्रिक मुलुकहरूले यही अनुभव सम्हालिराखेको पाइन्छ। त्यसैले निजामती प्रशासनलाई उसको व्यावसायिक मूल्य र मान्यता अनुकूल विकास गर्नु नै समग्र मुलुक र नागरिकहरूको हितमा हुनेछ। जर्मनी र बेलायतको अनुभव यस परिवेशमा लिनु अत्यन्त उपयुक्त हुन्छ। निजामती सेवामा सैनिक नेतृत्व आउनु भनेको विधिको शासनलाई चुनौती दिनु हो। अस्तव्यस्त बनाउनु हो। शासनमा रहनेहरूसँग दुईवटा मात्र विकल्प हुन्छ। पहिलो हो- राम्ररी बुझ्नुपर्ने कुरा के हो भने निजामती प्रशासनको विकल्प निजामती प्रशासन नै हुन्छ। यो प्रशासन वृत्तिशृङ्खलामा आधारित हुन्छ। यसका मूल्य र मान्यतामा कहिल्यै सम्झदारी गरिनुहुँदैन, गरिँदैन पनि। त्यसैले निजामती प्रशासनलाई मनोबल गिराएर शासनमा रहनेहरूले जनतालाई सेवा प्रदान गर्न सक्दैनन्। सुशासन प्रदान गर्ने विषय सम्भव हुँदैन। त्यसैले फौजी शक्तिमाथि निजामती प्रशासनको नियन्त्रण अपरिहार्य छ।

# 'केही कर्मसाधकहरू'सँग गाँसिएका जीवनाथ धमला



**हरिप्रसाद उप्रेती**

जीवनाथ धमला नेपाली साहित्यमा परिचित नाम हो। उनी विशेषतः विशिष्ट व्यक्तिहरूको वृत्तचित्र बनाउने कलामा सुपरिचित छन्। उनी नेपाल टेलिभिजनबाट प्रसारण हुने विभिन्न विशिष्ट व्यक्तिहरूका जीवनी र व्यक्तित्वमा आधारित वृत्तचित्रसँग जोडिएका छन्। नेपाल टेलिभिजनका दृश्यहरू सीमाविहीन भएर फैलिएजस्तै जीवनाथ धमलाको कर्म 'कर्मसाधकहरू'लाई पहिचान गर्ने गरी फैलिएको छ। उनका तिनै दृष्टिहरूको फैलावटबाट बनेको पुस्तकको नाम हो 'केही कर्मसाधकहरू'।

रेडियो नेपालमा समाचार वाचन गर्ने कृष्णा ताम्राकार, नेपाल टेलिभिजनमा 'विश्व घटना' प्रस्तुत गर्ने दुर्गानाथ शर्मा, रेडियो नेपालकै 'साहित्य संसार' कार्यक्रममा स्वर दिने दाहाल यज्ञनिधि, रेडियो नेपालमा 'घटना र विचार' प्रस्तुत गर्ने पुरुषोत्तम दाहाल र नेपाल टेलिभिजनबाट प्रसारण भएका विभिन्न विशिष्ट व्यक्तित्वहरूका जीवनी र व्यक्तित्वबारेका वृत्तचित्रमा प्रस्तुति दिने जीवनाथ धमला मलाई आ-आफ्ना क्षेत्रका उस्तै-उस्तै मानकजस्ता लाग्छन्।

मानवशास्त्र विषयको औपचारिक अध्ययन गरेका धमला त्यस प्राज्ञिकताको सीमाभन्दा पर पुगेर साहित्याकाशमा समेत फक्रिन र फुल्न पुगेका छन्। उनले नेपाल टेलिभिजनमा विशिष्ट व्यक्तिहरूका वृत्तचित्र मात्र बनाएका छैनन्, त्यसभित्र जीवन्तता र सरसता भरेर ती वृत्तचित्रलाई रुचिकर पनि बनाएका छन्। एक दर्जनभन्दा ज्यादा पुस्तकका रचनाकार र कैयौं फुटकर कविता तथा लेखका स्रष्टा बनिसकेका धमलाले नजिकबाट पर्गेलेका विभिन्न विधाका व्यक्तिहरूको जीवनी र व्यक्तित्वलाई समेटेर उक्त पुस्तक बनाएका छन्। उनको रोजाइमा परेका प्रायः कर्मसाधकहरूको बारेमा अन्य लेखकहरूले समेत सोधपत्र लेखेर विद्यावारिधि/महाविद्यावारिधि नै गरिसकेका भए पनि यस पुस्तकका लेखक धमलाका संक्षिप्त परिचयका झुल्काबाट कर्मसाधकहरू थप आलोकित भएका छन्।

कुनै पनि वस्तुलाई हेर्दा हेरिने ठाउँअनुसार अलग-अलग दृश्य देखिन्छ। दृश्यजस्तै व्यक्तिलाई हेर्ने दृष्टिकोण पनि समय र सन्दर्भअनुसार बेग्लाबेग्लै हुन्छ। एउटै व्यक्तिले एउटै व्यक्तिलाई हेर्ने र चिन्ने दृष्टिकोण पनि समय र सन्दर्भले फरक हुन सक्छ। लेखकले एउटै कर्मसाधकका बारेमा भिन्न-भिन्न समयमा लेखेका कुराहरूलाई भिन्नता देखाएर नै प्रस्तुत गरेका छन्। शीर्षकमा दोहोरोपना देखिए पनि खुराकमा पोखिएका विश्लेषण र दृष्टिकोणहरू फरक र मौलिक लाग्छन्।

यस पुस्तकभित्र समेटिएका कर्मसाधक व्यक्तित्वभित्र राजनीतिक क्षेत्रका ६ जना मुर्धन्य व्यक्तिहरू समावेश भएका छन्। साहित्य




क्षेत्रका अग्रज आठजना अनुहारहरू सजिएका छन्। ललितकला क्षेत्रका सातजना कलाकार र एक समूह गरी आठ शीर्षकमा विभिन्न अनुहारहरूलाई उभ्याएका छन्। प्राज्ञिक र शैक्षिक क्षेत्रबाट चारजना शिक्षासाधकहरू चयन भएका छन्। अनि समाज सेवा, पत्रकारिता र सांगीतिक क्षेत्रका विशिष्ट साधकहरू ६ जनालाई पुस्तकमा समावेश गरिएको छ।

लेखकले छनौट गरेका कर्मसाधकहरूका त्याग, तपस्या, योगदान, बलिदान, समर्पण, निष्ठा, परोपकार र साधकी जीवन अनि तीक्ष्ण क्षमता र प्रतिभाबाट प्रभावित भएर अक्षरहरू छरेका छन्। प्रशंसाका शब्दहरूमा भुल्भुलाएका छन्। उनको यस लेखनीले ती कर्मसाधकहरूको जीवनी र व्यक्तित्व अझ उज्यालिन पुगेको छ।

यस पुस्तकले धमलाको रुचि, समर्पण र सम्बन्धलाई सविस्तार चिनाएको छ। उनी आफ्नो क्षेत्र र परिवेशभन्दा टाढा पुगेका छन्। आफ्नो क्षेत्रभन्दा अन्य क्षेत्रका आफूलाई प्रभाव पार्ने व्यक्तिहरूको बयान गर्दै सार्वजनिक भएका पाटाहरूको र आफैसँग गाँसिएका नयाँ-नयाँ सम्बन्ध एवं घटनाहरूलाई पुस्तकका शब्दचित्रभित्र समेटिएको छ। उनी जहाँ-जहाँ पुगे, जस-जसलाई भेटे र जस-जसको प्रभाव उनीभित्र पर्‍यो, ती कुराहरूलाई यस पुस्तकको सामग्री बनाएर समेटेका छन्।

पहिले सार्वजनिक नभएका कर्मसाधकहरूका इतिहासहरू जानकारी पाउँदा पाठकहरूलाई पुस्तकभित्र मोती भेटिएको अनुभूति हुन्छ। ती व्यक्तित्वहरूको चित्रण गर्दा उनले राजनीतिक विचारबाट उन्मुक्त भएर विश्लेषण गरेका छन्। उनका हेराइहरूमा विशिष्टता झुल्किएका छन्।

हरेक कर्मसाधकहरूलाई विधाअनुसार अलग-अलग पुस्तकमा समेटेको भए पाठकहरूले ती कर्मसाधकहरूको बारेमा अझ धेरै कुरा जान्न-बुझ्न पाउने थिए होला। त्यस्तो विस्तृत सोध गर्ने काम अरूबाट पहिल्यै भइसकेको हुनाले लेखकले यसरी एकै पुस्तकमा समेटेको हुन सक्छ। तैपनि पाठकहरूमा जाग्ने त्यस प्रकारको भोक भने यस पुस्तकले मेटाउन सक्दैन। पाठकहरूको त्यो भोक मेटाउन प्रत्येक विधाका बेग्लाबग्लै व्यक्तित्वहरूको बेग्लाबेग्लै पुस्तकहरूको अपेक्षा गरे भने त्यो अपेक्षा पूरा गर्नुपर्ने दायित्व लेखकको काँधमा थपिन सक्छ।

सबै कर्मसाधकहरूको साधना समान रूपको र समान ओजनको नहोला पनि। तथापि ती कर्मसाधकहरूलाई समान बनाएर समेटिएको विषयमा पाठकहरूले चित्त नबुझाउन पनि सक्छन्। कर्मसाधकहरूको योगदानहरूको मानक बनाएर त्यस मानकभित्र पर्नेहरूको प्रस्तुति दिएको भए पाठकहरूलाई व्यक्तित्व पहिचान गर्न सहज हुने थियो भन्ने लाग्छ।

पुस्तकमा शीर्षक, उपशीर्षक वा खण्डहरू नछुट्टिएकाले अनि सिङ्गो आलेखभित्रका अन्तर वस्तुहरू नछुट्याइएको कारणले सम्बन्धित व्यक्तिबारेको समग्र आलेख पढेर समुद्रबाट मोतीको खोजी गरेजस्तै खोज्नुपर्ने हुनाले धैर्यता र लामो प्रयास गरेपछि मात्र पाठकहरूले मोती भेटेको अनुभूत गर्नेछन्। मोती फेला पार्न त्यति सहज पनि त हुँदैन।

पुस्तकको मूल्य रु. ६९९/- राखेको देख्दा त्यसमा व्यापारिक भाव झल्केको कल्पन्छ मेरो मनले। त्यसलाई ७ सय रुपियाँ नै पारेको भए पनि के बिग्रिन्थ्यो र ? लेखकको सरलता र स्पष्टता नै झल्कने थियो भन्ने लाग्छ। प्यासिफिक पब्लिकेसन प्रा. लि. ले प्रकाशनमा ल्याएको यो पुस्तकको आकार पाद टिप्पणीसहित ३३६ पृष्ठमा फैलिएको भए पनि पढ्दा रुचिकर नै भएर पुस्तक टुंगिन्छ। लेखक धमलाको सिर्जनशील कलम अझ तिख्खर भएर नयाँ सिर्जना बोकी पाठकहरूमाझ आइरहोस्।

देशभरका ३६४ वटा अस्पताललाई दुई अर्ब भुक्तानी

# अझै पनि अन्योलमै छ स्वास्थ्य बीमा

भगवती तिमल्सिना, काठमाडौं

स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत देशभरका ३६४ वटा अस्पताल तथा स्वास्थ्य संस्थालाई करिब दुई अर्ब रुपैयाँ भुक्तानी गरेको छ। अर्थ मन्त्रालयले असार ४ गते बोर्डको खातामा रकम पठाएपछि उक्त रकम सम्बन्धित स्वास्थ्य संस्थाहरूलाई वितरण गरिएको बोर्डले जनाएको छ। लामो समयदेखि भुक्तानी अभाव, सेवा अवरोध र नागरिकको बढ्दो असन्तुष्टिका कारण स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारितामाथि गम्भीर प्रश्न उठ्न थालेपछि भुक्तानी गरेको हो।

बोर्डका अनुसार बीमा कार्यक्रममा आबद्ध बिरामीलाई सेवा उपलब्ध गराएबापत अस्पतालहरूले दाबी गरेको रकममध्ये ठूलो हिस्सा यसपटक भुक्तानी गरिएको हो। तर स्वास्थ्य क्षेत्रका जानकारहरू यो रकम विगतका बक्यौता दायित्वको तुलनामा पर्याप्त नभएको र कार्यक्रमको संरचनागत समस्या अझै समाधान नभएको बताउँछन्।

देशभरका धेरै सरकारी, सामुदायिक तथा निजी अस्पतालहरूमा स्वास्थ्य बीमा सेवासम्बन्धी अन्योल अझै कायम छ। कतिपय अस्पतालले 'बीमा सेवा उपलब्ध छैन' वा 'हाल बीमामार्फत सेवा दिन सकिँदैन' भन्ने सूचना टाँसेका छन्। बीमा कार्ड बोकेर अस्पताल पुगेका सेवाग्राहीले औषधी, परीक्षण र उपचारका लागि आफ्नै खर्च गर्न बाध्य भएको गुनासो बढ्दो छ।

स्वास्थ्य बीमा कार्यक्रम सुरु हुँदा नागरिकलाई सहज, सुलभ र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य राखिएको थियो। तर कार्यान्वयनको एक दशक नपुग्दै कार्यक्रमप्रति नागरिकको विश्वास कमजोर बन्दै गएको देखिन्छ। बीमा शुल्क तिरेर सदस्य बनेका नागरिकले आवश्यक परेको समयमा सेवा नपाउने अवस्था सिर्जना भएपछि कार्यक्रम 'सामाजिक सुरक्षा' भन्दा 'औपचारिकता' मा सीमित हुन थालेको आलोचना भइरहेको छ।

स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले भने समयमै दाबी भुक्तानी नपाउँदा आर्थिक संकट झेलनुपरेको बताउँदै आएका छन्। केही अस्पतालले त विगतमा सेवा बन्द गर्ने चेतावनीसमेत दिएका थिए। स्वास्थ्य बीमा बोर्ड र अर्थ मन्त्रालयबीच बजेट व्यवस्थापन तथा भुक्तानी प्रक्रियामा देखिएको ढिलाइको प्रत्यक्ष असर सेवाग्राही र अस्पताल दुवैमा परेको छ।

स्वास्थ्य क्षेत्रका सरोकारवालाहरूका अनुसार बीमा कार्यक्रम लागू भएयता अस्पताल सेवाको शुल्क उल्लेख्य रूपमा बढेको छ। बिरामी दर्ता, विशेषज्ञ परामर्श, प्रयोगशाला परीक्षण, शल्यक्रिया तथा अन्य उपचार सेवामा शुल्क वृद्धि हुँदा यसको आर्थिक भार अन्ततः नागरिकमाथि नै परेको छ। बीमा प्रणालीका आधारमा सेवा विस्तार गर्ने नीति लिइए पनि त्यससँगै शुल्क नियन्त्रण र नियमनको प्रभावकारी संयन्त्र विकास हुन नसकेको आरोप छ।

नागरिक अगुवाहरूको भनाइमा सरकारले बीमाको नाममा स्वास्थ्य सेवा पहुँचयोग्य बनाउने प्रतिबद्धता जनाए पनि व्यवहारमा नागरिकले दोहोरो भार व्यहोर्नुपरेको छ। एकातिर बीमा शुल्क तिर्नुपर्ने, अर्कोतर्फ अस्पतालमा सेवा नपाउँदा पुनः आफ्नै खर्चमा उपचार गर्नुपर्ने अवस्था छ। निजी अस्पतालमा उपचार गराउन बाध्य हुने बिरामीले विभिन्न शीर्षकमा अतिरिक्त शुल्क र करसमेत तिर्नुपर्ने सरकारको निर्णय अव्यावहारिक भएको गुनासो बढिरहेको छ।

स्वास्थ्य नीति विश्लेषकहरू भन्छन्- 'यदि बीमा कार्ड बोकेको नागरिकले अस्पतालमा सेवा पाउँदैन भने त्यो कार्यक्रमको सफलतामाथि नै प्रश्न उठ्छ। सरकारको भूमिका केवल पुरानो बक्यौता भुक्तानी गर्ने मात्र होइन, नागरिकले वास्तविक रूपमा सेवा पाए-नपाएको सुनिश्चित गर्नु पनि हो।'

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का पूर्व अध्यक्ष तथा हेल्पिङ ह्याण्डका बोर्ड सदस्य डा.कृष्णप्रसाद अधिकारी भन्नुभयो- 'अहिलेको ढंगले बीमा चल्दैन। अहिलेको अवस्थामा सरकारले एकैपटक ६० प्रतिशत औषधी खरिद गरेर बढी खर्च औषधीमा देखाएको छ। बीमालाई सुचारु ढंगले चलाउनका लागि बीमाको डाक्टर तोकिनुपर्छ, प्रोटोकल तोकिनुपर्छ र डाक्टरलाई प्रोत्साहन शुल्कसमेत तोकेर सम्झौता गर्नुपर्छ। यसका साथै नेपाल औषधी लिमिटेडले बीमाका बिरामीलाई उपलब्ध गराउने गुणस्तरीय औषधी ४० देखि ६० प्रतिशत उत्पादन गर्ने हुनुपर्छ।'

अहिले बीमा बैंकका कर्मचारी, निजामती कर्मचारी, स्वास्थ्यका कर्मचारी, खोप, सेना, पुलिसलगायतका १३ वटा निकायको छुट्टा छुट्टै बीमा छ। उहाँका अनुसार बीमालाई एकीकृत गरेर औषधी लागतका आधारमा उपलब्ध गराउनुपर्छ। यसका लागि सफ्टवेयर पनि साझा हुनुपर्छ र नागरिक एपबाट चल्ने हुनुपर्छ।

विज्ञहरूका अनुसार नागरिकको आयस्तर कमजोर रहेको अवस्थामा स्वास्थ्य क्षेत्रमा थप आर्थिक बोझ थोपर्नुभन्दा सरकारले उपचार खर्च घटाउने, रोगको रोकथाम गर्ने र नागरिकको आम्दानी वृद्धि हुने नीति लागू गर्नुपर्छ। नागरिक स्वस्थ, उत्पादक र आर्थिक रूपमा सक्षम भएपछि कर तथा योगदानका विषय स्वाभाविक बन्छन्। तर सेवा नै नपाउने अवस्थामाथि थप आर्थिक भार उचित हुँदैन भन्ने उनीहरूको तर्क छ।

दुई अर्ब रुपैयाँ भुक्तानीले तत्कालका लागि केही अस्पताललाई राहत दिएको भए पनि स्वास्थ्य बीमा कार्यक्रमको मूल प्रश्न भने यथावत् छ, 'बीमित नागरिकले आवश्यक परेको बेला सहज रूपमा उपचार पाउने कि नपाउने ? यही प्रश्नको जवाफले कार्यक्रमको भविष्य निर्धारण गर्नेछ। अहिलेको अवस्था हेर्दा नागरिकले तिरेको शुल्कको प्रतिफल सुनिश्चित गर्ने जिम्मेवारीबाट सरकार अब थप समय उम्किन सक्ने अवस्थामा देखिँदैन।

## रास्वपामा...

आदिवासी जनजातितर्फ ९ जना निर्वाचित हुनेछन्। यस समूहबाट ५ पुरुष र ४ महिला निर्वाचित हुने निर्वाचन समितिले जनाएको छ। मधेसी समूहबाट ८ जना निर्वाचित हुनेछन्, जसमा ५ पुरुष र ३ महिला रहनेछन्। दलित समूहबाट ४ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन्। यसमा २ पुरुष र २ महिला रहने व्यवस्था गरिएको छ।

त्यस्तै मुस्लिम समूहबाट २ जना निर्वाचित हुनेछन्, जसमा १ पुरुष र १ महिला रहनेछन्। यसका अतिरिक्त सातै प्रदेशबाट पाँच-पाँच जनाका दरले ३५ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन्।

## बजेटमा...

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनले प्रदेशको बजेट १ असार र स्थानीय सरकारहरूको बजेट १० असारभित्र सम्बन्धित सभामा पेश गर्नुपर्ने भनी तोकेको छ। गाउँपालिका राष्ट्रिय महासंघ नेपालका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद प्याकुरेलले केही स्थानीय तहका प्रमुख तथा अध्यक्षको आकस्मिक रूपमा स्वास्थ्य समस्या हुँदा सभामा बजेट पेस गर्न नसकिएका, केही स्थानीय तहमा आन्तरिक विवाद र कतिपय स्थानीय तहले तयारी नपुगेकाले र प्रमुख प्रशासकीय अधिकृत सरुवा भएकाले बजेट सभामा पेस गर्न नसकेको बताउनुभयो।

४ सय ४६ वटा गाउँपालिकाले बजेट पेश गरेको गाउँपालिका राष्ट्रिय महासंघले जनाएको छ। १४ गाउँपालिका भने अध्यक्षको अनुपस्थिति, प्रशासनिक फेरबदल र आन्तरिक विवादका कारण समयसीमामा बजेट पेश गर्न सकेनन्। त्यसमध्ये पनि ५ वटा गाउँपालिकामा नीति तथा कार्यक्रम पेश भएको तर बजेट पेश नभएको पाइएको छ।

महासंघका अनुसार कोशी प्रदेशमा ८८ गाउँपालिका रहेकामा ३ वटा गाउँपालिकाले बजेट ल्याउन सकेनन्। मधेसमा ५९ गाउँपालिकामध्ये ३ वटाको बजेट आएन। बागमतीका ७३ गाउँपालिकामध्ये एउटामा बजेट सार्वजनिक नभएको देखिएको छ। गण्डकीमा ८५ गाउँपालिका रहेकामा सबै गाउँपालिकामा बजेट आएको छ। लुम्बिनीमा ७३ गाउँपालिका रहेकोमा ३ वटाले समयमै बजेट ल्याउन सकेनन्। सुदूरपश्चिम र कर्णालीका ५४/५४ गाउँपालिका मध्ये २/२ वटा गाउँपालिकाले बजेट ल्याउन नसकेको देखिएको छ।

समयमै बजेट पेश गर्न नसक्नुमा तयारी नपुगेको, अध्यक्ष अस्वस्थ भएको, अध्यक्षको परिवारका सदस्य बिरामी हुँदा जिल्ला बाहिर रहेको जस्ता कारण देखाइएको छ। यस्तै प्रमुख प्रशासकीय अधिकृत सरुवा भएको, बजेट निर्माणमा सहमति नजुटेको समेत कारण देखिएको महासंघले जनाएको छ। १० असारमा पेश गर्न नसकेका गाउँपालिकाले केही दिनमै बजेट ल्याउने बताएको महासंघको भनाइ छ। महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका गरी २ सय ९३ मध्ये १५ नगरपालिकाले मात्र समयमा तोकिएको समयमा बजेट पेश गर्न सकेन।

समयमै बजेट ल्याउन नसकेमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट हुने कार्य सम्पादन मूल्यांकन मापनमा असर पर्छ। सभामा बजेट पेस गर्न नसक्ने २९ स्थानीय तहलाई आगामी आर्थिक वर्षका लागि संघीय सरकारले प्रदान गर्ने समानीकरण अनुदान शीर्षकको पाँच अंक कटौती हुने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनाएको छ। आयोगका प्रवक्ता सुकुदेवप्रसाद बाँस्कोटाले असार १० गतेभित्र सभामा बजेट पेस गर्न नसक्ने स्थानीय तहले कार्यसम्पादनमा आधारित सूचकबाट पाउने वित्तीय समानीकरण अनुदानअन्तर्गत कार्यसम्पादन सूचकमा आधारित अनुदान घट्ने बताउनुभयो।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनमा स्थानीय तहका लागि गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ र नगर सभामा पेस गरे वा नगरेको सूचकका लागि पाँच अंक प्रदान गर्ने व्यवस्था गरेको छ। त्यस्तै असार मसान्तभित्र स्थानीय तहको सभाले बजेट पारित गरे वा नगरेको भन्ने सूचकका लागि अर्को पाँच अंक तोकिएको छ। त्यस्तै आयोगले विभिन्न १७ वटा सूचकलाई आधार मानेर १०० नम्बर प्रदान गर्छ।

## १५ दिन...

यस वर्षको मनसुन अवधिमा वर्षा कम हुनुका साथै दिउँसो र रातिको तापक्रम (अधिकतम र न्यूनतम तापक्रम) समेत औसतभन्दा बढी हुने प्रक्षेपण गरिएको छ। यसले गर्दा जनस्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने विज्ञहरूको चेतावनी छ।

खासगरी तराई क्षेत्रमा कृषि उत्पादकत्व र दैनिक जनजीवनमा प्रभाव पार्ने देखिएको छ। केही वर्षयता जलवायु परिवर्तनको प्रभावका कारण मौसममा व्यापक फेरबदल देखिएको छ। वर्षायाममा पनि कुनै ठाउँमा अत्यधिक पानी पर्ने र कुनै ठाउँमा पानी नै नपर्ने खण्डवृष्टि अवस्था देखिने गरेको छ।

यो वर्ष सुरुमा बढी त्यसपछि कम फेरि अन्तिमतिर बढी वर्षा हुने सम्भावना छ, अर्थात् भदौ अन्तिम सातादेखि असोज महिनाभित्र मौसम बाहिरिने समयमा ठूलो वर्षा हुने सम्भावना रहेको मौसमविद्हरूको दाबी छ।

यो वर्ष छोटो अवधिमा हुने अत्यधिक वर्षा, बढ्दो तापक्रम र पानीको अभावले मनसुन अझ खतरनाक बन्न सक्ने आशंका छ। मौसमविद्ले मनसुनी प्रणालीको निरन्तर निगरानी गरिरहेको जनाउँदै आवश्यकताअनुसार मौसमसम्बन्धी सूचना र पूर्वानुमानको आधारमा मात्र आफ्नो योजना बनाउन र घर छाडेर बाहिर जान आग्रह गरेको छ।

साथै सर्वसाधारण तथा सरोकारवाला निकायलाई मौसम विज्ञान विभागले जारी गर्ने 'तीनदिने मौसम बुलेटिन' नियमित रूपमा हेर्न र मौसमसम्बन्धी अद्यावधिक सूचनामा ध्यान दिन आग्रह गरेको छ। यो वर्षको मौसम पूर्वअनुमान गर्दै मौसमविद् अर्यालले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'पूर्वी नेपालमा मनसुन आइपुगे पनि यो कम्तीमा एक हप्ता पश्चिमी नेपाल नपुग्न सक्छ।'

पश्चिमी वायु अझै सक्रिय छ र मनसुनीय हावा त्यति बलियो छैन, त्यसैले सम्पूर्ण नेपालमा पुग्न धेरै समय लागिरहेको छ। यस मनसुनमा औसतभन्दा कम वर्षा हुने देखाएको छ। यद्यपि यो परिवर्तन भइरहेको छ त्यसैले पूर्वी नेपालमा सामान्य वर्षा हुन सक्छ, केही ठाउँमा अझै कम वर्षा हुन सक्छ। पश्चिमी नेपालमा सामान्यभन्दा कम वर्षा हुने सम्भावना छ र पश्चिमी तराईमा धेरै कम वर्षा हुन सक्ने उहाँको भनाइ थियो।

## पदाधिकारी...

हालसम्म सार्वजनिक मतपरिणामअनुसार विभिन्न प्रदेशबाट प्रतिनिधित्व गर्ने उम्मेदवारहरूबीच प्रतिस्पर्धात्मक नतिजा देखिएको छ। केही वर्तमान सांसद तथा केन्द्रीय नेताहरूले उच्च मत प्राप्त गरेका छन् भने नयाँ अनुहारहरूले पनि उल्लेख्य समर्थन पाएका छन्।

केन्द्रीय सदस्यहरूको अन्तिम मतपरिणाम सार्वजनिक भएपछि मात्रै पदाधिकारी निर्वाचनको संशोधित कार्यतालिका घोषणा गरिने जनाइएको छ। त्यसपछि सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री र कोषाध्यक्षलगायत पदका लागि निर्वाचन प्रक्रिया अघि बढ्नेछ।

रास्वपाको प्रथम महाधिवेशनलाई पार्टीको भावी नेतृत्व चयन गर्ने महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ। त्यसैले प्रतिनिधिहरूको ध्यान अहिले केन्द्रीय सदस्यको अन्तिम मतपरिणाम र त्यसपछि हुने पदाधिकारी निर्वाचनतर्फ केन्द्रित रहेको छ।

## भेनेजुएलामा...

कतिपय स्थानमा भग्नावशेषबाट अझै मानिसको आवाज सुनिएको बताइएपछि उद्धार कार्यलाई थप तीव्र बनाइएको छ। भूकम्पपछि राजधानी काराकासको जनजीवन पूर्णरूपमा प्रभावित भएको छ। विद्युत् आपूर्ति अवरुद्ध भएको छ भने दूरसञ्चार सेवा पटक-पटक अवरुद्ध भइरहेको छ। मुख्य अन्तर्राष्ट्रिय विमानस्थल सिमोन बोलिभार एयरपोर्टमा संरचनागत क्षति पुगेपछि उडानहरू स्थगित गरिएका छन्।

त्यस्तै, मेट्रो सेवा, रेल सेवा तथा ग्यास आपूर्ति अस्थायी रूपमा बन्द गरिएको छ। विद्यालयहरू बन्द गरिएका छन् भने सार्वजनिक भवनहरूलाई अस्थायी राहत शिविरमा परिणत गरिएको छ।

भूकम्पपछि हालसम्म २० भन्दा बढी पराकम्प रेकर्ड गरिएको छ। निरन्तर पराकम्प आइरहेकाले लाखौं नागरिक खुला स्थान, पार्क तथा अस्थायी टेन्टमा रात बिताउन बाध्य भएका छन्।

अधिकारीहरूले क्षतिग्रस्त भवनमा प्रवेश नगर्न र सतर्क रहन आग्रह गरेका छन्। कतिपय स्थानमा पहिरो र थप संरचनागत क्षतिको जोखिम कायमै रहेको जनाइएको छ।

विपत्तिपछि विभिन्न देश तथा अन्तर्राष्ट्रिय संस्थाहरूले भेनेजुएलालाई सहयोगको प्रस्ताव गरेका छन्। अमेरिका, मेक्सिको, इक्वेडर, एल साल्भाडोर, कतार तथा युरोपेली मुलुकहरूले उद्धार टोली, चिकित्सा सामग्री र राहत सहायता पठाउने प्रतिबद्धता जनाएका छन्।

संयुक्त राष्ट्रसंघले पनि राहत तथा पुनःस्थापनामा सहयोग गर्ने जनाएको छ। विभिन्न अन्तर्राष्ट्रिय खोज तथा उद्धार टोलीहरू प्रभावित क्षेत्रमा पुग्न थालेका छन्।


## हिमनदी बचत तथा ऋण सहकारी संस्था लि. भोलगणेश, ९ ललितपुरको धितोमा रहेको जग्गा लिलाम विक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८३/०३/१२**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणीहरुले उल्लेखित अचल सम्पत्ति सुरक्षण वापत धितो राखी लिएको ऋण समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज समेत नबुझाइ ऋण लिंदाका बखत गरिएको शर्त उल्लंघन गर्नु भएको र पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋण चुक्ता नगरेकोले ऋण चुक्ता गर्नको लागि मिति २०८३ बैशाख ८ गते मंगलबार नेपाल समाचारपत्र दैनिक प्रत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत साँवा, व्याज, व्याज विलम्ब र हर्जाना चुक्ता नगरेकोले सो ऋणको बाँकी सम्पूर्ण रकम चुक्ता गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपशिलका ऋणी तथा धनजमानीकर्ताले अविलम्ब यस संस्थामा सम्पर्क राखी उक्त ऋणको सम्पूर्ण बाँकी रकम चुक्ता गरि सुरक्षणमा राखिएको आफ्नो सम्पत्ति संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिन्छ। उक्त मिति भित्र नबुझाएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र प्रदेश सहकारी नियमावली २०७६, संस्थाको विनियम, कर्जा लगानी तथा असुली नीति एवं अन्य प्रचलित कानुन बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा तल उल्लेखित मिति, समय र स्थानमा यस संस्थालाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा शिलबन्दी बोलकवोल मार्फत लिलाम बिकी गरिने हुँदा इच्छुक महानुभावहरु समेतको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| क.सं | ऋणीको/व्यक्तिगत धन जमानीकर्ताको विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १ | ऋणीको नाम थर – सरिता ब्यञ्जनकार<br>ऋणीको बाबुको नाम थर – कर्मलाल डंगोल<br>पतिको नाम थर – अष्टबीर ब्यञ्जनकार<br>ससुराको नाम थर – अष्टमान ब्यञ्जनकार<br>ठेगाना – ललितपुर महानगरपालिका वडा नं ९<br>ना.प्र.प.नं. – ५७९७८ जि.प्र.का ललितपुर |  | मालपोत कार्यालय ललितपुरमा श्री सरिता ब्यञ्जनकार र बिन्द्रा देवी नेम्कुल प्रधानको नाममा सयुंक्त दर्ता कायम भएको ललितपुर जिल्ला लामाटार गा.बि.स ५/ल कि.नं.६ क्षेत्रफल.१४-२-१-० जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |
| क) | धनजमानीकर्ताको नाम थर – बिन्द्रा देवी नेम्कुल प्रधान<br>बाबुको नाम थर – राम प्रसाद प्रधान<br>पतिको नाम थर – अष्ट बहादुर नेम्कुल<br>ससुराको नाम थर – जगतलाल नेम्कुल<br>ठेगाना – सिद्दिपुर वडा १ भई हाल महालक्ष्मी न.पा वडा नं ६<br>ना.प्र.प.नं. – ६६६६८ जि.प्र.का ललितपुर |  | मालपोत कार्यालय ललितपुरमा श्री सरिता ब्यञ्जनकार र बिन्द्रा देवी नेम्कुल प्रधानको नाममा सयुंक्त दर्ता कायम भएको ललितपुर जिल्ला लामाटार गा.बि.स ५/ल कि.नं.६ क्षेत्रफल.१४-२-१-० जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |
| ख) | धनजमानीकर्ताको नाम थर – अष्टबीर ब्यञ्जनकार<br>बाबुको नाम थर – अष्टमान ब्यञ्जनकार<br>बाजेको नाम थर – महन्तलाल ब्यञ्जनकार<br>हालको ठेगाना – ललितपुर महानगरपालिका वडा नं ९<br>ना.प्र.प.नं. – ११/१५५ जि.प्र.का. ललितपुर |  | |
| ग) | धनजमानीकर्ताको नाम थर – अष्ट बहादुर नेम्कुल<br>बाबुको नाम थर – जगतलाल नेम्कुल<br>बाजेको नाम थर – जगत बहादुर नेम्कुल<br>ठेगाना – सिद्दिपुर वडा १ भई हाल महालक्ष्मी न.पा वडा नं ६<br>ना.प्र.प.नं. – १४८९६ जि.प्र.का. ललितपर |  | |

**धितो लिलामी गोप्य शिलवन्दी वोलपत्र सम्वन्धि शर्तहरु :-**

१. प्रस्तुत सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता नभएमा ३६ औं दिनमा संस्थालाई प्राप्त हुन आएका शिलवन्दी वोलपत्रहरु संस्थाको कार्यालयमा अपरान्ह ४ वजे सरकारी प्रतिनिधीको रोहवरमा खोली उक्त जायजेथा लिलाम विकी गरिने छ। उक्त दिनमा कुनै आकस्मिक बिदा परेमा सो दिनको भोलीपल्ट सोहि समय र स्थानमा वोलपत्रहरु खोलिने छ।
२. धितो लिलामी शिलवन्दी वोलपत्रमा भाग लिने व्यक्तिले कबोल अंकमा १० प्रतिशतले हुने रकम तत्काल नगद धरौटि राख्नु पर्ने छ। धितो लिने गरि स्वीकृत बोल कबोलवालाले सो धितो दा.खा. हुँदा लाग्ने सरकारी दस्तुर स्वयंले व्यहोर्नु पर्नेछ।
३. अधिकतम अंक कबोल गर्ने व्यक्तिलाई धितो विकी गरिने छ। धितो सकार गर्ने व्यक्तिले लिलामी स्वीकृत भएको मितिले ७ दिन भित्र बाँकी रकम नबुझाएमा धरौटी वापत रहेको १० प्रतिशत रकम स्वतःजफत हनेछ।
४. लिलामी शिलवन्दी वोलपत्रमा सो सम्पती कसैले सकार नगरेमा सो सम्पतीको स्वामित्व कानुन बमोजिम संस्था आफैले लिन सक्ने छ।
५. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार संस्थाको लिलामी उप समितिमा निहित रहनेछ।

डि.स.का.ल.पु.दर्ता नं. ७३०/२०६६/०६७ पान : ३०४२६८९७७

हिमनदी वचत तथा ऋण सहकारी संस्था लिमिटेड
HIMNADI Saving & Credit Cooperative Society Ltd.
भोलगणेश, वडा नं ०९ ललितपुर महानगरपालिका सम्पर्क नं ०१-५४२१२९५, ०१-५४०७१०३, ९८४००८७१०३
Email : himnadisacos@gmail.com



## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

याद बहादुर सिनको छोरी, कृष्ण बहादुर मल्लको श्रीमती, रुकुम पूर्व जिल्ला, सिस्ने गाउँपालिका वडा नं. ०६ स्थायी ठेगाना भई हाल लुम्बिनी प्रदेश, रुकुम पूर्वी भाग जिल्ला, सिस्ने गाँउपालिका वडा नं. ०६ बस्ने **चन्द्र कुमारी** भन्ने **चन्द्र कुमारी मल्ल**ले यस शाखामा बचत खाता नं. २०६१५२४०३००९७७ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८२।११।१७ मा निज खातावाला चन्द्र कुमारी भन्ने चन्द्र कुमारी मल्लको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने **यज्ञ प्रकास मल्ल**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायत अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज मृतक **चन्द्र कुमारी** भन्ने **चन्द्र कुमारी मल्ल**को नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको **दाङ शाखामा** आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
दाङ शाखा, शहीद रोड, घोराही, दाङ, फोन ०८२-५६२८१५/५६२८१४



## संस्थापक समूहको शेयर बिक्री सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८३/०३/१२**

यस वित्तीय संस्थाको तपशिलमा उल्लेखित संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयरहरु मध्ये जम्मा शेयर १,७२,६३४ कित्ता विक्री गर्न संस्थामा आवेदन दिनुभएकोले सो संस्थापक शेयर खरिद गर्न यस वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि विभिन्न मितिमा सूचना प्रकाशित गरिएको थियो उक्त संस्थापक शेयरधनीहरुको शेयर खरिद विक्री गर्न सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र विद्यमान संस्थापक शेयरधनीहरुलाई शेयर खरिद गर्न निवेदन दिन आव्हान गरिएकोमा तपशिलमा उल्लेखित संस्थापक शेयरधनीको शेयर खरिद गर्ने निवेदन पर्न नआएकोले यस वित्तीय संस्थाको संस्थापक शेयर खरिद गर्न ग्राह्य इच्छुक बाह्य व्यक्तिहरुबाट आवश्यक कागजात सहित संस्थापक शेयर खरिद गरी लिन यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय मध्यपुर थिमी-१, लोकन्थली, भक्तपुरमा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र लिखित निवेदन पेश गर्न आव्हान गरिन्छ।

**तपशिल**

| क्र.सं. | बिक्री गर्न चाहेको संस्थापक शेयरधनी | बिक्री गर्न चाहेको शेयर कित्ता |
|---|---|---|
| १ | श्री बिनोद कुमार अग्रवाल | ४४,६२३ |
| २ | श्री कोपिला राई | १,००,००० |
| ३ | श्री बासु खड्का | ५,३६० |
| ४ | श्री कुमार भट्टराई | ४४७ |
| ५ | श्री कुमारी शान्ता आचार्य | ९,३४८ |
| ६ | श्री भुवन सिंह तामाङ | ८,००० |
| ७ | श्री लक्ष्मी भण्डारी | ४,८५६ |
| जम्मा कित्ता शेयर | | १,७२,६३४ |

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.
NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था
केन्द्रीय कार्यालय : बनेपा नगरपालिका वडा नं. ८, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालय, मध्यपुर थिमी-१, भक्तपुर लोकन्थली
फोन नं. ०१-५९२८१६१/५९२८१६२
E-mail : info@nerudemirmire.com.np
Website : www.nerudemirmire.com.np



## ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड
Om Megashree Pharmaceuticals Limited

रजिस्टर्ड कार्यालय : लाखेचौर मार्ग, नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल
फोन नं.: ०१-५२४४३१०, इमेल : info@ommegashreepharmaceuticals.com
वेभसाइटः www.ommegashreepharmaceuticals.com

### विशेष साधारण सभा सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१२ गते शुक्रवार)*

यस कम्पनीको सञ्चालक समितिको मिति २०८३/०३/ ११ गते बिहीवार बसेको १२ औं बैठकको निर्णयअनुसार ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडले रोयल फर्मास्युटिकल्स प्रा.लि.लाई प्राप्ति गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३, धितोपत्रसम्बन्धी प्रचलित कानुन तथा सम्बन्धित नियामक निकायहरूको नियमबमोजिम देहायको मिति, समय र स्थानमा विशेष साधारण सभा बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान**

मिति : **२०८३ साल ०३ महिना २८ गते आइतवार (१२ जुलाइ, २०२६)**
समय : **बिहान ९:०० बजे**
स्थान : **कम्पनी उद्योग परिसर, जुगेडी, भरतपुर महानगरपालिका वडा नं. २९, चितवन**

**छलफलका विषयहरू:**

**क) विशेष प्रस्तावहरू**

१. ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडले रोयल फर्मास्युटिकल्स प्रा.लि.लाई प्राप्ति गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने ।
२. प्राप्ति प्रक्रियाका सम्बन्धमा हालसम्म भएका काम–कारबाही, निर्णय, पत्राचार, नियामक निकायसँग भएका प्रक्रिया तथा आवश्यक कार्यहरू अनुमोदन गर्ने ।
३. Due Diligence Audit (DDA) प्रतिवेदन तथा सोसँग आबद्ध सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन र स्वतन्त्र मूल्याङ्कनकर्ताको सिफारिसका आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात/शेयर आदान–प्रदान अनुपात स्वीकृत गर्ने ।
४. रोयल फर्मास्युटिकल्स प्रा.लि.लाई ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडले प्राप्ति गर्नेसम्बन्धी अन्तिम समझदारीपत्र, प्राप्ति योजना, व्यावसायिक योजना तथा आवश्यक अन्य कागजातहरू स्वीकृत गर्ने ।
५. प्राप्तिपश्चात् रोयल फर्मास्युटिकल्स प्रा.लि.का शेयरधनीहरूलाई स्वीकृत शेयर स्वाप अनुपातबमोजिम ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर जारी तथा बाँडफाँट गर्ने प्रस्ताव पारित गर्ने ।
६. प्राप्ति प्रक्रियाका कारण कम्पनीको अधिकृत पुँजी, जारी पुँजी, चुक्ता पुँजी, शेयर संरचना, प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भए सो संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।
७. कम्पनी ऐन, २०६३, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएससी एण्ड क्लियरिङ लिमिटेड, कम्पनी रजिस्ट्रारको कार्यालय, उद्योग विभाग तथा अन्य सम्बन्धित नियामक निकायबाट प्राप्त हुने निर्देशन, स्वीकृति वा सुझावअनुसार आवश्यक संशोधन, परिमार्जन तथा कार्यान्वयन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
८. प्राप्ति प्रक्रिया सम्पन्न गर्न आवश्यक सम्पूर्ण कागजातमा हस्ताक्षर गर्ने, नियामक निकायमा निवेदन दिने, स्वीकृति प्राप्त गर्ने, शेयर सूचीकरण, डिम्याट, अभिलेख संशोधन तथा अन्य आवश्यक कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ख) विविध**

### विशेष साधारण सभा सम्बन्धमा अन्य थप जानकारी

१. विशेष साधारण सभा प्रयोजनका लागि मिति २०८३/०३/२२ गते एक दिन कम्पनीको शेयर दाखिल खारेज बन्द रहने छ। सो मितिसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानुनबमोजिम यस कम्पनीको शेयर रजिष्ट्रारमा कायम शेयरधनीहरूले सभामा भाग लिन सक्ने छन् ।
२. सभामा भाग लिन आउने शेयरधनी महानुभावहरूले आफ्नो हितग्राही परिचय नम्बर वा शेयरधनी परिचयसँग सम्बन्धित परिचयपत्र साथमा ल्याउनुपर्ने छ ।
३. संस्थागत शेयरधनीको हकमा प्रतिनिधि पठाउनु परेमा आधिकारिक प्रतिनिधि नियुक्ति पत्रसहित प्रतिनिधि उपस्थित हुनुपर्ने छ ।
४. शेयरधनी स्वयं उपस्थित हुन नसक्ने अवस्थामा प्रचलित कानुनबमोजिम प्रतिनिधि/प्रोक्सी नियुक्त गर्न सकिने छ । प्रोक्सी फारम सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ ।
५. नाबालक शेयरधनीको हकमा शेयरधनी दर्ता किताबमा उल्लिखित संरक्षकले सभामा भाग लिन, छलफल गर्न तथा मतदान गर्न सक्ने छन् ।
६. सभामा छलफल हुने प्रस्तावसँग सम्बन्धित कागजातहरू कार्यालय समयमा कम्पनीको रजिष्टर्ड कार्यालयमा निरीक्षण गर्न सकिने छ ।
७. शेयरधनी महानुभावहरूलाई प्राप्ति प्रक्रिया सम्बन्धमा कुनै जिज्ञासा भएमा सभा हुनुभन्दा कम्तीमा ७ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा लिखित रूपमा पठाउन अनुरोध गरिन्छ ।
८. सभामा उपस्थित हुने शेयरधनीहरूका लागि सभा सुरु हुनु १ घण्टा अगाडिदेखि हस्ताक्षर पुस्तिका खुला गरिने छ ।
९. सभा सञ्चालन, मतदान तथा अन्य प्रक्रिया कम्पनी ऐन, २०६३, कम्पनीको प्रबन्धपत्र तथा नियमावली, धितोपत्रसम्बन्धी प्रचलित कानुन तथा सम्बन्धित नियामक निकायको निर्देशनबमोजिम हुने छ ।
१०. विशेष साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक भएमा कम्पनीको रजिष्टर्ड कार्यालय वा सम्पर्क नं. ०१–५२४४३१० मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

**सञ्चालक समितिको आज्ञाले**

# विश्वकप ट्रफीको मूल्य गतभन्दा दोब्बर

लन्डन, (एजेन्सी)। विश्वभरि सुनको मूल्यमा बढोत्तरी भइरहेको अवस्थामा अहिले चलिरहेको सबैभन्दा ठूलो खेलकुद प्रतियोगिता विश्वकपको ट्रफीमा पनि असर गरेको छ। विश्वकप ट्रफीमा रहेको सुनको मूल्य बढेर लगभग ७.१३ लाख डलरमा पुगेको हो। एक डेटाअनुसार यो मूल्य कतार विश्वकप २०२२ को तुलनामा दोब्बरभन्दा बढी मूल्य हो। यानि कि चारवर्षमा सुनको मूल्य अधिक नै बढेको छ।

विश्वकप ट्रफी १८ क्रेटको सुनले बनेको हो। यसको कुल तौल ६.१५५ किलोग्राम रहेको छ। जसमा, ४.९३ किलोग्राम शुद्ध सुन सामेल छ। भू-राजनीतिक तनाब, वैश्विक व्यापार अनिश्चितता र आर्थिक विकासका ढिलो गतिबीच सुनको मूल्य भने द्रुत गतिले बढेको छ। यसले विश्वकप ट्रफीको मूल्यलाई पनि नयाँ उचाइमा पुऱ्याएको छ।

विश्वका प्रमुख खेल प्रतियोगिताको ट्रफीमा फिफा विश्वकप ट्रफीमात्रै सुनले बनेको हो। अरू प्रमुख प्रतियोगिताको ट्रफीमा अन्य धातुले बनेको हुन्छ। जसअनुसार यूईएफए च्याम्पियन्स लिग र यूईएफए यूरोपा लिगका ट्रफीहरू स्टर्लिङ चाँदीबाट बनेका हुन्छन्। जसको अनुमानित धातु आधारित मूल्य क्रमशः १६,९५० डलर र २२,६०० डलर पर्न आउँछ।

यस्तै, अमेरिकामा इन्डियापोलिस फाइभ हन्ड्रेड मोटर रेसिङको विजेतालाई दिइने बोर्ग-वार्नर ट्रफी सबैभन्दा मूल्यवान र भारी ट्रफीमा पर्दछ। यसको उचाइ १.६२ मिटर हुन्छ भने यसमा लगभग ६९ किलोग्रामको स्टर्लिङ चाँदी हुन्छ। यसको अनुमानित धातुको मूल्य १.५६ लाख डलर हुन्छ।


## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०३/१२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणी फर्मले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

१ **ऋणीको नाम र ठेगानाको विवरण (धरान शाखा, सुनसरी)**

घनश्याम कार्कीकी छोरी, भारत गिरीकी बुहारी, कर्ण गिरीकी श्रीमती, मोरङ्ग जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ०९ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. १७३०७ (जारी मितिः २०६१/०५/२०, स्थान मोरङ्ग) भएकी **सुमिमा गिरी ।**

**ब्यक्तिगत जमानतकर्ताको विवरण**

१. मान बहादुर गिरीको नाति, भारत गिरीको छोरा, भोजपुर जिल्ला खाटाम्मा गा.वि.स. वडा नं. ०१ स्थायी घर भई सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. २२४०/३०८० (जारी मितिः २०५८/०६/२१, स्थान भोजपुर) भएको **कर्ण गिरी ।**
२. अछिल गिरीको नाति, मान बहादुर गिरीको छोरा, भोजपुर जिल्ला खाटाम्मा गाँउ पञ्चायत वडा नं. ०१ स्थायी घर भइ सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. ८९४/११८३१ (जारी मितिः २०४२/०७/१९, स्थान भोजपुर) भएको **भारत गिरी ।**

**धितोको विवरण**

मोरङ्ग जिल्ला शनिश्चरे गा.वि.स. वडा नं. ०९ स्थायी घर भई सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०५ बस्ने, **सुमिमा गिरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०५ नक्सा सिट नं. ५ङ मा अवस्थित कित्ता नं. २९१२ र २९१४ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-५-० विघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२ **ऋणी फर्म र फर्मको प्रोप्राईटरको नाम र ठेगानाको विवरण (धरान शाखा, सुनसरी)**

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सनसरीमा मिति २०७७/०४/१३ मा प्रा.फ.र.नं. ८३५५/०७७/०७८ अन्तर्गत दर्ता भएको **पाथीभरा एग्रो मार्ट ।**
ठेगाना : सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
विरेद्र प्रसाद शाहकी छोरी, बद्री शाहकी बुहारी, कृष्ण कुमार शाहकी श्रीमती, इलाम जिल्ला इलाम न.पा. वडा नं. ०२ स्थाई घर भई हाल सुनसरी जिल्ला धरान न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. ७१६१३ (जारी मितिः २०६०/०८/१४, स्थान इलाम) भएकी **पुनम शाह ।**

**ऋणी फर्मको ब्यक्तिगत जमानतकर्ताको विवरण**

पलन शाहको नाति, बद्रि शाहको छोरा, इलाम जिल्ला इलाम न.पा. वडा नं. ०२ स्थाई घर भई हाल सुनसरी जिल्ला धरान न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. ३७६३६/५१७२ (जारी मितिः २०४८/०४/३०, स्थान इलाम) भएको **कृष्ण कुमार शाह ।**

३ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (ईटहरी शाखा, सुनसरी)**

प्राइभेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम, श्री ५ को सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा २०६१/०४/१३ मा दर्ता नं. २९७८८/०६१/०६२ अन्तर्गत दर्ता भएको **धरान डेरी फुड प्रोडक्ट प्रा. ली. ।**
ठेगानाः सुनसरी जिल्ला धरान न.पा. वडा नं. ०८ ।

**ऋणी कम्पनीको संचालक तथा ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. कृष्ण प्रसाद श्रेष्ठको नाति, बम बहादुर श्रेष्ठको छोरा सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०६ स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं.१६ बस्ने, ना.प्र.नं. १३४९५/८४७८/३००० (जारी मितिः २०४१/०७/०३, स्थान सुनसरी) भएको **कमलेश कुमार श्रेष्ठ ।**
२. बल बहादुर श्रेष्ठकी छोरी, बम बहादुर श्रेष्ठकी बुहारी, कमलेश कुमार श्रेष्ठकी श्रीमती, झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. ६९१२०५०९ (जारी मितिः २०४३/०९/२०, स्थान झापा) भएकी **नरबदा कुमारी श्रेष्ठ ।**
३. बम बहादुर श्रेष्ठको नाति, कमलेश कुमार श्रेष्ठको छोरा सुनसरी जिल्ला धरान न.पा. वडा नं. ०६, स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. २४१५६/१५७२५/०४४ (जारी मितिः २०६१/०६/०५, स्थान सुनसरी) भएको **अतित श्रेष्ठ ।**
४. अनिल कुमार गिरीकी छोरी, कमलेश कुमार श्रेष्ठकी बुहारी, अतित श्रेष्ठकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ०५-०१-६९-०६९५६ (जारी मितिः २०६९/०८/२२, स्थान मोरङ्ग) भएकी **अंकिता गिरी ।**
५. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा मिति २०७६/०८/२५ मा प्रा.फ.र.नं. ७९२३/०७६/०७७ अन्तर्गत दर्ता भई सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०९ मा कार्यालय रहेको **कामना डेरी एण्ड बेकरी क्याफे ।**
६. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा मिति २०७०/११/२५ मा प्रा.फा.नं. १००८७/०७०/०७१ अन्तर्गत दर्ता भई सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०६ मा कार्यालय रहेको **कामना मल्टी फुड उद्योग ।**

**धितोको विवरण**

मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ११ बस्ने, **अंकिता गिरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ्ग जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं. १५ नक्सा सिट नं. १७८०७८२०४ मा अवस्थित कि.नं. २२ क्षेत्रफल १४२ ब.मी. घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

४ **ऋणी फर्म र फर्मको प्रोप्राईटरको नाम र ठेगानाको विवरण (इटहरी शाखा, सुनसरी)**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा मिति २०७०/११/२५ मा प्रा.फा.नं. १००८७/०७०/०७१ अन्तर्गत दर्ता भएको **कामना मल्टी फुड उद्योग ।**
ठेगानाः सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०६ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
कृष्ण प्रसाद श्रेष्ठको नाति, बम बहादुर श्रेष्ठको छोरा सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०६ स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं.१६ बस्ने, ना.प्र.नं. १३४९५/८४७८/३००० (जारी मितिः २०४१/०७/०३, स्थान सुनसरी) भएको **कमलेश कुमार श्रेष्ठ ।**

**ऋणी फर्मको ब्यक्तिगत जमानतकर्ताको विवरण**

१. बम बहादुर श्रेष्ठको नाति, कमलेश कुमार श्रेष्ठको छोरा सुनसरी जिल्ला धरान न.पा. वडा नं. ०६, स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. २४१५६/१५७२५/०४४ (जारी मितिः २०६१/०६/०५, स्थान सुनसरी) भएको **अतित श्रेष्ठ ।**
२. बल बहादुर श्रेष्ठकी छोरी, बम बहादुर श्रेष्ठकी बुहारी, कमलेश कुमार श्रेष्ठकी श्रीमती, झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. ६९१२०५०९ (जारी मितिः २०४३/०९/२०, स्थान झापा) भएकी **नरबदा कुमारी श्रेष्ठ ।**
३. अनिल कुमार गिरीकी छोरी, कमलेश कुमार श्रेष्ठकी बुहारी, अतित श्रेष्ठकी श्रीमती, मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा. वडा नं. ११ बस्ने, ना.प्र.नं. ०५-०१-६९-०६९५६ (जारी मितिः २०६९/०८/२२, स्थान मोरङ्ग) भएकी **अंकिता गिरी ।**
४. प्राइभेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम, श्री ५ को सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा २०६१/०४/१३ मा दर्ता नं. २९७८८/०६१/०६२ अन्तर्गत दर्ता भई सुनसरी जिल्ला धरान न.पा. वडा नं. ०८ मा कार्यालय रहेको **धरान डेरी फुड प्रोडक्ट प्रा. ली. ।**
५. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा मिति २०७६/०८/२५ मा प्रा.फ.र.नं. ७९२३/०७६/०७७ अन्तर्गत दर्ता भई सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०९ मा कार्यालय रहेको **कामना डेरी एण्ड बेकरी क्याफे ।**

५ **ऋणी फर्म र फर्मको प्रोप्राईटरको नाम र ठेगानाको विवरण (इटहरी शाखा, सुनसरी)**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा मिति २०७६/०८/२५ मा प्रा.फ.र.नं. ७९२३/०७६/०७७ अन्तर्गत दर्ता भएको **कामना डेरी एण्ड बेकरी क्याफे ।**
ठेगानाः सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०९ ।
**ऋणी फर्मका प्रोप्राइटरः**
बम बहादुर श्रेष्ठको नाति, कमलेश कुमार श्रेष्ठको छोरा सुनसरी जिल्ला धरान न.पा. वडा नं. ०६, स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. २४१५६/१५७२५/०४४ (जारी मितिः २०६१/०६/०५, स्थान सुनसरी) भएको **अतित श्रेष्ठ ।**

### तपसिल

**ऋणी फर्मको ब्यक्तिगत जमानतकर्ताको विवरण**

१. कृष्ण प्रसाद श्रेष्ठको नाति, बम बहादुर श्रेष्ठको छोरा सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०६ स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं.१६ बस्ने, ना.प्र.नं. १३४९५/८४७८/३००० (जारी मितिः २०४१/०७/०३, स्थान सुनसरी) भएको **कमलेश कुमार श्रेष्ठ ।**
२. बल बहादुर श्रेष्ठकी छोरी, बम बहादुर श्रेष्ठकी बुहारी, कमलेश कुमार श्रेष्ठकी श्रीमती, झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. ६९१२०५०९ (जारी मितिः २०४३/०९/२०, स्थान झापा) भएकी **नरबदा कुमारी श्रेष्ठ ।**
३. प्राइभेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम, श्री ५ को सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा २०६१/०४/१३ मा दर्ता नं. २९७८८/०६१/०६२ अन्तर्गत दर्ता भई सुनसरी जिल्ला धरान न.पा. वडा नं. ०८ मा कार्यालय रहेको **धरान डेरी फुड प्रोडक्ट प्रा. ली. ।**
४. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरीमा मिति २०७०/११/२५ मा प्रा.फा.नं. १००८७/०७०/०७१ अन्तर्गत दर्ता भइ सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०६ मा कार्यालय रहेको **कामना मल्टी फुड उद्योग ।**

**धरान डेरी फुड प्रोडक्ट प्रा.ली., कामना मल्टी फुड उद्योग र कामना डेरी एण्ड बेकरी क्याफे को संयूक्त धितोको विवरणः**

झापा जिल्ला पाचगाछी गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने, **नरबदा कुमारी श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला घोपा गा.वि.स. वडा नं. ०५ नक्सा सिट नं. ५ख मा अवस्थित कि.नं. ७६१ क्षेत्रफल ०-०-१९.५-० बिघा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

६ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण (ईटहरी शाखा, सुनसरी)**

कम्पनी ऐन, २०६३ को दफा ५ को उदफा (१) बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय मा मिति २०७४/१०/१० मा दर्ता नं. १८२१९४/०७४/०७५ अन्तर्गत दर्ता भएको **ब्राईट फिड प्रा.ली. ।**
ठेगानाः सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ०८ ।

**ऋणी कम्पनीको संचालक तथा ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. तिलक बहादुर श्रेष्ठको नाति, खड्ग बहादुर श्रेष्ठको छोरा, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. २६ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ८३८८ (जारी मितिः २०६२/०४/०५, स्थान सुनसरी) भएको **गोपाल श्रेष्ठ ।**
२. टंक बहादुर श्रेष्ठकी छोरी, खड्ग बहादुर श्रेष्ठकी बुहारी, राम कुमार श्रेष्ठकी श्रीमती, भोजपुर जिल्ला टक्सार गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ४८२/२२५१४ (जारी मितिः २०५६/०६/२८, स्थान भोजपुर) भएकी **सुनिता श्रेष्ठ ।**
३. जुद्ध नारायण श्रेष्ठकी छोरी, केदार प्रसाद श्रेष्ठकी बुहारी, भिम कुमार श्रेष्ठकी श्रीमती, मोरङ जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ३६९७४ (जारी मितिः २०५५/०४/२८, स्थान मोरङ्ग) भएकी **भारती श्रेष्ठ ।**
४. तिलक बहादुर श्रेष्ठको नाति, खड्ग बहादुर श्रेष्ठको छोरा, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ०६-०१-७५-०१९६२ (जारी मितिः २०७५/०२/१६, स्थान सुनसरी) भएको **राम कुमार श्रेष्ठ ।**
५. छत्र बहादुर राईकी छोरी, खड्ग बहादुर श्रेष्ठकी बुहारी, गोपाल श्रेष्ठकी श्रीमती, सुनसरी जिल्ला हाँसपोसा गा.वि.स. वडा नं. ०१ स्थायी घर भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ०६-०१-७०-०३३५९ (जारी मितिः २०७०/०३/१३, स्थान सुनसरी) भएकी **आशा राई (श्रेष्ठ) ।**
६. कुल प्रसाद श्रेष्ठको नाति, केदार प्रसाद श्रेष्ठको छोरा, मोरङ जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०४ बस्ने, ना.प्र.नं. १४२२८ (जारी मितिः २०५१/०५/२८, स्थान मोरङ) भएको **भिम कुमार श्रेष्ठ ।**

**धितोको विवरण**

१. भोजपुर जिल्ला टक्सार गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०१ बस्ने **सुनिता श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला हाँसपोसा गा.वि.स. वडा नं. ०१ नक्सा सिट नं. १ख मा अवस्थित कि.नं. १७७० क्षेत्रफल ०-०-१५-० विगाहा घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. मोरङ जिल्ला सुन्दरपुर गा.वि.स. वडा नं ०३ स्थायी घर भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ०४ बस्ने **भिम कुमार श्रेष्ठ**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ०६ नक्सा सिट नं. ६झ मा अवस्थित कि.नं. १४७ क्षेत्रफल ०-१०-१३-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. सुनसरी जिल्ला हाँसपोसा गा.वि.स. वडा नं ०१ स्थायी घर भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ०१ बस्ने **आशा राई (श्रेष्ठ)** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला बक्लौरी गा.वि.स. वडा नं. ०२ नक्सा सिट नं. २ङ मा अवस्थित कि.नं. ६३० क्षेत्रफल ०-६-१८.७५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ०८ मा रजिष्ट्रार कार्यालय भएको **ब्राईट फिड प्र.ली.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला, भादगाउँ सिनुवारी गा.वि.स. वडा नं. ०४ नक्सा सिट नं. ४घ मा अवस्थित कि.नं. ५८४ र ५८५ क्षेत्रफल कमशः ०-३-७.५-० र ०-७-८-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
५. सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ०८ मा रजिष्ट्रार कार्यालय भएको **ब्राईट फिड प्र.ली.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला संखूवा गा.वि.स. वडा नं. ०४ नक्सा सिट नं. ४क मा अवस्थित कि.नं. ४३३ र ४२१ क्षेत्रफल कमशः ०-२-३-० र ०-२-१०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
६. सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ०८ मा रजिष्ट्रार कार्यालय भएको **ब्राईट फिड प्र.ली.**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला संखूवा गा.वि.स. वडा नं. ०४ नक्सा सिट नं. ४ख मा अवस्थित कि.नं. ८७८ क्षेत्रफल ०-०-१५-८ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
७. सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. २६ स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०१ बस्ने **गोपाल श्रेष्ठे**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ०२ नक्सा सिट नं. २क मा अवस्थित कि.नं. ३६८ क्षेत्रफल ०-१-०-० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

७ **ऋणीको नाम र ठेगानाको विवरण (बिराटनगर शाखा, मोरङ्ग)**

रतन लाल बियानीको नाति, शुसिल कुमार बियानीको छोरा, मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ०५-०१-७१-२६५३२ (जारी मितिः २०७१/०२/२२, स्थान मोरङ्ग) भएको **नारायण बियानी ।**

**ब्यक्तिगत जमानतकर्ताको विवरण**

१. रतन लाल बियानीको नाति, शुसिल कुमार बियानीको छोरा, मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ०५१०६६/१०९८ (जारी मितिः २०६६/१२/३१, स्थान मोरङ्ग) भएको **सौरभ कुमार बियानी ।**
२. रतन लाल बियानीकी बुहारी, सुशील कुमार बियानीकी श्रीमती, रामलाल अग्रवालकी छोरी, मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. १५२३० (जारी मितिः २०६५/१२/३१, स्थान मोरङ्ग) भएकी **शिला देवी वियानी ।**
३. शुसिल कुमार बियानीकी बुहारी, नारायण बियानीकी श्रीमती सिन्धुपाल्चोक जिल्ला बाह्रविसे गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. २४-१७-७४-२८७ (जारी मितिः २०७४/०४/३०, स्थान सिन्धुपाल्चौक) भएकी **अप्सरा भण्डारी ।**

**धितोको विवरण**

मोरङ्ग जिल्ला बिराटनगर म.न.पा. वडा नं. १० बस्ने, **नारायण बियानी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेतरहेको सुनसरी जिल्ला दुहवी गा.वि.स. वडा नं. ०५ नक्सा सिट नं. ५ख मा अवस्थित कि.नं. ३११६ क्षेत्रफल ०-४-१०-० बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४


# फिफाबाट एन्फा निलम्बनमा पऱ्यो

नेपाल समाचारपत्र, काठमाडौं




विश्व फुटबलको सर्वोच्च निकाय फिफाले अखिल नेपाल फुटबल संघ (एन्फा) लाई निलम्बन गरेको बिहीबार फिफाको वेबसाइटमार्फत् सार्वजनिक गरिएको छ। नेपाली फुटबलमा तेस्रो पक्षको हस्तक्षेप भएको भन्दै फिफाले एन्फालाई अनिश्चितकालीन निलम्बन गरेको हो।

फिफा विधानको धारा १४ को उपधारा १ (आई) र ३ अनुसार तेस्रो पक्षको हस्तक्षेपत्रसँग सम्बन्धित विधानको गम्भीर उल्लघंन भएको ठहर गरिने उल्लेख छ। सोहीअनुसार फिफाले एन्फालाई तत्काल लागू हुने गरी निलम्बन गर्ने निर्णय फिफाको द ब्यूरो अफ द काउन्सिलले गरेको हो।

योसँगै फिफाको मान्यता पाएको ५४ वर्षमा पहिलोपटक नेपाली फुटबल निलम्बनमा परेको छ। यो निलम्बनसँगै नेपालले पाउँदै आएको अनुदान फिफाले रोक्ने पनि जनायो। साथै पदाधिकारीदेखि नेपालले खेल्ने अन्तर्राष्ट्रिय फुटबल तथा युथ फुटबल नेपालले खेल्न पाउने छैन।

पंकजविक्रम नेम्वाङ नेतृत्वको चार वर्षे कार्यकाल गत ५ असारबाट सम्पन्न भइसकेको छ। तर, नेम्वाङले पाँच महिनाअघि नै अर्ली इलेक्सन गर्न खोजेपछि नेपाली फुटबलमा विवाद उत्पन्न भएको थियो।

नेम्वाङ ३० बढी सदस्य संस्थाहरूको चार वर्षे कार्यकाल सकिसकेको अवस्थामा अध्यावधिक निर्वाचन नगरी केन्द्रीय निर्वाचन सम्पन्न गर्ने तयारीमा थिए। त्यसपछि एन्फाकै केही सदस्यको उजुरीको आधारमा राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले एन्फामाथि निगरानी राखेको थियो।

राखेपले दिएको चेतावनीलाई पनि पटकपटक अटेर गरेपछि गत चैत ११ गते एन्फालाई तीन महिनाको लागि निलम्बन गरिएको निर्णय सार्वजनिक भएको थियो। तर, दुई महिना नै पूरा नभई राखेपले निलम्बन पनि फुकुवा गऱ्यो। तर, एन्फाका पदाधिकारीहरूलाई अध्यागमन विभागले कालो सूचीबाट भने हटाएको थिएन।

यसले गर्दा एन्फाबाट फिफा विश्वकपमा सहभागिता जनाउन कोही पनि पदाधिकारी जान पाएनन्। एन्फाका अध्यक्ष पंकज नेम्वाङ र महासचिव किरण राई जबर्जस्ती विश्वकपको सहआयोजक राष्ट्र मेक्सिको जान त्रिभुवन विमानस्थलमा पुगेका थिए। त्यहाँबाट उनीहरूलाई फर्काइएको थियो। उनीहरू विश्वकपको उद्घाटनमा सहभागी हुने मनसायका साथ विमानस्थलमा गएका थिए।

नेम्वाङ र राईलाई विमानस्थलबाट फर्काउनु विषयमाथि फिफा गम्भीरका साथ छलफलमा लागेको थियो। फिफाले यही आधारलाई लिएर नेपाली फुटबलमा तेस्रो पक्षको सीधै हस्तक्षेप भएको फिफाको भनाइ रहेको छ। यसैलाई कारण देखाई नेपाली फुटबलमा तेस्रो पक्षको हस्तक्षेप भएको भन्दै फिफाले एन्फालाई निलम्बन गरेको जनायो।

### एन्फा निलम्बनपछि हुने असरहरु

- नेपालको राष्ट्रिय पुरुष, महिला वा उमेर समूहका टोलीले फिफा वा एएफसी (एसियाली फुटबल महासंघ) अन्तर्गतका कुनै पनि प्रतियोगिताहरू खेल्न पाउने छैनन्।
- क्लबहरूले एएफसी च्याम्पियन्स लिगलगायतका प्रतियोगिता खेल्न पाउने छैनन्।
- रेफ्री, प्रशिक्षकहरूको अधिकार पनि रोकिने सक्नेछ।
- फिफाबाट आउने आर्थिक सहयाग पनि रोकिने छ ।

# टिप टप न्यु डायमन्डलाई उपाधि



काठमाडौं, (नेस)

टिप टप न्यु डायमन्ड युथ स्पोर्ट्स क्लबले मदन भण्डारी कप यू-१९ विद्यालयस्तरीय बागमती प्रदेश छात्रा भलिबल प्रतियोगिताको उपाधि बुधबार जितेको छ।

मनमैजुस्थित एन्जल्स स्पोर्ट्स एकेडेमीमा भएको उपाधि भिडन्तमा टिप टप न्यु डायमन्डले न्यु डायमन्ड एकेडेमीलाई २५-१६, २५-९ र २५-१० को सोझो सेटमा पराजित गऱ्यो।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा भएको प्रतियोगितामा गणेश हिमाल तेश्रो भयो। गणेश हिमालले सरस्वती मावि, हेलम्बुलाई सीधा सेटमा २५-१८, २५-१६ र २५-१३ ले हरायो। शीर्ष चार स्थानमा रहने टिमले क्रमशः १ लाख, ५० हजार, ३० हजार र १५ हजार नगद पुरस्कार प्राप्त गरे।

प्रतियोगितमा टिप टप न्यु डायमन्डकी निशा महर उत्कृष्ट खेलाडी घोषित भइन्। निशाले १० हजार नगद पुरस्कार हात पारिन्।

न्यु डायमन्डका जेनिशा विश्वकर्मा स्पाइकरमा, सलिना गुरुङ ब्लकरमा, कुमार राई प्रशिक्षकमा, ग्रीष्मा गुरुङ डिफेन्डरमा, नम्सार राना सेटरमा र एलिशा श्रेष्ठ सर्भरमा उत्कृष्ट बने। उत्कृष्ट सबैले जनही ५ हजार नगद पुरस्कार पाए।

# एभीएलको टिम सार्वजनिक

नेपाल समाचारपत्र, काठमाडौं

केडिया ग्रुपको आयोजनामा पहिलोपटक हुन लागेको पुरुषको एनभीएल (नेपाल भलिबल लिग) मा सहभागी हुने टिमको नाम बिहीबार सार्वजनिक गरिएको छ। हाललाई ६ टोलीको नाम सार्वजनिक गर्दै टिमका मालिक पनि सार्वजनिक गरिएको हो। बाँकी २ टिमका लागि आवेदन खुला रहेको आयोजकले जनाएको छ।

सहभागिता निश्चित भएका टिममा सगरमाथा स्म्यासर्स, मधेस वारियर्स, काठमाडौं रेड्स, अन्नपूर्ण स्पाइकर किङ्स, कर्णाली शिवराज र खप्तड फाल्कन्स रहेका छन्।

कार्यक्रमकी प्रमुख अतिथि कराते स्टार खेलाडी एरिका गुरुङले एनभीएल भलिबलको मात्र नभई सबै खेललाई अगाडि बढाउने सुरुआत विन्दु हुने विश्वास व्यक्त गर्दै लिग यादगार र सफल रहोस् भनी शुभकामना दिइन्।

नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले पहिलोपटक पुरुषको फ्रेन्चाइज लिग सुरु हुनु सुखद पक्ष भएको बताउँदै लिगले सरोकारवालालाई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा फाइदा पुग्ने धारणा व्यक्त गरे।

नेपाल भलिबल संघको सहयोगमा हुने एनभीएल त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा हुनेछ। लिगको मिति चाँडै सर्वाजनिक गर्ने आयोजकले जनाएको छ।

# अब ट्राफिक नियम तोड्नेलाई १ लाखसम्म जरिवाना

## निरीक्षकलाई घटनास्थलमै 'स्पट फाइन' गर्ने अधिकार

**नेपाल समाचारपत्र, काठमाडौं**

सरकारले सवारी तथा यातायात व्यवस्थापनलाई थप सुरक्षित, अनुशासित र प्रविधिमैत्री बनाउन कडा कानुनी व्यवस्था ल्याउने तयारी गरेको छ। प्रस्तावित नयाँ कानुनअनुसार ट्राफिक नियम उल्लंघन गर्ने चालक तथा सवारी धनीलाई ५०० रुपियाँदेखि १ लाख रुपियाँसम्म जरिवाना गर्न सकिनेछ भने यातायात निरीक्षक तथा सहायक निरीक्षकलाई घटनास्थलमै 'स्पट फाइन' गर्ने अधिकार दिइने भएको छ।

पूर्वाधार विकास मन्त्रालयले तयार पारेको सवारी तथा यातायातसम्बन्धी कानुन संशोधन तथा एकीकरण विधेयक हाल राय-सुझावका लागि कानुन मन्त्रालयमा पठाइएको छ। विधेयकको दफा ६२ मा ट्राफिक तथा यातायात प्रशासनलाई नियम उल्लंघन गर्ने सवारी चालकलाई तत्काल कारबाही गर्ने अधिकार प्रस्ताव गरिएको छ। प्रस्तावित व्यवस्थाअनुसार सवारी साधनमा बाहिरबाट भित्र नदेखिने गरी अपारदर्शी (कालो) सिसा प्रयोग गरेमा १ लाख रुपियाँसम्म जरिवाना तिर्नुपर्नेछ। यो प्रस्तावित विधेयकमा समावेश सबैभन्दा ठूलो आर्थिक दण्ड हो।

त्यस्तै, मादक पदार्थ सेवन (मापसे) वा लागु पदार्थ सेवन (लापसे) गरी सवारी चलाउने तथा तोकिएको गति सीमाभन्दा अत्यधिक गतिमा सवारी सञ्चालन गर्ने चालकलाई सवारीको वर्गअनुसार २५ हजारदेखि ५० हजार रुपियाँसम्म जरिवाना गरिने व्यवस्था प्रस्ताव गरिएको छ। गति सीमा उल्लंघनको गम्भीरताका आधारमा जरिवानाको दर निर्धारण गरिने जनाइएको छ।

लाइसेन्सबिना सवारी चलाउने, जाँचपास नगराई सवारी सञ्चालन गर्ने, प्रदूषण परीक्षणमा असफल सवारी प्रयोग गर्ने वा दर्ता प्रयोजनविपरीत सवारी चलाउने कार्यमा दुईपांग्रे सवारीलाई ५ हजार रुपियाँ, साना सवारीलाई १० हजार रुपियाँ तथा मझौला र ठूला सवारीलाई १५ हजार रुपियाँसम्म जरिवाना लाग्नेछ। मोबाइल फोन प्रयोग गर्दै सवारी चलाउने, लेन अनुशासन उल्लंघन गर्ने, फुटपाथमा सवारी चलाउने, वान-वे सडकमा विपरीत दिशाबाट सवारी गुडाउने, रुट परमिट नलिई सवारी सञ्चालन गर्ने वा बिमा नगराई सवारी चलाउनेलाई १० हजार रुपियाँसम्म जरिवाना गरिने व्यवस्था प्रस्ताव गरिएको छ।

सिट क्षमताभन्दा बढी यात्रु बोक्ने, तोकिएको तौलभन्दा बढी मालसामान ढुवानी गर्ने, अनुमति नलिई विदेशी नम्बर प्लेटका सवारी सञ्चालन गर्ने तथा सडकमा अवरोध सिर्जना गर्ने कार्यमा ५ हजारदेखि २५ हजार रुपियाँसम्म जरिवाना लाग्नेछ। सामान्य प्रकृतिका ट्राफिक उल्लंघनमा पनि दण्ड बढाइएको छ। हेल्मेट वा सिट बेल्ट नलगाई सवारी चलाउँदा ३ हजार रुपियाँ, ट्राफिक संकेत अवज्ञा गर्दा ३ हजारदेखि ५ हजार रुपियाँ, निषेधित क्षेत्रमा ओभरटेक गर्दा २ हजार रुपियाँ तथा हर्न बजाउन निषेध गरिएको क्षेत्रमा हर्न बजाएमा ५०० रुपियाँ जरिवाना तिर्नुपर्ने प्रस्ताव गरिएको छ।

विधेयकले दोहोरिने गल्तीमा थप कडाइ गरेको छ। एउटै कसुर दोस्रो पटक दोहोरिएमा जरिवानामा ५० प्रतिशत थप गरिनेछ भने तेस्रो पटक वा सोभन्दा बढी दोहोरिएमा जरिवाना दोब्बर बनाइने व्यवस्था प्रस्ताव गरिएको छ। यसै गरी जरिवाना तत्काल नतिरेमा ट्राफिक प्रहरीले चालक अनुमतिपत्र (लाइसेन्स), सवारी दर्ता प्रमाणपत्र (ब्लुबुक) वा बाटो इजाजतपत्र नियन्त्रणमा लिन सक्ने व्यवस्था पनि विधेयकमा राखिएको छ। यद्यपि, नागरिक एप वा अन्य विद्युतीय माध्यमबाट लाइसेन्स तथा ब्लुबुक देखाउन सक्ने चालकलाई कागजात साथमा नराखेको कसुरमा कारबाही नहुने व्यवस्था प्रस्ताव गरिएको छ।

सरकारले सडक सुरक्षा सुधार, दुर्घटना न्यूनीकरण, ट्राफिक अनुशासन कायम तथा यातायात क्षेत्रलाई आधुनिक र प्रविधिमैत्री बनाउने उद्देश्यले यस्तो कानुनी व्यवस्था अघि बढाएको जनाएको छ। विधेयक पारित भएमा नेपालमा ट्राफिक नियम उल्लंघनसम्बन्धी दण्ड व्यवस्थामा ठूलो परिवर्तन आउने अपेक्षा गरिएको छ।

# ओखलढुङ्गाका लागि कोशी प्रदेशको डेढ अर्बभन्दा बढी बजेट

## सडक र पुल निर्माणलाई उच्च प्राथमिकता

**लीला सुनुवार, ओखलढुङ्गा**

कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि ओखलढुङ्गा जिल्लामा डेढ अर्ब रुपियाँभन्दा बढी बजेट विनियोजन गरेको छ। भौतिक पूर्वाधार विकास मन्त्री प्रदीपकुमार सुनुवारको पहलमा जिल्लाका विभिन्न विकास आयोजना तथा पूर्वाधार निर्माणका लागि हालसम्मकै उच्च बजेट विनियोजन गरिएको दाबी गरिएको छ।

प्रदेश सरकारले सार्वजनिक गरेको बजेटअनुसार ओखलढुङ्गामा सडक, पुल तथा अन्य पूर्वाधार निर्माणका लागि करिब १ अर्ब १० करोड रुपियाँ छुट्याइएको छ। जिल्लाको विकासमा सबैभन्दा ठूलो बाधकका रूपमा रहेको सडक सञ्जाल विस्तारलाई यसपटक पहिलो प्राथमिकतामा राखिएको प्रदेश सरकारको भनाइ छ। भौतिक पूर्वाधार विकास मन्त्री प्रदीपकुमार सुनुवारले ओखलढुङ्गा कोशी प्रदेशकै सडक पहुँचका हिसाबले पछाडि परेको जिल्ला भएकाले पूर्वाधार विकासलाई केन्द्रमा राखेर बजेट व्यवस्थापन गरिएको बताउनुभयो। 'सडक सञ्जाल कमजोर भएकै कारण जिल्लाको समग्र विकास सूचकाङ्क अन्य जिल्लाभन्दा पछाडि परेको छ। विकासको लहर ल्याउन सडक विस्तारलाई पहिलो प्राथमिकता दिएका छौं,' मन्त्री सुनुवारले बताउनुभयो।

यस वर्ष प्रदेश सरकारले रमाइलोडाँडा-रुम्जाटार सडक कालोपत्रेका लागि ३० करोड रुपियाँ विनियोजन गरेको छ। त्यस्तै लिखु-खिजीफलाँटे सडक तथा प्राप्चा-श्रीचौर-खिजीफलाँटे सडक कालोपत्रे गर्न आवश्यक बजेट सुनिश्चित गरिएको छ। मानेभञ्ज्याङ - माध्यपुर - सिस्नेरी - बल्खु सडक, नवलपुरघाट - ताप्केडाँडा - कोषभञ्ज्याङ - ककनी सडक तथा जन्तरखानी - रावादोलु - खिजीफलाँटे - हर्कपुर - रातमाटे सडक निर्माण तथा स्तरोन्नतिका लागि पनि बजेट विनियोजन गरिएको छ।

सडकसँगै प्रदेश सरकारले मोटरेबल पुल निर्माणलाई समेत प्राथमिकतामा राखेको छ। पहिरेखोला मोटर पुल, डुडेखोला मोटर पुल, लिखुखोला पुल तथा मोलुङखोला दिप्ली पुल निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरिएको जनाइएको छ। मन्त्री सुनुवारका अनुसार सडकलाई मुख्य प्राथमिकतामा राखिए पनि शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि तथा अन्य आवश्यक पूर्वाधारका क्षेत्रमा समेत अघिल्ला वर्षहरूको तुलनामा बढी बजेट विनियोजन गरिएको छ। उहाँले जिल्लाको आवश्यकता अझ ठूलो रहेकाले जनस्तरबाट थप बजेटको माग आउनु स्वाभाविक भएको बताउनुभयो।

'यसपटक जिल्लाका लागि उल्लेखनीय बजेट ल्याउन सफल भएका छौं। तर आवश्यकता अझै धेरै छन्। स्रोत र साधनको सीमितताका कारण सबै माग एकै वर्षमा सम्बोधन गर्न सम्भव हुँदैन,' मन्त्री सुनुवारले भन्नुभयो।

उहाँले आफू पटक-पटक मन्त्रीको जिम्मेवारीमा पुगे पनि छोटो अवधिका कारण जिल्लावासीको अपेक्षाअनुसार सबै योजना कार्यान्वयन गर्न नसकिएको स्वीकार गर्नुभयो। आगामी दिनमा ओखलढुङ्गाको सडक पहुँच, पुल निर्माण र समग्र पूर्वाधार विकासलाई अझ तीव्रता दिइने उनको प्रतिबद्धता छ।

स्थानीयवासी तथा जनप्रतिनिधिहरूले भने बजेट विनियोजनलाई सकारात्मक रूपमा लिए पनि प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन्। विगतमा बजेट छुट्याइएका कतिपय योजना समयमै सम्पन्न हुन नसकेको अनुभव रहेको भन्दै उनीहरूले यस वर्ष विनियोजित रकमको पारदर्शी र प्रभावकारी खर्चमा ध्यान दिन प्रदेश सरकारसँग आग्रह गरेका छन्।

**श्री लिस्ने मालद्रवाको डाँडा सामद्रदायिक वन उपभोक्ता समूह**
**भद्रम्लद्र गा.पा वडा नं ६, काभ्रेपलाञ्चोक**
**पहिलो पटक १५ दिने सद्रचना**
**मिति २०८३।०३।१२ गते**

यस सामद्रदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएको सामद्रदायिक वन क्षेत्रमा वन व्यवस्थापन कार्ययोजना बमोजिम वार्षिक स्विकार्य परिमाणको अधिनमा रहि रुखहरु संकलन गरी सो बाट उत्पादन भएका खयर जातका गोलिया थान १००६ को ३६७.०९ हर्टउड (५१३.९२) स्यापउड उत्पादन भई घाटगद्धी स्थान भद्रम्लद्र गा.पा ६ कोलाँतीमा घाटगद्धी गरिराखेको काठ जे जस्तो अवस्थामा र५ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानद्रपर्ने गरी लिलाम विक्रि गर्नङ्ग पर्ने भएकोले यो सद्रचना प्रकाशित गरिएको छ। सम्बन्धित निकायमा सद्रचिकृत इच्छद्रक कच र कत्था उत्पादनमा आधारीत संघ संस्था फर्म वा कम्पनिले यो सद्रचना पहिलो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र फाराम खरिद गरी १६ दिनमा सिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामद्रदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पद्रर्ण व्यहोराको सद्रचना यस सामद्रदायिक वन उपभोक्ता समद्रहको कार्यालय भद्रम्लद्र ६ कोलाँतिमा टाँस गरिएको जानकारी गराइन्छ।

**अध्यक्ष**
**हरि बहादद्रर पहरी**
**मो नं ९८०८९०८१७९**

**नबिल बैंक लिमिटेड, कालीमाटी शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मिति: २०८३/०३/१२)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका र कमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०७९/१०/१८ को नयाँ पत्रिकामा** प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **सात (७) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा कालीमाटी शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

| | तपसिल |
|---|---|
| १ | **ऋणी फर्मको नाम र ठेगानाको विवरण** |
| | प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा, मिति २०७६/११/०१ मा प्रा.फ.र.नं १५३८५२/०७६/७७ अन्तर्गत दर्ता भएको **सावित्री ग्यांस तथा किराना स्टोर।**<br>ठेगानाः काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं १५, ढुङ्गेअड्डा काठमाडौं ।<br>**ऋणी फर्मका प्रोप्राइटरः**<br>विष्णु बहादुर गौतमको छोरी भक्त बहादुर थापाको बुहारी खेम बहादुर थापाको श्रीमती मकवानपुर जिल्ला हाडीखोला गा.वि.स वडा नं ०२ स्थायी घर भइ हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा वडा नं १५ बस्ने नागरिकता नं. २१२२२, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति : बि.सं. २०४८/०५/३० भएका **सावित्री गौतम।** |
| | **व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण** |
| | १. भवन सिंह थापाको नाति भक्त बहादुर थापाको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं १४ स्थायी घर भइ हाल काठमाडौं जिल्ला चन्द्रगिरी न.पा. वडा नं १५ बस्ने नागरिकता नं. २७३०६०/१३०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: काठमाडौं, मिति : बि.सं. २०६३/११/२७ भएका **खेम बहादुर थापा।**<br>२. विष्णु बहादुर गौतमको छोरी भक्त बहादुर थापाको बुहारी खेम बहादुर थापाको श्रीमती मकवानपुर जिल्ला हाडीखोला गा.वि.स वडा नं ०२ स्थायी घर भइ हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा वडा नं १५ बस्ने नागरिकता नं. २१२२२, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति : बि.सं. २०४८/०५/३० भएका **सावित्री गौतम।** |
| २ | **ऋणी फर्मको नाम र ठेगानाको विवरण** |
| | प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय काठमाडौंमा, मिति २०६४/११/०९ मा प्रा.फ.र.नं २७९३१/८११ अन्तर्गत दर्ता भएको **श्रृया फर्निचर उद्योग।**<br>ठेगानाः काठमाडौं जिल्ला काठमाडौं महानगरपालीका वडा नं १४, कलंकी काठमाडौं ।<br>**ऋणी फर्मका प्रोप्राइटरः**<br>भवन सिंह थापाको नाति भक्त बहादुर थापाको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं १४ स्थायी घर भइ हाल काठमाडौं जिल्ला चन्द्रगिरी न.पा. वडा नं १५ बस्ने नागरिकता नं. २७३०६०/१३० , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: काठमाडौं, मिति : बि.सं. २०६३/११/२७ भएका **खेम बहादुर थापा।** |
| | **ऋणीहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण** |
| | १. भवन सिंह थापाको नाति भक्त बहादुर थापाको छोरा काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं १४ स्थायी घर भइ हाल काठमाडौं जिल्ला चन्द्रगिरी न.पा. वडा नं १५ बस्ने नागरिकता नं. २७३०६०/१३० , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: काठमाडौं, मिति : बि.सं. २०६३/११/२७ भएका **खेम बहादुर थापा।**<br>२. विष्णु बहादुर गौतमको छोरी भक्त बहादुर थापाको बुहारी खेम बहादुर थापाको श्रीमती मकवानपुर जिल्ला हाडीखोला गा.वि.स वडा नं ०२ स्थायी घर भइ हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा वडा नं १५ बस्ने नागरिकता नं. २१२२२, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: मकवानपुर, मिति : बि.सं. २०४८/०५/३० भएका **सावित्री गौतम।** |
| | **धितोको विवरण** |
| | **धितोमा रहेको घर/जग्गाको विवरणः**<br>मकवानपुर जिल्ला हाडीखोला गा.वि.स वडा नं ०२ स्थायी घर भइ हाल काठमाडौं जिल्ला चन्द्रागिरी न.पा वडा नं १५ बस्ने **सावित्री गौतम**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला तीनथाना गा.वि.स वडा नं ८ सिट नं ८ मा अवस्थित कि.नं. क्रमशः ४६८, १४४९, १६२९, १५३७ र १५३५ क्षेत्रफल क्रमशः ०-२-०-०, ०-३-०-०, ०-२-०-०, ०-३-३-२ र ०-०-१-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत। |

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा कालीमाटी शाखा, काठमाडौं** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०३/१८ गते ५:०० बजे भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा कालीमाटी शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०३/१९ गते ३:०० बजे बैंकको **कालीमाटी शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **कालीमाटी शाखा, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# हिमालयन इन्भेस्टमेन्ट बैंकर लिमिटेडको सीईओमा सुवेदी नियुक्त

**नेपाल समाचारपत्र, काठमाडौं**

हिमालयन इन्भेस्टमेन्ट बैंकर लिमिटेडले शैलेश सुवेदीलाई प्रमुख कार्यकारी अधिकृत (सीईओ) पदमा नियुक्त गरेको छ। कम्पनीको ४०औं सञ्चालक समिति बैठकको निर्णयअनुसार सुवेदीलाई उक्त जिम्मेवारी दिइएको हो।




कम्पनीका अनुसार सुवेदीले बिहीबार औपचारिक रूपमा प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हाल्नुभएको छ। पुँजी बजार, क्रेडिट रेटिङ, प्राइभेट इक्विटी, जोखिम मूल्यांकन तथा वित्तीय व्यवस्थापन क्षेत्रमा लामो अनुभव हासिल गरेका सुवेदी नेतृत्व क्षमता र व्यावसायिक दक्षताका लागि परिचित मानिन्छन्। कम्पनीले उहाँको नियुक्तिबाट संस्थागत विकास, सेवा विस्तार, सुशासन प्रवर्द्धन तथा लगानीकर्तामैत्री सेवाको गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेको छ। हिमालयन इन्भेस्टमेन्ट बैंकर लिमिटेडले सामूहिक लगानी कोष व्यवस्थापन, निक्षेप सदस्य सेवा (डिपोजिटरी सेवा), सेयर रजिस्ट्रार सेवा लगायतका मर्चेन्ट बैंकिङ सेवामार्फत नेपालको पुँजी बजार विकासमा निरन्तर योगदान पुर्‍याउँदै आएको छ।

**हिमशिखर बहुउद्देश्यीय सहकारी संस्था लि.**
**HIMSHIKHAR MULTIPURPOSE CO-OPERATIVE LTD.**
**मध्यपुर ठिमि ३, गठ्ठाघर, भक्तपुर फोन नं ०१६६३०८७२/५६३९४५४**

**धितो लिलाम सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति : २०८३/०३/१२ गते**

तपशिलमा उल्लेखित ऋणीहरुले लिनुभएको ऋण को समयावधि समाप्त भएको र यस भन्दा अघाडि विभिन्न मितिमा ऋण चुक्ता सम्वन्धि बारम्बार तरताकेता तथा मिती २०८०/०६/१५ गते ३५ दिने र दोस्रो पटक मिति २०८०/०७/२४ गते २१ दिने तथा पुनः मिति २०८०/११/१६ गते ३५ दिने सार्वजनिक सूचना कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्दा समेत अटेर गरि नबुझाई संस्था संग गरेको कर्जा सम्वन्धि शर्त बन्देजहरु उल्लंघन गर्न भएको हुँदा यो सूचना प्रकाशित भएको ३५ दिन भित्र सम्पूर्ण साँवा, ब्याज तथा अन्य दैदस्तुर चुक्ता नगरेमा ३६औं दिनमा संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्रि गरि संस्थाको लेना रकम असुल उपर गरिनेछ। साथै सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्दा पनि सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित सहकारी ऐन २०७४ तथा सहकारी नियमाबली २०७५, संस्थाको विनियम तथा ऋण निती र अन्य कानूनले दिएको अधिकार प्रयोग गरि ऋणी तथा ब्यक्तिगत धनजमानीको चल/अचल सम्पत्ति तथा जायजेथाबाट असूल उपर गरिनेछ। साथै ऋणी सदस्यलाई लिलाम हुने मिती, समय र स्थानमा उपस्थिति हुन समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ।

| ऋणी को नाम र ठेगाना | धनजमानी दिनेको विवरण | धनजमानी दिनेको विवरण |
|---|---|---|
| नामः अनु गिरी<br>स्थाई ठेगानाः काठमाडौं-३१<br>अस्थाईठेगाना : भक्तपुर-३<br>पति : रविन्द्र अवाल<br>ससुराः बिष्णु भक्त अवाल<br>बुवाः रुद्र गिरी<br>ना.प्र.नः १३४२ जारी जिल्लाः काठमाडौं<br> | नामः दुर्गा गिरी<br>स्थाई ठेगानाः भक्तपुर १६,<br>अस्थाईठेगानाः काठमाडौं-३४<br>बाजेः देव बहादुर गिरी<br>बुवाः रुद्र गिरी<br>ना.प्र.नः १०६०/८६३४७ जारी जिल्लाः काठमाण्डौ<br> | नामः रविन्द्र अवाल<br>स्थाई ठेगानाः भक्तपुर-१६<br>अस्थाईठेगानाः भक्तपुर-३<br>बाजेः कृष्णमान अवाल<br>बुवाः बिष्णु भक्त अवाल<br>ना.प्र.नः ८२२८ जारी जिल्लाः भक्तपुर<br> |

**धितोको विवरण** : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० स्थित सिट नं १०२११८६१९ कित्ता नं. ७८३ क्षेत्रफल ०-२-२-० र सो मा बनेको पक्की घर समेत।

**लिलाम बिक्रीका शर्तहरू** :

१) बोलपत्र आवेदन फाराम यस संस्थाको कार्यालय बाट प्राप्त गर्न सकिनेछ। बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्रका साथ आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशत धरौटी रकम यस संस्थामा जम्मा गरि सक्कल भौचर गोप्य शिलबन्दी बोलपत्रका साथ पेश गर्नुपर्ने छ।
२) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितीले बाँकि सम्पूर्ण रकम संस्थाले तोकिदिएको समय भित्र दाखिला गरि बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरिसक्नु पर्नेछ। सो म्याद भित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
३) लिलाम बिक्री नभएमा उल्लेखित घर जग्गाको स्वामित्व पन्चकृति मोलमा संस्था आफैले सकार गरि लिन सक्नेछ।
४) बोलपत्र स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ। बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोलेको दिन सोही स्थान र समयमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता या निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
५) स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिला खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, विभिन्न करहरु तथा अन्य शुल्क बोलपत्रदाताले नै व्यहोर्नू पर्नेछ।
६) बोलपत्र सदर बदर हुनु अगावै ऋणी ले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्र रद्द गरि विना ब्याज धरौटी रकम फिर्ता गरिनेछ। लिलाम बिक्रि हुने सम्पत्तिको विस्तृत जानकारीका लागि संस्थामा सम्पर्क राखी बुझ्न सकिनेछ।
७) अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति :२०८३/०४/१४**
**बोलपत्र खुल्ने मिती : २०८३/०४/१५**
**समय : विहान ११ बजे**
**लिलाम हुने स्थान : हिमशिखर बहुउद्देश्यीय सहकारी संस्था लि. को कार्यालय, गठ्ठाघर, भक्तपुर।**




## फिफा विश्वकप २०२६ :

# दक्षिण अफ्रिका र क्यानडाको ऐतिहासिक फड्को

**वाशिंगटन, (एजेन्सी)**

फिफा विश्वकप २०२६ मा अप्रत्याशित नतिजाहरू आउने क्रम जारी रहँदा दक्षिण अफ्रिका र क्यानडाले आ-आफ्नो फुटबल इतिहासमा अहिलेसम्मकै ठूलो सफलता हात पारेका छन्। बलिया प्रतिद्वन्द्वीहरूलाई पाखा लगाउँदै दुवै टोली पहिलोपटक विश्वकपको नकआउट चरण (अन्तिम ३२) मा प्रवेश गर्न सफल भएका हुन्।

जारी विश्वकपको समूह 'ए' अन्तर्गत भएको रोमाञ्चक भिडन्तमा एसियाली शक्ति राष्ट्र दक्षिण कोरियालाई १-० ले स्तब्ध पार्दै दक्षिण अफ्रिकाले इतिहास रचेको हो। दक्षिण अफ्रिकाको ऐतिहासिक जितमा दोस्रो हाफमा थपेलो मासेकोले गरेको एकमात्र गोल नै नकआउट चरणको यात्रा तय गर्न पर्याप्त बन्यो। यो जितसँगै ४ अंक जोडेर दक्षिण अफ्रिका समूहको दोस्रो स्थानमा रहँदै अघिल्लो चरण प्रवेश गऱ्यो। पराजित दक्षिण कोरिया ३ अंकमा रोकिँदै तेस्रो स्थानमा छ। यस समूहबाट सहआयोजक मेक्सिको तीनै खेल जित्दै यसअघि नै शीर्ष स्थानमा रहिसकेको छ भने कोरियाको सम्भावना अब उत्कृष्ट तेस्रो टोली बन्ने गणितमा टिकेको छ। सन् २०१० मा आफ्नै घरेलु मैदानमा समेत समूह चरण पार गर्न नसकेको र त्यसपछिका तीन संस्करण (२०१४, २०१८ र २०२२) मा छनोटसमेत हुन नसकेको दक्षिण अफ्रिकाका लागि यो उपलब्धि स्वर्णिम बनेको छ।



### हारका बाबजुद क्यानाडाको नयाँ इतिहास

समूह 'बी' मा सहआयोजक क्यानडाले पनि पहिलोपटक विश्वकपको समूह चरण पार गर्दै नयाँ इतिहास कायम गरेको छ। समूहको अन्तिम खेलमा स्विट्जरल्यान्डसँग २-१ ले पराजित भए पनि क्यानडा उपविजेताका रूपमा अन्तिम ३२ मा पुग्न सफल भयो। अर्को खेलमा बोस्निया र हर्जगोभिनाले कतारलाई २-१ ले हराएर क्यानडा समान ४ अंक बनाए पनि गोल भिन्नतामा क्यानाडा भाग्यमानी ठहरियो। क्यानाडालाई कतारविरुद्धको ६-० को फराकिलो जितले अगाडि बढाउन मुख्य भूमिका खेल्यो। अब नकआउट चरणमा क्यानाडाले समूह 'ए' को उपविजेता दक्षिण अफ्रिकाको सामना गर्नेछ।

### समूह "सी" बाट ब्राजिल र मोरक्को अन्तिम ३२ मा

उता समूह 'सी' को खेलमा पाँच पटकको च्याम्पियन ब्राजिलले स्कटल्यान्डलाई ३-० ले हराउँदै ७ अंकका साथ समूह विजेताको रूपमा नकआउटमा स्थान बनायो। ब्राजिलको जितमा भिनिसियस जुनियरले दुई र मथेउस कुन्हाले एक गोल गरे। चोटमुक्त हुँदै स्टार खेलाडी नेयमार मैदान फर्कनु ब्राजिलका लागि सुखद रह्यो। त्यस्तै, मोरक्कोले हाइटीमाथि ४-२ को रोमाञ्चक पुनरागमन जित निकाल्दै ७ अंकका साथ उपविजेता बन्दै अन्तिम ३२ को टिकट काटेको छ। लगातार हार व्यहोरेको हाइटी बाहिरिँदा स्कटल्यान्डको सम्भावना भने झिनो रूपमा बाँकी छ।

### दुई भन्दा बढी गोलकर्ता

५ गोल: लियोनल मेसी (अर्जेन्टिना)
४ गोल : अर्लिङ हालान्ड (नर्वे), भिनिसियस जुनियर (ब्राजिल), किलियन एम्बाप्पे (फ्रान्स)
३ गोल : म्याथ्युज कुन्हा (ब्राजिल), डेनिज उन्डाभ (जर्मनी), मान्जाबी (स्विट्जरल्यान्ड), डेभिड (क्यानाडा), साइबरी (मोरक्को),
२ गोल : क्रिस्टियानो रोनाल्डो (पोर्चुगल), हेरी केन (इंग्ल्यान्ड), मिकेल ओयारजाबाल (स्पेन), ब्रोबेरी (नेदरल्यान्ड्स), काइ हाभार्ज (जर्मनी)

## भीएआरको 'मौनता' ले खेल विवादको घेरामा

**वाशिंगटन, (एजेन्सी)**

विश्वकप फुटबलअन्तर्गत घानाविरुद्धको खेलमा गोलरहित बराबरीमा रोकिँदा दुवै टोलीका समर्थकहरू निराश त बनेका छन् नै, तर खेलको अन्तिम क्षणमा सिर्जित एक विवादले फुटबल जगत्मा नयाँ बहस छेडिदिएको छ।

मंगलवार राति भएको निकै प्रतिस्पर्धात्मक खेलको अन्तिम समयतिर घानाका मिडफिल्डर प्रिन्स अदु बल नियन्त्रणमा लिँदै इङ्ल्यान्डको पेनाल्टी बक्सभित्र निकै आक्रामक रूपमा प्रवेश गरेका थिए। सोही क्रममा इङ्ल्यान्डका डिफेन्डर एज्री कोन्साले उनलाई लडाएपछि मैदान एकाएक तातिएको थियो। भिडियो रिप्लेमा कोन्साले बललाई कतै नछोई सिधै अदुको घुँडामा प्रहार गरेको प्रस्ट देखिँदा देखिँदै पनि मैदानका मुख्य रेफ्रीले घानाको बलियो पेनाल्टी अपिललाई पूर्णत: खारेज गरिदिए, जसका कारण इङ्ल्यान्ड सम्भावित पराजयको ठूलो संकटबाट जोगिन सफल भयो। रेफ्रीको यो अप्रत्याशित निर्णयप्रति फुटबल विश्लेषकहरूले कडा आश्चर्य र असन्तुष्टि व्यक्त गरेका छन्।

## फिफा विश्वकपका केही रोचक कुरा

- जस्ट फन्टेनको ऐतिहासिक १३ गोल : सन् १९५८ को विश्वकपमा फ्रान्सेली स्ट्राइकर जस्ट फन्टेनले मात्र ६ खेलमा १३ गोल गरेर कीर्तिमान बनाएका थिए। आजका गोल्डेन बुट विजेताहरू यसको आधा संख्यासम्म पनि पुग्न गाह्रो पर्छ र अहिलेसम्म यो कीर्तिमान कसैले तोड्न सकेको छैन।
- गोल नखाईकनै स्विट्जरल्यान्ड बाहिरियो : सन् २००६ को विश्वकपमा स्विट्जरल्यान्ड एउटै पनि गोल नकाटी (क्लिन सिट राखेर) प्रतियोगिताबाट बाहिरिने पहिलो टोली बन्यो। रक्षात्मक रूपमा उत्कृष्ट रहे पनि उनीहरू अन्तिम १६ मा युक्रेनसँग पेनाल्टी सुटआउटमा पराजित भएका थिए।
- भिट्टोरियो पोजोको दोहोरो उपाधि : इटालीका भिट्टोरियो पोजो विश्वकपको इतिहासमा दुई पटक (१९३४ र १९३८ मा) उपाधि जित्ने एकमात्र म्यानेजर हुन्। झन्डै ९० वर्ष बितिसक्दा पनि यो कीर्तिमान कसैले बराबरी गर्न सकेको छैन।
- वाल्टर जेङ्गाको क्लिन सिट कीर्तिमान : विश्वकपमा लगातार सबैभन्दा धेरै समय गोल नखाई कीर्तिमान राख्ने श्रेय इटालीका गोलकिपर वाल्टर जेङ्गालाई जान्छ। उनले सन् १९९० को विश्वकपमा लगातार ५१७ मिनेटसम्म आफ्नो पोस्ट सुरक्षित राखेका थिए।
- ३२ वर्षपछिको दुर्लभ संयोग (बाबु र छोराको विश्वकप यात्रा) : सन् १९९४ को अमेरिका विश्वकपमा नर्वेका अल्फ-इन्गे हालान्ड, गोरान सोर्लोथ र एरिक थोर्सभेट खेलेका थिए तर समूह चरणबाटै बाहिरिए। ठीक ३२ वर्षपछि, २०२६ को अमेरिका विश्वकपमै तिनै तीन खेलाडीका छोराहरू (अर्लिङ हालान्ड, अलेक्जेन्डर सोर्लोथ र क्रिस्टियन थोर्सभेट) आफ्ना बुबाहरूको अधुरो सपना पूरा गर्न मैदानमा उत्रिएका छन्।

**MAK LUBRICANTS** प्लेयर्स टू वाच

## एम्बाप्पेको महायात्रामा नर्वेली पर्खाल




फिफा विश्वकप २०२६ मा फ्रान्सको आक्रमणको नेतृत्व गरिरहेका सनसनीपूर्ण किलियन एम्बाप्पे मैदानमा विपक्षी डिफेन्डरहरूका लागि दु:स्वप्न सावित हुँदै फ्रान्सेली फुटबलको एउटा अजम्बरी इतिहास बनिसकेका छन्। एम्बाप्पेले जारी प्रतियोगितामा सेनेगलविरुद्ध उत्कृष्ट दुई गोल र इराकविरुद्ध सानदार प्रदर्शन गर्दै आफ्नो विश्वकप गोलसंख्या १६ पुऱ्याइसकेका छन्। मैदानको बीचभागबाट विश्वस्तरीय गति, सटिक फिनिसिङ र सन्तुलित प्लेमेकिङ कलाको घातक सम्मिश्रण पस्कने एम्बाप्पे गोल्डेन बुटका लागि नर्वेका अर्लिङ हालान्ड र अर्जेन्टिनाका लियोनेल मेसीसँग कडा प्रतिस्पर्धामा छन्। काउन्टर अट्याकमा आफ्नो तीव्र गतिको भरपुर फाइदा उठाउँदै पेनाल्टी बक्सभित्र गोलका सुनौला अवसरहरू सिर्जना गर्न खप्पिस एम्बाप्पे अब समूह चरणको अन्तिम रोमाञ्चक खेलमा नर्वेको बलियो रक्षापंक्तिलाई ध्वस्त पार्न तयार छन्। फ्रान्स र नर्वेबीचको यो महाभिडन्त केवल दुई टोलीको लडाईंमात्र नभएर विश्वकै उत्कृष्ट फरवार्डहरू एम्बाप्पे र हालान्डबीच गोल्डेन बुट हात पार्न खेलिने एउटा महासंग्राम हुनेछ, जहाँ एम्बाप्पेको जादुमयी लय फ्रान्सका लागि निर्णायक बन्ने निश्चित छ।




### टर्कीविरुद्ध अमेरिका
*(असार १२ गते शुक्रवार बिहान ७:४५)*

अमेरिका लगातार दुई खेलमा जित हासिल गर्दै पहिले नै अन्तिम ३२ मा पुगिसकेको छ। यसको बावजुद सहआयोजकको लागि यो खेल लगातार तेस्रो जित निकाल्ने लक्ष्य हुनेछ। अमेरिकाले अघिल्ला दुई खेलमा पाराग्वे र अस्ट्रेलियाविरुद्ध सानदार जित निकालेको थियो। यो नतिजाले के देखाउँछ भने अमेरिका अर्को जित हासिल गर्न पनि सक्षम हुनेछ। उता, टर्कीको लागि प्रतिष्ठाको खेल हुनेछ। अमेरिकाविरुद्ध जित हासिल गरेर उनीहरू घर फर्कन चाहन्छन्। त्यसो त यसअघिका दुवै खेलमा राम्रो प्रदर्शन गरे पनि गोल भने गर्न सकेन। तथ्यांकअनुसार टर्कीले यी दुवै खेलमा गरी ६२ सट हानेको थियो। तर, हातमा लाग्यो शून्य नै भयो। टर्कीले यो खेल जिते पनि अन्तिममा पर्नेछ। टर्की पाराग्वे र अमेरिकासँग पराजित भएको हुनाले अहिलेको नियमअनुसार हेड टु हेडमा पछाडि नै हुनेछ।

### पाराग्वेविरुद्ध अस्ट्रेलिया
*(असार १२ गते शुक्रवार बिहान ७:४५)*

पाराग्वे र अस्ट्रेलियाबीच भने कडा प्रतिस्पर्धा हुनेमा कुनै शंका हुँदैन। दुवै टोली एक जित र एक हारको नतिजापछि निर्णायक खेल खेल्दैछन्। जित्ने टोली नकआउटमा सीधै पुग्नेछ भने हार्ने टोली भने उत्कृष्ट तेस्रोमा पर्ने वा नपर्ने द्विविधामा रहनेछ। अघिल्लो खेलको आधार लिने हो भने अस्ट्रेलियाले टर्कीलाई २-० ले हराएर प्रतियोगितामा राम्रो सुरुआत गरेको थियो। तर, दोस्रो खेलमै पराजित हुन पुग्दा अस्ट्रेलिया टोलीको प्रदर्शन राम्रो देखिएन। उता, पाराग्वे भने अमेरिकासँग अप्रत्यासित रुपमा ४-१ ले पराजित भएको थियो। जुन नतिजा कसैले पनि अपेक्षा गरेका थिएनन्। दोस्रो खेलमा पनि पाराग्वेको प्रदर्शन निकै दबाबमा देखिएको थियो। यद्यपि त्यो खेल १-० ले जितेको थियो। तर, यस खेलमा टर्कीबाट धेरै एट्याक भएको थियो। यसमा पाराग्वे भाग्यमानी नै ठहरियो र महत्वपूर्ण तीन अंक जोड्यो पनि।

### नर्वेविरुद्ध फ्रान्स
*(असार १२ गते शुक्रवार राति १२:४५)*

यो खेल समूह चरणकै उत्कृष्ट खेल हुने सबैबाट अपेक्षा गरिएको छ। नर्वे र फ्रान्स दुवै टोली लगातार दुई जित हात पार्दै पहिले नै नकआउटमा पुगेको हुनाले यो खेल प्रतिस्पर्धात्मक हुनेछ। किनभने दुवै टोलीले यस खेलमा विनादबाब खेल्नेछन्। अर्को यो खेलको मुख्य आकर्षक भनेको वर्तमान सुपरस्टार खेलाडीहरू केलियन एम्बाप्पे र अर्लिङ हालान्डबीचको प्रतिस्पर्धा हो। प्रदर्शनमा को कति सफल हुने भन्ने पनि यो खेलबाट निर्क्योल निस्कनेछ। अर्को फेरि दुवै जनाले यो प्रतियोगितामा ४/४ गोल गरेका छन्। यस आधारमा यो खेलमा पनि यी दुवैले कति गोल गर्नेछन् भन्ने पनि दर्शकहरूप्रति खुल्दुली हुनेछ।

### सेनेगलविरुद्ध इराक
*(असार १२ गते शुक्रवार राति १२:४५)*

यो खेलमा जित हासिल गर्ने टोली उत्कृष्ट तेस्रो स्थानमा पर्ने सम्भावनामा हुनेछ। दुवै टोलीको एउटै लक्ष्य जितले प्रतियोगिता समाप्त गर्ने हुनेछ। अफ्रिकाको उत्कृष्ट टोलीमा गनिने सेनेगलको प्रदर्शन यस विश्वकपमा खासै देखिएन। समूहमै फ्रान्स र नर्वेजस्ता बलिया टोलीसँग खेल्नु परेकोले सेनेगलको लागि केही पनि सकारात्मक नतिजा निस्कन सकेन। हुन त केही राम्रो खेल नर्वेविरुद्ध देखायो। यदि, यो खेलभन्दा अलि माथि उठेर खेल्ने हो भने इराकलाई हराउन सकिनेछ। जितले सेनेगलको लागि अन्तिम ३२ को सम्भावना बन्न पनि सक्नेछ। तर, इराकको पनि त्यही हालत छ। पहिलो दुई खेलमा तगडा टोलीसँग खेल्नु पर्दा कुल ७ गोल बेहोर्नु पऱ्यो। सेनेगललाई हराए पनि गोल भिन्नतामा माइनस हुन जानेछ। यसैले इराकको लागि उत्कृष्ट तेस्रो टोलीमा पर्न पनि भाग्यकै भर हुनेछ।

| समूह एच | समूह जी | समूह एल | समूह के |
|---|---|---|---|
| असार १३ गते शनिवार बिहान ५:४५ | असार १३ गते शनिवार बिहान ८:४५ | असार १४ गते आइतबार बिहान २:४५ | असार १४ गते आइतबार बिहान ५:१५ |
| उरुग्वे विरुद्ध स्पेन | न्युजिल्यान्डविरुद्ध बेल्जियम | पानामाविरुद्ध इङल्यान्ड | कोलम्बियाविरुद्ध पोर्चुगल |
| केप भर्डेविरुद्ध साउदी अरेबिया | इजिप्टविरुद्ध इरान | क्रोएसियाविरुद्ध घाना | डीआर कंगोविरुद्ध उज्वेकिस्तान |

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ